# परिच्छेद : एक
# शोधपत्रको परिचय

## १.१ विषय परिचय

नेपाली साहित्यमा सुलोचना मानन्धर धिताल (वि.सं. २०११) ले नेपाली साहित्य तथा नेवारी साहित्यमा आफ्नो व्यक्तित्वलाई विस्तार गरेकी छन् । साहित्य क्षेत्रमा उनको उपस्थिति कवि र निबन्धकारका रूपमा रहेको देखिन्छ । धितालका हालसम्म **अनुभूतिका थोपाहरू** (२०६०) कविता सङ्ग्रह, **इतिहासका ज्यूँदा पानाहरू** (२०६०) र **तेजोऽसि** (२०६५) निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । समसामयिक धारामा कलम चलाउने धितालले आफ्ना साहित्यिक कृतिहरूमा समसामयिक विषय, घटना, र समसामयिक विचारको प्रस्तुतिलाई महत्त्व दिएको पाइन्छ । साहित्यका अतिरिक्त उनको व्यक्तिव्त समाजसेवा र अन्य शैक्षिक प्राज्ञिक क्षेत्रमा पनि महत्त्वपूर्ण रुपमा विकसित भएको पाइन्छ । यस सन्दर्भमा उनको साहित्यिक व्यक्तित्व, कृतित्व र अन्य व्यक्तित्वको अन्तरसम्बन्ध र विशिष्टताको निरुपण गर्नु वाञ्छनीय हुन्छ । यस अध्ययनमा **सुलोचना मानन्धर धितालको जीवनी, व्यक्तित्व र कृतित्व**को अध्ययन गरी निष्कर्षमा पुग्ने उद्देश्य राखिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधकार्यका समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) सुलोचना मानन्धर धितालको जीवनी के कस्तो रहेको छ ?

(ख) सुलोचना मानन्धर धितालको व्यक्तित्व के कस्तो रहेको छ ?

(ग) सुलोचना मानन्धर धितालको साहित्यिक कृतिहरू केकति र केकस्ता रहेका छन् ?

## १.३ उद्देश्य कथन

प्रस्तुत शोधकार्यका उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) सुलोचना मानन्धर धितालको जीवनीको अनुशीलन गर्ने,

(ख) सुलोचना मानन्धर धितालको व्यक्तित्व अध्ययन गर्ने,

(ग) सुलोचना मानन्धर धितालका साहित्यिक कृतिहरूको सर्वेक्षण , विश्लेषण र मूल्याङ्कन गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार सुलोचना मानन्धर धितालका बारेमा कतिपय लेखकहरूले सामान्य चर्चा गरेको पाइए तापनि यस सम्बन्धमा समग्र अध्ययन भएको पाइँदैन् । विस्तृत रुपमा यिनका रचनाहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी नेपाली साहित्यको ऐतिहासिक स्थान परम्परामा व्यक्ति प्रतिभाको  निर्धारण गरी उनले दिएको योगदानको अध्ययन गर्ने काम पनि हुन सकेको छैन । त्यसो त हालसम्म केही लेखक एवम् समीक्षकहरूले यिनका बारेमा टिका–टिप्पणी  नगरेका पनि होइनन् तर हालसम्म यिनका बारेमा जेजति अध्ययन भएको छ, सो अध्ययन केवल सामान्य परिचयात्मक एवम् जानकारीमूलक मात्र देखिन्छ । तसर्थ उनका बारेमा हालसम्म जेजति अध्ययन भएका छन्, यहाँ ती अध्ययनहरूको कालक्रमिक रुपमा समीक्षात्मक प्रस्तुति गरिएको छ :

मञ्जुल (२०६०) ले **जुन मुस्कानले छोयो भने** भन्ने शीर्षकमा **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहको भूमिका लेखनका क्रममा साहित्यकार सुलोचना मानन्धर धितालको पारिवारिक पृष्ठभूमि, व्यक्तित्व र साहित्य लेखनका सम्बन्धमा सामान्य चर्चा गरेका छन् । यस क्रममा उनले साहित्यकार सुलोचना मानन्धर धितालले सङ्घर्षशील जीवन भोगेको र त्यही जीवनलाई नै कवितामा प्रस्तुत गर्न सफल भएको तर्क राखेका छन् । यस अध्ययनमा साहित्यकार धितालका बारेमा अति सामान्य टिप्पणी मात्र प्रस्तुत गरिएको पाइन्छ ।

लामिछाने (२०६०) ले प्रकाशकीय शीर्षकमा **इतिहासका ज्यूँदा पानाहरू** निबन्ध सङ्ग्रहमा साहित्यकार सुलोचना मानन्धर धितालको साहित्यिक व्यक्तित्वका बारेमा सामान्य चर्चा गरेका छन् । यस क्रममा उनले **इतिहासका ज्यूँदा पानाहरू** निबन्ध सङ्ग्रहमा प्रकाशित निबन्धहरूले वृद्धवृद्धाका पक्षमा आवाज उठाएका छन् र पाका उमेरमा उनीहरूको जीवन सक्रिय, सरल र सुखमय बनाउनकै लागि नै धितालले निबन्धहरू लेखेकी हुन् भन्ने विचार लामिछानेले राखेका छन् ।

श्रेष्ठ (२०६५) ले **तेजोऽसि**(२०६५) को भूमिका अन्तर्गत साहित्यकार सुलोचना मानन्धर धितालको साहित्यिक यात्रा र लेखनका बारेमा सामान्य टिप्पणी प्रस्तुत गरेका छन् । भूमिका लेखनका क्रममा श्रेष्ठले धितालको परिवर्तित व्यक्तित्वको चर्चा गरेका छन् । हिजो मसाल बोकेर बाहिर कुद्ने सुलोचना आज पूजा सामान लिएर मन्दिर पस्छिन् भन्दै उनको आचरणमा आएको परिवर्तनलाई प्रस्ट पारेका छन् । यस सन्दर्भमा साम्प्रदायिक सङ्कीर्णता निमिट्यान्न पार्न **तेजोऽसि** मा सङ्कलित निबन्धहरूले तरबारको काम गर्छन् भन्ने दृष्टिकोण श्रेष्ठको रहेको छ । यस टिप्पणीमा पनि साहित्यकार सुलोचना मानन्धर धितालको **जीवनी , व्यक्तित्व र**

**कृतित्व**को विस्तृत अध्ययन हुन सकेको छैन । यो पनि अति सङ्क्षिप्त टिप्पणीका रूपमा देखा परेको छ ।

साहित्यकार सुलोचना मानन्धर धितालको **जीवनी, व्यक्तित्व र कृतित्व**का बारेमा खासै चर्चा-परिचर्चा र अध्ययन विश्लेषण भएको पूर्णकार्य पाइँदैन । उनका कृतिहरूमा समालोचकीय दृष्टि पर्न नसकेको कुरा पूर्वकार्यको समीक्षाबाट प्राप्त हुन्छ । भूमिका लेखनका क्रममा उनका बारेमा सामान्य टिप्पणी मात्र प्रस्तुत भएको कुरा पूर्वकार्यको अध्ययनबाट थाहा हुन्छ । यस सन्दर्भमा सामान्य टिप्ष्णीका भरमा उनका बारेको अध्ययनलाई सम्पूर्ण रूपमा अध्ययन मान्न सकिँदैन । त्यसैले **साहित्यकार सुलोचना मानन्धर धितालको जीवनी, व्यक्तित्व र कृतित्व**का विभिन्न पक्षहरूको अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने उद्देश्य यस अध्ययनमा रहेको छ ।

## १.५ शोधकार्यको औचित्य

निरन्तर रूपमा नेपाली साहित्यको सेवामा लागी परेकी सुलोचना मानन्धर धितालका विषयमा फुटकर रूपमा सामान्य चर्चा र समीक्षा बाहेक व्यवस्थित अध्ययन-अनुसन्धान भएको छैन । त्यसैले प्रस्तुत शोध उनका विषयमा सर्वप्रथम गरिएको व्यवस्थित अध्ययन हुनाले उनको साहित्यिक योगदानको मूल्याङ्कन पनि हुने र उनका बारेमा अध्ययन -अनुसन्धान गर्न चाहने भावी अध्येताहरूलाई समेत लाभ पुग्नेछ । तसर्थ साहित्यकार **सुलोचना मानन्धर धितालको जीवनी, व्यक्तित्व र कृतित्व**को व्यवस्थित अध्ययनको  औचित्य रहेको कुरा स्पष्ट हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस शोधपत्रमा **सुलोचना मानन्धर धितालको जीवनी, व्यक्तित्व र कृतित्व**को समग्र अध्ययन गर्दै उनका हालसम्म प्रकाशित कृतिहरूको मोटामोटी रूपमा जानकारी दिँदै प्रवृत्तिगत रूपमा विश्लेषण गर्ने जमर्को गरिएको छ । विशेषतः **सुलोचना मानन्धर धितालको जीवनी, व्यक्तित्व र कृतित्व**को अध्ययनमा नै प्रस्तुत शोधकार्य सीमित रहेको छ । यद्यपि धितालले नेपाली साहित्य बाहेक अन्य भाषामा समेत कलम चलाएकी छन् । तापनि यस अध्ययनमा उनका अन्य भाषामा प्रकाशित कृतिहरूको अध्ययन नगरी नेपाली भाषामा प्रकाशित कृतिहरूको मात्र अध्ययन र विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्य जीवनीपरक अध्ययन भएकाले कृतिको विश्लेषण गर्दा सैद्धान्तिक आधारबाट नगरी सामान्य एवम् परिचयात्मक ढाँचामा गरिएको छ र यो पनि प्रस्तुत शोधकार्यको सीमा हो ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

सामग्री सङ्कलन र शोधविधिको सन्दर्भमा प्रस्तुत शोधको ढाँचा र सैद्धान्तिक आधार तल उल्लेख गरिए बमोजिम रहेको छ ।

### १.७.१ शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा पुस्तकालयीय अध्ययन विधिका आधारमा नै सम्बन्धित पुस्तक र पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । शोधनायिका जीवितै भएकीले उनीसँगको प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिनुका साथै सम्बन्धित विषयका विशेषज्ञ र जानकार व्यक्तित्वबाट पनि शोधकार्यका लागि सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२. अध्ययनको सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने सिलसिलामा सङ्कलित सामग्रीहरूलाई वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धतिले अध्ययन गरिएको छ । यस क्रममा जीवनी, व्यक्तित्वको अध्ययनका लागि जीवनीपरक समालोचना प्रणालीले देखाएका मानक सिद्धान्तलाई आधार बनाइएको छ भने कृतित्व पक्षको अध्ययनका लागि समीक्षात्मक एवम् विश्लेषणात्मक पद्धति अवलम्बन गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस अध्ययनलाई आवश्यकताअनुसार स-साना शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गर्नुका साथै मोटामोटी रूपमा निम्नानुसार पाँच परिच्छेदमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : सुलोचना मानन्धर धितालको जीवनी

परिच्छेद तीन : सुलोचना मानन्धर धितालको व्यक्तित्व

परिच्छेद चार : सुलोचना मानन्धर धितालको कृतित्व अध्ययन

परिच्छेद पाँच : उपसंहार : सारांश तथा निष्कर्ष

**सन्दर्भ सूची**

# परिच्छेद - दुई
# सुलोचना मानन्धर धितालको जीवनी

## २.१ जीवनीका प्रमुख पक्ष

सुलोचना मानन्धर धिताल साहित्यका क्षेत्रमा सिर्जनात्मक योगदान गर्ने व्यक्तित्व हुन् । उनले नेपाली साहित्यका कविता, निबन्ध, संस्मरण तथा समालोचनाका क्षेत्रमा योगदान पुऱ्याएकी छन् । साथै नेपाली भाषाबाहेक नेपाल (नेवारी) तथा चिनियाँ भाषाका क्षेत्रमा पनि उनको योगदान रहेको छ । कुनै पनि साहित्यकारको आफ्नो जीवनी र उसका कृतिका बीचमा अन्तरसम्बन्ध रहेको हुन्छ । साहित्यकारका कृतिको अध्ययन विश्लेषणका क्रममा उसको जीवनीको अध्ययनले सहयोग पुऱ्याउँछ । यस सन्दर्भमा सुलोचना मानन्धर धितालको साहित्यिक यात्रा र उनका कृतिहरूको अध्ययन विश्लेषणका निम्ति उनको जीवनीको अध्ययन उपयुक्त हुन्छ । यस सन्दर्भमा यस अध्ययनमा जन्मकालदेखि हालसम्मको उनको जीवनीका विभिन्न पक्षहरूको जीवनीपरक अध्ययन गरिएको छ ।

### २.१.१ जन्म तथा पारिवारिक पृष्ठभूमि

सुलोचना मानन्धर धितालको जन्म पिता पद्मदेव र माता चन्द्रमायाका कोखबाट काठमाडौंको भ्मौंछेमा वि.सं. २०११ साल फाल्गुन २९ गते भएको हो । उनको न्वारनको नाम पूर्णतारा मानन्धर हो । यिनी आफ्ना पितामाताका तेस्रो अथवा कान्छी सन्तान हुन् । उनका सुदर्शना मानन्धर र पद्मा मानन्धर गरी दुई दिदीहरू छन् भने दाजुभाइहरू भने छैनन् । सुलोचना मानन्धर धिताल निम्न मध्यम वर्गीय परिवारमा जन्मिएकी हुन् । वि.सं. २०१२ सालमा उनका पिता पद्मदेव मानन्धरको असामयिक निधन भएपछि भने उनको जीवनमा निकै अप्ठ्यारो परिस्थितिको सिर्जना भएको देखिन्छ । परिवारको मुख्य व्यक्तिको असामयिक निधन भएपछि परिवारको आर्थिक स्थिति पनि बिग्रँदै गएकाले जीविकोपार्जनको क्रममा उनको परिवारले ठूलो चुनौतीको सामना गर्नु परेको देखिन्छ । पिताको असामयिक निधनपछि सुलोचना आमा चन्द्रमाया मानन्धरकै लालनपालनमा हुर्किएकी हुन् । जस्तोसुकै कठिन अवस्थामा पनि धैर्य गर्न सक्ने र आँटिलो स्वभावका कारण विचलित नभई आमा चन्द्रमायाले आफ्ना तीन सन्तानको  लालनपालन र सम्पूर्ण अभिभारा लिई हुर्काइ बढाइ गरेको देखिन्छ । उनकी माता चन्द्रमाया हाल ८२ वर्षकी छिन् । यो उमेरमा पनि एउटा अभिभावकको पूर्ण जिम्मेवारी बहन गर्ने सामर्थ्य उनमा देखिन्छ । हाल उनी माइली छोरी पद्मा मानन्धरसँग काठमाडौंको

पकनाजोलमा बस्दै आएकी छिन् (शोध नायिकाबाट प्राप्त जानकारी) । उनको जीवन अहिले सामान्यतया सहज रूपमा नै बितेको देखिन्छ ।

## २.१.२ बाल्यकाल

पिताको असामयिक निधनका कारण सुलोचना मानन्धर धितालको बाल्यकालीन अवस्था भने सुखद् रहेन । पिताको मृत्यु हुँदा यिनी आठ महिनाकी मात्र थिइन् । त्यसैले आफ्नो पिताको माया, ममता र अभिभावकत्वबाट यिनी वञ्चित हुन पुगिन् । यस क्रममा आफ्नी आमाबाट नै यिनले पिताको माया , ममता, अशीर्वाद र अभिभावकत्व प्राप्त गरिन् । पारिवारिक आम्दानीको स्रोत नभएका कारण उनकी आमालाई छोराछोरीको पालनपोषणका लागि निकै कठिनाइ थियो । त्यसैले यिनले पनि त्यसको प्रत्यक्ष प्रभाव भोग्नु परेको देखिन्छ । आर्थिक कठिनाइकै कारण बाल्यकालीन शिक्षा-दीक्षामा पनि निकै अप्ठ्यारो स्थिति उत्पन्न भएको देखिन्छ ।

सुलोचना मानन्धर धिताल सानैदेखि गम्भीर तर जिज्ञासु स्वभावकी थिइन् । साहित्यप्रति पनि यिनको सानैदेखि रुचि थियो । प्रारम्भिक अनौपचारिक शिक्षा उनले आफ्नै घरायसी वातावरणबाट प्राप्त गरेकी हुन् । आफ्नो जिज्ञासु स्वभाव र अध्ययनप्रतिको तीव्र रुचिका कारण घरका अग्रज सदस्यहरूबाट यिनले प्रारम्भिक शिक्षा हासिल गरेकी हुन् । (शोध नायिकाबाट प्राप्त जानकारी) । यिनको औपचारिक शिक्षा आरम्भ भने वि.सं २०१७ सालबाट भएको हो । विद्यालयको प्राथमिक तहको अध्ययनका क्रममा नै यिनको अतिरिक्त क्रियाकलापप्रतिको रुचि अधिक रहेको देखिन्छ । गीत गाउने, अभिनय गर्ने तथा विभिन्न प्रतियोगितामा भाग लिएर आफ्नो प्रतिभाको प्रदर्शन गर्ने काम उनले बाल्यकालीन अवस्थामा नै गरेको देखिन्छ । बाल्यकालीन अवस्थामै पनि यिनमा नेतृत्वदायी क्षमता थियो । साथीसँगीसँग समूहमा हिँड्दासमेत आफूलाई नेतृत्वकर्ताका रूपमा उभ्याउने र अरुभन्दा आफूलाई पृथक् सिद्ध गर्ने स्वभाव उनमा रहेको देखिन्छ (चन्द्रमाया मानान्धरबाट प्राप्त जानकारी) ।

## २.१.३ शिक्षादीक्षा

सुलोचना मानन्धर धितालले प्रारम्भिक अनौपचारिक शिक्षा भने काठमाडौं भ्होंछे स्थित आफ्नै घरपरिवारबाट प्राप्त गरेकी हुन् । उनको औपचारिक शिक्षा भने आफ्नै घर नजिकको विद्योदय प्राथमिक विद्यालयमा वि.सं. २०१७ सालमा कक्षा एकमा भर्ना भएपछि आरम्भ भएको हो । उनको प्राथमिक शिक्षा आफ्नी आमा र फुपूको रेखदेख र संरक्षणमा सम्पन्न भएको हो । उनले यही विद्यालयबाट कक्षा पाँचसम्मको अध्ययन पूरा गरेकी हुन् ।

सुलोचना मानान्धर धितालले निम्नमाध्यमिक तथा माध्यमिक तहको अध्ययन भने नेपाल आदर्श विद्याश्रम काठमाडौं गणबहालबाट पूरा गरेकी हुन् । उनले यही विद्यालयबाट वि.सं. २०२९ सालमा प्रवेशिका उत्तीर्ण गरिन् । यिनले रत्नराज्यलक्ष्मी क्याम्पस काठमाडौंबाट वि.सं. २०४१ मा आइ. ए. उत्तीर्ण गरिन् भने विं.सं. २०४९ मा महेन्द्ररत्न क्याम्पस ताहचल काठमाडौंबाट स्नातक (बी.एड.) पूरा गरेकी हुन् । त्यस्तै वि.सं. २०५३ मा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट नेपाल भाषा (नेवारी) मा उनले स्नातकोत्तर उत्तीर्ण गरिन् । अध्ययनकै क्रममा वि.सं. २०४७ मा उनले चीनको East China Normal University बाट चिनियाँ भाषामा स्नातक पनि गरेकी छन् ।

सुलोचना मानन्धर धितालको औपचारिक अध्ययन यतिमा सकिए पनि उनले स्वाध्ययनबाट विभिन्न विषय र क्षेत्रको ज्ञान हासिल गरेकी छिन् । उनकी हजुरआमा तिब्बती, पाली, नेवारीलगायतका भाषाहरूकी ज्ञाता भएका कारण हजुरआमाबाटै उनले विभिन्न भाषा सिक्ने मौका पाइन् (शोध नायिकाबाट प्राप्त जानकारी) । अध्ययनप्रतिको आफ्नो लगाव, रुचि र जिज्ञासु स्वभावका कारण विश्वका विभिन्न दार्शनिक, विचारक, साहित्यकार र उनीहरूका कृतिहरूको अध्ययनबाट मानान्धरले आफ्नो व्यक्तित्वलाई फराकिलो बनाएकी छन् । उनी नेपाली, अङ्ग्रेजी, नेवारी, हिन्दी, चिनियाँ भाषाकी ज्ञाता देखिन्छिन् ।

## २.१.४ वैवाहिक जीवन तथा सन्तान

सुलोचना मानन्धर धिताल सुरुमा गम्भीर स्वभावकी भए पनि पछि भने उनी विद्रोही बन्न पुगिन् । प्रेम तथा अन्तरजातीय विवाहलाई मान्यता नदिने हाम्रो सङ्कुचित समाजका विरुद्ध उनले विवाहका सन्दर्भमा विद्रोह नै गर्नुपर्‍यो। यिनले राजनीतिक जीवनमा परिचित साथी डा. सरोज धितालसँगको प्रेम सम्बन्धलाई अन्ततः विवाहमा परिणत गरेकी हुन् । प्रेम तथा अन्तरजातीय सम्बन्ध भएका कारण सुरुमा परिवार तथा समाजले स्वीकृत नगरे पनि परिवार तथा समाजका विरुद्धको उनको विद्रोहले अन्ततः सहमतिमै हिन्दू परम्पराअनुसार उनको विवाह वि.सं २०३८ सालमा भएको हो । उनको दाम्पत्य जीवन अहिले सफलरूपमा अगाडि बढिरहेको देखिन्छ । उनका डा. रोलिना मानन्धर र आभा मानन्धर गरी सन्तानका रूपमा दुई छोरीहरू छन् । छोरी डा. रोलिना मानन्धर अहिले अध्ययनका क्रममा जापानमा विद्यावारिधि (पीएच. डी.) गर्दै छिन् भने कान्छी छारी आभा काठमाडौंमा स्नातक अध्ययनरत छिन् । यिनका पति डा.सरोज धिताल चीनबाट एम. बि. बि. एस. पूरा गरी काठमाडौं मोडल अस्पताल (Phect Nepal) मा कार्यरत छन्। उनी त्यस अस्पतालका संस्थापक पनि हुन् ।

## २.१.५ आर्थिक अवस्था

सुलोचना मानन्धर धितालले आफ्नो जन्मभूमिलाई नै कर्मभूमि पनि बनाएकी छन् । काठमाडौंमै जन्मी हुर्केकी धितालले काठमाडौंमै रहेर साहित्य सिर्जनालाई निरन्तरता दिएकी हुन् भने उनले आफूलाई यहीँ बसेर समाजसेवाका क्षेत्रमा पनि उभ्याएकी छन् । बाल्यकालीन जीवन आर्थिक अभाव र पीडामा बिते पनि वैवाहिक जीवनपछिको घरायसी जीवन भने धितालको सुखद रूपमा नै बितेको देखिन्छ । आफ्नो परिवार, जागिर, समाजसेवा, अध्ययन र साहित्य साधनालाई सन्तुलित गर्दै सबै क्षेत्रमा आफ्नो कर्तव्यमा दृढ रहँदै अघि बढिरहेकी सुलोचना मानन्धर धितालको हालको आर्थिक अवस्था भने सन्तोषजनक रहेको पाइन्छ । सबै क्षेत्रमा जीवनलाई सन्तुलित ढङ्गले प्रस्तुत गर्न सक्ने खुबी नै उनको जीवनको सफलताको कारक हो । उनको सुदृढ हुँदै गएको आर्थिक अवस्थाको कारक पनि यसैलाई मान्न सकिन्छ । धितालले जागिरे जीवनका रूपमा विश्वभाषा क्याम्पसमा (वि.सं.२०५१-२०६३) बाह्र वर्ष चिनियाँ भाषामा प्राध्यापन गरेकी हुन् । यसबाट पनि धितालललाई परिवार चलाउन सहज भएको देखिन्छ भने पति डा. सरोज धितालको जागिरको आम्दानी पनि परिवार चलाउने स्रोतका रूपमा देखापरेको पाइन्छ । हाल धितालको सपरिवार ललितपुरको गोदावरी स्थित निजी निवासमा बसिरहेको छ ।

## २.१.६ साहित्यिक प्रेरणा र प्रभाव

सुलोचना मानन्धर धिताल बाल्यकालदेखि नै भावुक, कल्पनाशील  र एकान्तप्रेमी भएका कारण आफू वरपरको प्राकृतिक वातावरणले उनलाई चाँडै प्रभावित पार्दथ्यो । उनका साहित्यिक कृतिहरूमा आफूले अनुभूत गरेका प्राकृतिक, सामाजिक, आर्थिक तथा राजनैतिक पक्षहरूले नै महत्व प्राप्त गरेको कुराबाट यसको पुष्टि हुन्छ । उनका साहित्यिक कृतिहरूमा कतिपय ठाउँहरूमा उनी निकै भावुक भएर प्रस्तुत भएकी छिन् । धितालको साहित्यिक प्रेरणाको रूपमा पिता पद्मदेव मानन्धरको भूमिका महत्वपूर्ण रहेको देखिन्छ । आफ्ना पितालाई उनले राम्ररी देख्न र बुझ्न नपाए पनि पिताले सङ्कलन गरेर राखेका थुप्रै पुस्तकहरू धितालका निम्ति प्रेरणाका स्रोत बने । तिनै पुस्तकहरूबाट नै उनले साहित्यलाई बझ्ने र बुझाउने अवसर प्राप्त गरिन् । यस क्रममा लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, श्यामप्रसाद शर्माका साहित्यिक लेखन र जीवनीबाट उनी प्रभावित देखिन्छिन् । त्यस्तै चेखव, प्रेमचन्द, मार्क्स, लु सुन आदिका दार्शनिक विचार र साहित्यिक कृतिहरूको प्रभाव पनि उनमा परेको देखिन्छ । अङ्ग्रेजी, हिन्दी, रुसी, चिनियाँ आदि साहित्य  र भाषाको स्वाध्ययनबाट पनि धितालले प्रेरणा र प्रभाव ग्रहण गरेकी छन् । विभिन्न समयमा पाठकवर्ग तथा संघसंस्थाबाट प्राप्त हौसला तथा सम्मानले पनि

धिताललाई आफ्नो साहित्यिक यात्रालाई नीरवच्छिन्नरूपमा साहित्यमा क्रियाशील हुन ठूलो उत्प्रेरणा प्राप्त भएको देखिन्छ ।

## २.१.७ साहित्यिक जीवनमा प्रवेश

सुलोचना मानन्धर धिताल सानैदेखि साहित्यमा समर्पित भए पनि औपचारिक रूपमा भने उनको साहित्यिक लेखनको आरम्भ वि.सं. २०३१ बाट भएको हो । वि.सं. २०३१ सालमा **नारी** शीर्षकको कविता **सुस्केरा** मासिक पत्रिकामा प्रकाशित भएपछि उनको साहित्यिक यात्रा प्रारम्भ भएको हो । राजनीतिमा पनि सक्रियरूपमा आफ्नो उपस्थिति रुचाउने धिताल मार्क्सवादी र नारीवादी दर्शनबाट प्रभावित छिन् । त्यसैले उनका आफ्ना प्रारम्भिक लेखनमा यी दुवै दर्शनको प्रभाव प्रस्टै देखिन्छ । यिनी साहित्यका क्षेत्रमा प्रथमतः निबन्धकार हुन् भने त्यसपछि कवि । उनले पत्रपत्रिका तथा सङ्ग्रहका रूपमा नै पनि थुप्रै लेख-रचना तथा संस्मरणहरू प्रकाशित गरेकी छन् । तिनमा निबन्धात्मक विशेषता पाइने हुनाले ती निबन्धका नजिक छन् । नेपाली भाषाबाहेक नेवारी भाषामा समेत उनले कलम चलाएकी छन् । सङ्ग्रहका रूपमा भने वि.सं. २०६०(सन् २००३) मा प्रकाशित **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रह उनको पहिलो कृति हो । त्यसपछि उनका **इतिहासका ज्यूँदा पानाहरू** (निबन्ध सङ्ग्रह, वि.सं. २०६०), **तेजोऽसि** (श्रद्धा संस्मरण, वि.सं २०६५) कृतिहरू प्रकाशित छन् । त्यस्तै नेवारी भाषामा लेखिएको **अबुया लुमन्ति** (संस्मरण, वि.सं. २०५६), **झ्यारखाना** (कथा सङ्ग्रह, वि.सं. २०५४) प्रकाशित छन् । उनको नेवारी भाषामा लेखिएको **तुंता** कथामा नेवारी चलचित्र निर्माण भएको छ । त्यस्तै सहलेखनका रूपमा उनको Chines conversation of Basic words को समेत प्रकाशन भएको पाइन्छ । उनको **अनुभूतिका थोपाहरू**को श्रव्यदृश्य संस्करण पनि उपलब्ध छ । हाल उनी साहित्य लेखनमा निरन्तर क्रियाशील रहेकी छन् ।

## २.१.८ रुचि तथा स्वभाव

मान्छेको रुचि तथा स्वभावले उसको व्यक्तित्व निर्धारण गर्न सहयोग गर्दछ । साहित्यकार सुलोचना मानन्धर धितालका सन्दर्भमा पनि यही लागु हुन्छ । बाल्यकालदेखि नै उनमा रहेको जिज्ञासु, गम्भीर एवम् विद्रोही स्वभाव आज पनि उनमा कायम रहेको छ । जस्तोसुकै अप्ठ्यारो परिस्थितिमा पनि धैर्य गर्न सक्ने सामर्थ्य धितालमा पाइन्छ । उनी निडर पनि छिन् । राजनीतिक आस्थाका आधारमा वि.सं. २०३६ साल आसपासमा सेनाले घर घेरा हाली पक्रन खोज्दा हिम्मतका साथ घर पछाडिको ढोकाबाट निस्किई निडरताका साथ ट्याक्सी चढेर भूमिगत भएको घटनाले यस कुरालाई पुष्टि गर्दछ । विद्रोही स्वभावकै कारण विद्यार्थी

जीवनमा होस् चाहे राजनीतिक जीवनमा उनी कहिल्यै दबिएर बस्न चाहिनन् (पद्मा मानन्धरबाट प्राप्त जानकारी) । परम्परागत सोच तथा रुढिवादी संस्कार र मान्यताका विरुद्ध डटेर लाग्ने स्वभाव पनि धितालमा देखिन्छ ।

सुलोचना मानन्धर धितालको अध्ययनप्रति गहिरो रुचि रहेको छ । यसकै कारण उनले आफूलाई विभिन्न भाषाको ज्ञाताका रूपमा उभ्याएकी छन् भने साहित्यकारका रूपमा पनि आफ्नो उपस्थितिलाई उल्लेखनीय बनाएकी छन् । कुनै पनि कुराको गहिरो अध्ययन गरी त्यसको वस्तुतथ्य पत्ता लगार तर्क-वितर्कले पुष्टि गर्ने रुचि उनको रहेको छ । साहित्यका अतिरिक्त समाजसेवाका क्षेत्रमा उनको ठूलो रुचि रहेको छ । दीनदु:खी, असहाय तथा बृद्धबृद्धाहरूप्रति सहानुभूति र श्रद्धा प्रकट गरी उनीहरूलाई सक्दो सहयोग गर्ने अभिरुचि उनमा रहेको देखिन्छ । समाजसेवाका रूपमा उनले पुऱ्याएको योगदानले यस कुराको पुष्टि गर्दछ ।

गायन तथा अभिनयप्रतिको सानैदेखिको उनको रुचि अद्यापि उनमा रहेको पाइन्छ । कविता वाचनमा उनको विशेष रुचि रहेको छ । उनी घरमै पनि स-साना कार्यक्रमहरू राखी कविता वाचन गर्ने गर्दछिन् । यसका साथै विभिन्न नयाँ ठाउँहरू घुम्ने र त्यसबाट प्राप्त अनुभवलाई साहित्य वा कुनै न कुनै रूपमा लिपिबद्ध गर्ने रुचि धितालमा देखिन्छ ।

## २.१.९ भ्रमण

सुलोचना मानन्धर धितालले कार्य सम्पादनका क्रममा एवम् आफ्नै रुचिका कारण पनि थुप्रै देश तथा विदेशका ठाउँहरू भ्रमण गरेकी छन् । नेपालका इलाम, झापा, सुनसरी, मोरङ, कास्की, रूपन्देही, बाँके, तनहुँ, पोखरा, सिराहा लगायतका थुप्रै जिल्लाहरूको भ्रमण गरेकी छन् भने विदेश भ्रमणका क्रममा उनले चीन, क्यानडा, क्युवा, अष्ट्रेलिया, हङकङ, सिङ्गापुर, भारत लगायतका देशहरूको भ्रमण गर्ने अवसर प्राप्त गरेकी छन् ।

भाषा तथा साहित्यप्रतिको उनको लगावका कारण गोष्ठी, सेमिनारजस्ता कार्यक्रमहरूमा उनले विदेश भ्रमण गर्ने अवसर प्राप्त गरेकी हुन् भने यस्तै कार्यक्रम तथा समाजसेवाका सन्दर्भमा नेपालका थुप्रै ठाउँहरूमा पुगेर त्यहाँको अनुभव बटुल्ने अवसर उनले पाएकी हुन् ।

## २.१.१० वैचारिकता वा जीवनदर्शन

मनिसको आफ्नै सिद्धान्त र विचार हुन्छ । विचार जीवनोपयोगी र सर्वव्यापी बन्न पुग्दा मानिस आदर्श र अनुप्रेरक बन्न पुग्दछ । साहित्यकार सुलोचना मानन्धर धितालले पनि थुप्रै व्यक्तिहरूबाट त्यस्तो आदर्श र अनुप्रेरणा ग्रहण गर्न पुगेकी छन् र तिनलाई जीवनमा उतार्ने क्रममा उनी पनि अरुका निम्ति आदर्श र अनुप्रेरक व्यक्तित्वका रूपमा परिचित रहेकी छन् ।

एक साहित्यकार र समाजसेवीका रूपमा उनको व्यक्तित्व आदर्श र अनुप्रेरक रहेको छ । उनले जीवनमा अनुभूत गरेका शाश्वत सत्य पक्षहरूलाई आफ्नो विचार वा दर्शनका रूपमा अभिव्यक्त गरेकी छन् र त्यसलाई जीवनमा प्रतिबिम्बित पनि गरेकी छन् । मानिस विवेकशील प्राणी भइकन पनि मरणशील भएकाले उसले आफूले पाएको छोटो जीवनलाई सार्थक तुल्याउनुपर्छ भन्ने मान्यता धितालको रहेको छ । उनले जीवनलाई काँडैकाँडाहरू बीचको सुन्दर फूल या अप्ठ्यारै अप्ठ्यारो बीचको रमाइलो यात्राका रूपमा हेरेकी छन् (शोध नायिकाबाट प्राप्त जानकारी) ।

जीवनको परिभाषा गर्ने क्रममा उनले आफ्नै जीवनलाई नियालेर हेरेकी छन् । हिम्मत नहारीकन यात्रामा लाग्नुपर्छ, लक्ष्यमा अवश्य एकदिन पुगिन्छ भन्ने विचार धितालको रहेको छ । उनको जीवनी र कृतित्वको अन्तरसम्बन्ध केलाउँदा यही वस्तुतथ्य फेला पर्दछ । मानव जीवनलाई पाठशालाको विद्यार्थीका रूपमा प्रस्तुत गर्न रुचाउने धिताल जीवनलाई कहिलेकाहीँ अभिनय गर्न मन नलाग्दा नलाग्दै निर्देशकको इशारामा अभिनय गर्न विवश अभिनेताका रूपमा अर्थ्याउन पुग्छिन् । जे जस्तो भए पनि जीवनप्रति भने उनले सकारात्मक दृष्टिकोण राखेकी छन् र बाह्य जीवन र कृतिभित्रको जीवन दुईटै तहमा उनले जीवनलाई सुन्दर अनुभूत गरेकी छन् ।

## २.१.११ संलग्नता, सम्मान तथा पुरस्कार

आफूलाई समाजका विभिन्न भूमिकामा प्रस्तुत गर्न रुचाउने साहित्यकार सुलोचना मानन्धर धिताल हाल नेपाल प्रज्ञा प्रतिष्ठानको गरिमामय सदस्य पदमा कार्यरत रहेकी छन् । उनी **बुधबार** तथा **समय** साप्ताहिकमा स्तम्भकारका रूपमा पनि कार्यरत छिन् । यसका अतिरिक्त उनी विभिन्न संघसंस्थामा संलग्न रहेर कार्य गरिरहेकी छन् भने समाजसेवाको क्षेत्रमा पनि उनको उल्लेख्य उपस्थिति देखिन्छ ।

उनले साहित्यिक तथा सामाजिक जीवनमा थुप्रैपटक सम्मानित हुने अवसर प्राप्त गरेको देखिन्छ । यस क्रममा **प्रेस काउन्सिल साहित्यिक स्तम्भ लेखन पुरस्कार** (वि.सं. २०६३) बाट उनी सम्मानित भएकी छन् । त्यस्तै **व्यथित बनिता काव्य पुरस्कार** (वि.सं. २०६५) बाट पनि उनी पुरस्कृत भएकी छन् । यस क्रममा अन्तर्राष्ट्रिय जेब्रा फिल्म फेस्टिबलमा धितालको **अनुभूतिका थोपाहरू** (कविता सङ्ग्रह) श्रव्य दृश्य संस्करण मनोनित भएको देखिन्छ ।

## २.२ निष्कर्ष

सुलोचना मानन्धर धितालको जन्म वि.सं. २०११ सालमा काठमाडौंमा भएको हो । उनले स्नातकोत्तरसम्मको अध्ययन पूरा गरेकी छन् । निम्नमध्यम वर्गीय परिवारमा जन्मेकी

धितालको बाल्यकाल भने निकै कष्टपूर्णरूपमा बितेको देखिन्छ । सानैदेखि विद्रोही स्वभाव भएकी धितालको विवाह वि.सं. २०३८ सालमा भएको हो । उनले प्रेम तथा अन्तरजातीय विवाहलाई सामाजिक मान्यता दिलाउने क्रममा ठूलो सङ्घर्ष गर्नु परेको देखिन्छ । जीवनका अप्ठ्यारा मोडहरूमा पनि विचलित नभई आफूलाई  संहाल्न सक्ने खुबीका कारण  धितालले आफूलाई  सफलताको सिँढीमा कुशलतापूर्वक चढाएको पुष्टि हुन्छ । विश्वका थुप्रै साहित्यकार र दार्शनिकहरूका विचार र कृतिबाट प्रभावित धितालले उनीहरूका आदर्श र अनुप्रेरणालाई आफ्नो जीवन र कृतिमा  उतारेकी छन् । वि.सं. २०३१ बाट साहित्य यात्रा आरम्भ गरेकी धितालले नेपाली साहित्यमा मात्र नभएर नेवारी साहित्यमा समेत आफूलाई प्रस्तुत गरेकी छन् । संसारका विभिन्न भाषाकी ज्ञाताका रूपमा समेत चिनिने उनले थुप्रै सम्मान तथा पुरस्कारहरू प्राप्त गरेकी छन् । हाल उनी नेपाल प्रज्ञा प्रतिष्ठानको गरिमामय प्राज्ञ परिषद्को सदस्यका रूपमा संलग्न छिन् ।

# परिच्छेद – तीन

# सुलोचना मानन्धर धितालको व्यक्तित्व

## ३.१. पृष्ठभूमि

साहित्यकार सुलोचना मानन्धर धितालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित यस शोधकार्यको अघिल्लो परिच्छेदमा उनको जीवनी पक्षको समालोचनात्मक अध्ययन गरिसकिएको हुनाले यस परिच्छेदलाई धितालको व्यक्तित्वका विविध पाटाहरूको सर्वेक्षणमा केन्द्रित गरिएको छ ।

व्यक्तिको जीवनका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपता वा अनुरूपताको निर्माण हो । एकरूपता भन्नाले सधैँ एकै किसिमको काममात्र गर्नु नभई परिवेश अनुसारको एकरूपता भन्ने बुझिन्छ । वास्तवमा व्यक्तित्वको अभिप्राय: आफ्नो आन्तरिक स्वरूपलाई दृढ गराउनु पनि हो (उपाध्याय, २०५८ : १५) । प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट र गहन छाप छोड्न सक्नुपर्छ । यस अर्थमा व्यक्तित्वको अर्थ परिवर्तनशीलता भन्ने नभई प्रतिकूल स्थितिको अनुकूल चल्न सक्ने त्यो शक्ति सत्ता हो, जसले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन सहयोग गर्छ । परिस्थिति अनुकूल चल्नसक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्ति भित्रको प्रतिभा नै व्यक्तित्व हो (उपाध्याय, २०५८ : १७) ।

मानवको व्यक्तित्व एक्कासि बनाउन सकिँदैन । व्यक्तित्व कुनै पनि मानिसको खास पहिचन हो । व्यक्तित्व निर्माणमा पारिवारिक पृष्ठभूमि, शिक्षादीक्षा, सङगत, सामाजिक, आर्थिक तथा राजनीतिक परिवेशले महत्त्वपूर्ण भूमिका खेल्दछ । कुनै पनि व्यक्तिको व्यक्तित्व उसको सहज गुण र स्वाभाविक क्रियाकलापहरूबाट छुट्टिएको हुन्छ । व्यक्तित्व वंश परम्परागत जैविक वृत्तिपुञ्जका रूपमा सृजित हुन्छ । सृजनशील एवम् सामाजिक क्रियाकलापले सार्वजनिक व्यक्तित्व झल्कन्छ । यसै परिप्रेक्ष्यमा आफ्नो साढे पाँच दशक जति जीवनावधिमा चार दशकजति जीवन शैक्षिक, सामाजिक तथा साहित्यिक जस्ता विभिन्न क्षेत्रमा क्रियाशील बनाउँदै आएकी सुलोचना मानन्धर धितालको व्यक्तित्वका विभिन्न पाटाहरूलाई निम्नानुसार विभिन्न शीर्षक-उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

## ३:२ बाह्य व्यक्तित्व

सुलोचना मानन्धर धितालको बाह्य व्यक्तित्वलाई हेर्दा यिनी पाँच फिट दुई इञ्च (५.२) उचाइ भएकी छन् । यिनी गहुँगोरो वर्णकी छिन् भने उनको अनुहार बाटुलो किसिमको

रहेको देखिन्छ । यिनको शारीरिक वजन ५७ कि.ग्रा. रहेको छ । हँसिलो अनुहार तथा जिउडाल मिलेका कारण उनको बाह्य व्यक्तित्व आकर्षक रहेको देखिन्छ । शरीर सुहाउँदो पहिरनमा जोड दिने यिनी आफ्नो व्यक्तित्वलाई आकर्षक बनाइराख्न सफल भएकी देखिन्छिन् । खानपानमा सजगता अपनाउने हुनाले उनको शारीरिक अवस्था फुर्तिलो र स्वस्थ्य रहेको पाइन्छ (शोध नायिकाबाट प्राप्त जानकारी) । सामाजिक तथा साहित्यका क्षेत्रमा सक्रिय उनको व्यक्तित्व शारीरिक रूपमा तन्दुरुस्त, मानसिक रूपमा स्वस्थ्य र सामाजिक रूपमा हार्दिक एवम् सुसम्बन्धपूर्ण रहेको देखिन्छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

कम बोल्ने तर कुनै पनि कुरालाई गहन ढङ्गले बुझेर मात्र तर्क दिन सक्ने सामर्थ्य सुलोचना मानन्धर धितालको आन्तरिक व्यक्तित्वको परिचय हो । सानो तथा सुरिलो स्वरमा बोल्ने यिनी मृदुभाषी छिन् । उनी अन्तर्मुखी स्वभावकी छिन् । त्यसैले उनी सहजै मित्रता कायम गर्न भने सक्दिनन् । अरुको कुरा नकाटी तथा अरुले भनेकै भरमा कुनै पनि कुराको विश्वास नगरी स्वविवेकले काम गर्ने प्रवृत्ति उनको रहेको छ । साहित्य लेखन एउटा गम्भीर विषय हो, यसमा सर्जक आफैँले देखेर, भोगेर, अनुभूति गरेर तथा इमान्दार भएर लेख्ने प्रयास गर्नुपर्छ भन्ने उनको तर्क रहेको छ (शोध नायिकाबाट प्राप्त जानकारी) । समाजका हरेक तह र तप्काका मानिसहरूको भावना बुझी व्यवहार गर्नुपर्छ भन्ने मान्यता राख्दै त्यस्तै व्यवहार गर्न रुचाउनु धितालको आन्तरिक व्यक्तित्वको महत्त्वपूर्ण पक्ष हो ।

## ३.४ साहित्यिक व्यक्तित्व

सुचोचना मानन्धर धितालले नेपाली साहित्यका कविता तथा संस्मरण लेखन निबन्धका क्षेत्रमा योगदान पुऱ्याएकी छन् । त्यसैले उनको व्यक्तित्व बहुआयामिक रहेको देखिन्छ । उनको चार दशकभन्दा बढी समय देखिको साहित्यिक क्रियाशीलता तथा योगदानलाई साहित्यिक व्यक्तित्वका रूपमा राखी त्यसैका आधारमा उनको व्यक्तित्वलाई सङ्क्षेपमा चिनाउने जमर्को गरिएको छ ।

### ३.४.१ कवि व्यक्तित्व

सुलोचना मानन्धर धितालको साहित्यिक यात्राको आरम्भ कविता, लेखनबाट भएको हो । वि.सं. २०३१ सालमा प्रकाशित **नारी** शीर्षकको कविता नै उनको प्रथम प्रकाशित कविता हो । उनको प्रथम प्रकाशित पुस्तकाकार कृति भने **अनुभूतिका थोपाहरू** (२०६०) कविता सङ्ग्रंह हो ।

यस सङ्ग्रहभित्र धितालका लामा-छोटा गरी ६० वटा कविताहरू सङग्रहित रहेका छन् । धितालले आफ्ना सबै कविताहरू गद्य भाषामा लेखेकी छन् । आफू बाँचेको समाज र परिवेशलाई कवितामा जीवन्त रूपमा चित्रण गर्नसक्नु उनको कवि व्यक्तित्वको परिचय हो । उनले समाजका बेमेल, बेथिति र आफूभित्रकै असन्तुष्टिहरूलाई कविताको विषय बनाएकी छन् । उनका कवितामा आफूभित्रको असन्तुष्टिलाई धान चुटे झैँ चुट्ने काम भएको छ । धिताल भित्रको कवि मान्छेसँग ज्यादै घनिष्ट र सन्त्रस्त पनि त्यतिकै छ (अधिकारी, २०५६ : १२) ।

कवि सुलोचना मानन्धर धिताल मानवतावादी र जीवनवादी कवि हुन् । संसारमा रहेको कलह, कोलाहल र अशान्तिप्रति कवि चिन्तित छिन् । उनले आफ्ना कवितामा शान्तिको अनुभूति गर्न पाउनु पर्ने विचार अभिव्यक्त गरेको छन् । उनका कवितामा सौन्दर्यपक्ष पनि प्रवल भएर देखापरेको पाइन्छ । सामाजिक परिवर्तनका पक्षमा धितालका कविताहरू अग्रपङ्क्तिमा उभिएका छन् । एउटा शसक्त पक्षलाई उद्घाटित गरी कलात्मक कविताहरू सिर्जना गर्न सक्नु धितालको कवितात्मक प्रवृत्ति हो (गौतम, २०५६ : ३०) । मुक्त लयमा अनुप्रासको उचित संयोजन र बिम्ब, प्रतीक र अलङ्कारको समुचित प्रयोग गरी लयात्मक कविता लेख्न सक्ने खुबी कवित धितालमा पाइन्छ ।

## ३.४.२. निबन्धकार तथा संस्मरण लेखक व्यक्तित्व

सुचोलना मानन्धर धितालको निबन्धकार व्यक्तित्व निकै फराकिलो देखिन्छ । वि.सं. २०३६ सालमा प्रकाशित **स्वास्थ्यप्रति ध्यान** निबन्ध उनको निबन्ध यात्राको पहिलो निबन्ध हो । उनका निबन्ध सङ्ग्रहका रूपमा **इतिहासका ज्यूँदा पानाहरू** (२०६०) र **तेजोऽसि** (२०६५) प्रकाशित छन् । **तेजोऽसि** संस्मरणात्मक निबन्ध हो । यस सङ्ग्रहभित्र १३ वटा संस्मरणात्मक लेख निबन्धहरू सङ्कलित रहेका छन् । त्यस्तै **इतिहासका ज्यूदा पानाहरू** निबन्ध सङ्ग्रहभित्र लामाछोटा गरी अट्ठाइसवटा निबन्धहरू सङ्ग्रहित छन्. । उनका यी निबन्धहरूमा समाजमा रहेको जातपात, वर्णभेद, धर्मसंस्कृति तथा वृद्धवृद्धाहरूप्रति गरिने विभिन्न नकारात्मक व्यवहारलाई विषय बनाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । आफ्नो कर्तव्य बोध नगर्ने, शक्तिको दुरूपयोग गर्ने, पुराना पुस्ताको विषय आजको समसामयिक कुरा भए पनि त्यसलाई वास्ता नगर्नेजस्ता मानवीय कमजोरीहरूलाई धितालका निबन्धमा वास्तविताको नजिक पुऱ्याएर प्रस्तुत गरिएको छ । आत्मपरक निबन्ध लेखनभन्दा वस्तुपरक निबन्ध लेखनमा धितालको विशेष रुचि रहेको देखिन्छ । यीबाहेक धितालका नेपाल भाषामा लेखिएको **अबुया लुमन्ति** (बुबाको सम्झनामा/२०५६) निबन्ध सङ्ग्रह पनि प्रकाशित रहेको पाइन्छ ।

### ३.४.३. कथाकार व्यक्तित्व

साहित्यकार सुलोचना मानन्धर धितालले नेपाली साहित्यका अतिरिक्त नेपाल भाषाको कथा विधामा पनि आफ्नो उपस्थिति देखाएकी छन् । यिनको **झ्यार खाना** (२०५४) नामक नेपाल भाषाको कथा सङ्ग्रह प्रकाशित रहेको छ । यस सङ्ग्रहभित्र १४ वटा कथाहरू सङ्ग्रहित छन् । नेपाली साहित्यका क्षेत्रमा भने उनका कुनै पनि कथा अहिलेसम्म प्रकाशित भएका देखिँदैनन् । उनले नेपाल भाषाका कथामा पनि नेपाली समाजको वास्तविकतालाई उतार्ने प्रयत्न गरेको पाइन्छ । यस कथासङ्ग्रहका कथाहरूमा राजनैतिक विषयले पनि महत्त्व प्राप्त गरेको पाइन्छ । २०४६ भन्दा अगाडिको पञ्चायती शासन व्यवस्था र यसको निरङ्कुशता र जनताले भोग्नु परेको कठिनाइलाई यस सङ्ग्रहका कथाले दुरुस्त उतारेका छन् । झ्यार खानाको अर्थ नेपालीमा झ्यालखाना (बन्दीगृह) भन्ने हुन्छ । नेपाली जनताले प्रजातन्त्र ल्याउनका निम्ति गरेको संघर्ष र झ्यालखानाको दुःखलाई पनि यस संग्रहका कथाले मार्मिक ढङ्गले प्रस्तुत गरेको पाइन्छ (अष्टलक्ष्मी शाक्यबाट प्राप्त जानकारी) । उनी हाल पनि नेपाल भाषामा नियमित कथा लेखनमा प्रवृत्त रहेको पाइन्छ ।

## ३.५ गैरसाहित्यिक व्यक्तित्व

सुलोचना मानन्धर धितालको गैरसाहित्यिक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको देखिन्छ । साहित्य लेखनबाहेक उनले सामाजिक, शैक्षिक, धार्मिक, राजनीतिक आदि थुप्रै क्षेत्रसँग आफ्नो सबल उपस्थिति देखाएकी छन् । उनको गैरसाहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### ३.५.१ स्तम्भकार व्यक्तित्व

सुलोचना मानन्धर धिताल विभिन्न पत्रपत्रिकामा स्तम्भकारका रूपमा परिचित छिन् । **बुधबार**(साप्ताहिक), **दृष्टि** (साप्ताहिक), **समय** (मासिक) आदि पात्रिकामा उनका थुप्रै समसामयिक विषयका लेखरचनाहरू प्रकाशित भएका पाइन्छन् । **दृष्टि** तथा **बुधबार** (साप्ताहिक)मा ***आधा आकाश* तथा *सम्पूर्ण आकाश*** स्तम्भ शीर्षकमा उनका समसामयिक र वृद्धवृद्धाका दुःखद् विषय तथा नारी जागरण सम्बन्धी लेखरचनाहरू प्रकाशित भएका पाइन्छन् । **नवयुगका महिला पात्रहरू** (वर्ष-१७, अङ्क-२२, २०६९ वैशाख ६), **भिक्षु, शान्ति र उज्यालो** ( वर्ष १७, अङ्क-२, २०६८ मंसीर १४), **रात नै रातको बाटो** (वर्ष-१७, अंक-१०,२०६८ माघ

११), **कृतज्ञता र गुरूपूर्णिमा** (वर्ष-१७, अंक ३३, २०६९ आसार २०) आदि **बुधबार** (साप्ताहिक) पत्रिकामा प्रकाशित उनका चर्चित स्तम्भहरू हुन् ।

### ३.५.२ सामाजिक व्यक्तित्व

सुचोलना मानन्धर धिताल साहित्यक सिर्जनासँगै विभिन्न संघ संस्थाहरूमा संलग्न भएर सामाजिक सेवाको कार्यमा प्रवृत्त भएकी देखिन्छिन् । उनले जीविकोपार्जनका क्रममा विभिन्न पेसा अपनाएकी भए पनि सामाजिक सेवामूलक कार्य पनि गरेकी छन् । मावन विकाससँग सम्बन्धित हुने उनका कार्यहरू सामाजिक उत्थानको उद्देश्यमा समर्पित छन् । त्यस्तै समाजसुधार र मानवकल्याणको लक्ष्य लिएर उनले कविता र निबन्ध सिर्जना गरेकी छन् । साहित्य सेवामा संलग्न भएर कुनै पनि निजी लाभको अभिलाषा नराख्नु उनको जीवनको आदर्श हो । त्यसैले यिनी हाल शान्तिका निम्ति नागरिक समाज, नेपाल राष्ट्रिय ज्येष्ठ नागरिक सञ्जालजस्ता सामाजिक संस्थामा रही समाजसेवामा सक्रिय छिन् । त्यसैगरी उनी नेपाल चीन अधययन केन्द्रमा सदस्यका रूपमा पनि रहेकी छन् । उल्लेखित संघ-संस्थाहरूले कुनै न कुनै कोणबाट समाज सुधारको अपेक्षा राखेका छन् र धिताल यिनै संघ-संस्थहरूमा आबद्ध भएकीले यिनको सामाजिक व्यक्तित्व पनि स्पष्ट रूपमा रहेको देखिन्छ ।

### ३.५.३ शिक्षक तथा प्राज्ञिक व्यक्तित्व

सुलोचना मानन्धर धितालले शिक्षण पेसालाई विद्यार्थी जीवनदेखि नै अँगाल्दै आएकी हुन् । यिनी महिला तथा बालबालिकाहरू भेला गरेर पठाउँथिन् । प्रवेशिका परीक्षा पास गरेपछि काठमाडौंको लगनटोल स्थित कुचीकार बस्तीमा गई यिनले त्यहाँका अशिक्षित बालबालिकाहरूलाई पढाइन् । त्यसैगरी उच्च शिक्षा अध्ययनका क्रममा पनि यिनले बूढानीलकण्ठ (नारायणथान) स्थित बूढानीलकण्ठ मा.वि.(वि.सं. २०५८– २०६०)मा पढाएको देखिन्छ (शोध नायिकाबाट प्राप्त जानकारी) ।

वि.सं. २०२९ सालमा एस.एल.सी. पास गरेपछि आजाद प्रा.वि.लगनटोल, बलम्बु प्रा.वि. बलम्बुमा (वि.सं. २०३५) तथा सप्तरी जिल्लास्थित सिद्धार्थ शिक्षा निकेतन राजविराज (२०३९) मा समेत यिनले शिक्षिकाका रूपमा काम गरेकी थिइन् (शोध नायिकाबाट प्राप्त जानकारी) । यसैगरी नेपाल भाषामा स्नातकोत्तर गरेकी धितालले धेरै जनालाई नेवारी भाषाको प्रशिक्षण दिएको देखिन्छ । साथै यिनले चीनबाट चिनियाँ भाषामा स्नातक गरेपछि काठमाडौंको प्रदर्शनीमार्गस्थित नेपाल विश्वभाषा क्याम्पसमा १२ वर्ष (वि.सं. २०५१-२०६३ सम्म) चिनियाँ भाषा शिक्षणसमेत गरेकी छन् । यिनले अध्यापन गर्ने मूल विषयहरूमा नेपाल भाषा र चिनियाँ

भाषा हुन् । उनी वि.सं. २०६७ सालदेखि ने.प्र.प्र.मा प्राज्ञका रूपमा रहेकी छन् । यसरी उनको प्राज्ञिक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको पाइन्छ ।

## ३.६ निष्कर्ष

सुलोचना मानन्धर धिताल वि.सं. २०३८ सालदेखि साहित्य क्षेत्रमा प्रवेश गरी हालसम्म अनवरत रूपमा कलम चलाइरहेकी छन् । उनले विभिन्न संघ संस्थामा रहेर काम गर्दाको अनुभव, भ्रमण आदिको ज्ञानबाट आफ्नो साहित्यिक तथा सामाजिक व्यक्तित्व निर्माण भएको देखिन्छ । यिनको साहित्यिक व्यक्तित्व मूलतः कविता, निबन्ध एवम् कथा विधाका रूपमा अगाडि बढेको पाइन्छ । नेपाली साहित्यका क्षेत्रमा उनको उपस्थिति भने कवि र निबन्धकारका रूपमा रहेको छ । यस्तै गैरसाहित्यिक व्यक्तित्वका रूपमा सामाजिक व्यक्तित्व, स्तम्भ लेखक र प्रज्ञिक तथा शिक्षक व्यक्तित्वका रूपमा पनि उनको उपस्थिति महत्त्वपूर्ण रहेको छ । हाल उनी ने. प्र. प्र. की सदस्य रहेकी छन् ।

# परिच्छेद - चार
# सुलोचना मानन्धर धितालको कृतित्व अध्ययन

## ४.१ पृष्ठभूमि

सुलोचना मानन्धर धिताल नेपाली साहित्यमा सिर्जनात्मक योगदान दिने प्रतिभा हुन् । उनले नेपाली भाषामा कविता तथा निबन्धका अतिरिक्त नेपाल भाषाको पत्रिका **गथु** मार्फत् नियमित कथा तथा चिनियाँ भाषामा पनि विभिन्न कृतिहरू रचना गरेकी छन् । अघिल्ला दुई परिच्छेदमा क्रमश : उनका जीवनी र व्यक्तित्वका बारेमा समालोचनात्मक अध्ययन गरिसकिएकाले यस परिच्छेदलाई उनका कृतिहरूको अध्ययनमा केन्द्रित गरिएको छ । यस परिच्छेदमा सुलोचना मानन्धर धितालका पुस्तकाकार कृतिमध्ये अहिलेसम्म प्रकाशित **अनुभूतिका थोपाहरू** (२०६०, कविता सङ्ग्रह), **इतिहासका ज्यूँदा पानाहरू** (२०६०, निबन्ध सङ्ग्रह) र **तेजोऽसि** (२०६५, संस्मरणात्मक निबन्ध सङ्ग्रह) को कालक्रमअनुसार सङ्क्षिप्त सर्वेक्षण र विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

## ४.२ अनुभूतिका थोपाहरू कविता सङ्ग्रहको विश्लेषण

सुलोचना मानन्धर धितालको **अनुभूतिका थोपाहरू** नामक कविता सङ्ग्रह वि.सं. २०६० सालमा प्रकाशित उनको पहिलो कृति हो । यसको प्रकाशन आफ्ना पति डा. सरोज धितालले गरेका हुन् । यस कृतिमा धितालका साठीवटा गद्य कविता सङ्ग्रहित छन् । साना र छोटा आयामका विभिन्न कविताहरूमा राजनीति, राष्ट्रप्रेम, वैयक्तिक अनुभव र भावनाले अभिव्यक्ति पाएका छन् । यिनै प्रसङ्गलाई सार्वजनिक गर्ने क्रममा संरचित रचना सँगालोका रूपमा यस सङ्ग्रहको प्रकाशन भएको हो । प्रस्तुत सङ्ग्रहमा जम्मा ६० पृष्ठ रहेका छन् । कम्तीमा चार हरफदेखि सत्र हरफसम्मका ६० वटा कविताहरू यस सङ्ग्रहभित्र सङ्कलित छन् ।

**अनुभूतिका थोपाहरू** सुलोचना मानन्धर धितालको पहिलो कविता कृति भए पनि यसको शिल्प र संरचना पक्ष सबल देखापरेको छ । भूमिकामा कवि मञ्जुलले विचार पक्ष र सीप पक्षलाई प्रशंसा गर्दै थोरै लेखेर धेरै प्रभाव पार्ने, चट्ट मन छुने हुनु र गहकिलो हुनु आदि जस्ता कुराहरू उल्लेख गरेका छन् । त्यसैगरी कवितामा पाठकलाई प्रभाव पार्न सक्ने क्षमता भएको तथ्य प्रस्टयाएका छन् । समसामयिक धारालाई पक्रेर लेखिएका धितालका प्रत्येक कविता निजत्वका साथ प्रस्तुत भएका छन् । उनका हरेक रचनामा प्रगतिवादी चेतना र मानवतावादी विचारको अभिव्यक्ति पाइन्छ । उनका कविताले जीवन जगतको विकास प्रक्रियालाई बुझ्ने, विश्लेषण गर्ने, सामाजिक परिवर्तनलाई अग्रगति प्रदान गर्ने कुरामा जोड दिएका छन् । यसै

अनुरूपका कविता सिर्जना गरेर उनले आफ्नो भिन्नै शैली र शिल्पलाई फराकिलो पारेकी छन् । यस क्रममा **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा समावेश गरिएका प्रत्येक कविताको अन्तरवस्तुलाई सङ्क्षेपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ४.२.१ धर्ती

**अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित **धर्ती** पहिलो कविता हो । बाह्र हरफमा विस्तारित प्रस्तुत कवितामा प्रतीकात्मक रूपमा नारी जातिलाई धर्तीका रूपमा व्याख्या गरिएको छ । आकारमा छोटो भए पनि यस कवितामा बिम्बात्मक र प्रतीकात्मक ढङ्गबाट धर्ती, आकाश र मानवजीवनको त्रिकोणात्मक व्याख्या गरिएको छ । धर्तीमा पहिलो पाइला टेकेसँगै मानवजीवनले संसारसँग परिचित हुने सुअवसर प्राप्त गरेको सत्यतालाई यस कविताले प्रस्ट पारेको छ । गद्य भाषामा लेखिएको यस कवितामा सरल तथा मिठो भाषा शैलीको प्रयोग गरिएको छ ।

## ४.२.२ रात

प्रस्तुत कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित दोस्रो कविता हो । सत्र हरफमा विस्तारित प्रस्तुत कवितामा प्रतीकात्मक रूपमा कठिन समयलाई रातका रूपमा व्याख्या गरिएको छ ।  आकारका दृष्टिले यस सङ्ग्रहको सबैभन्दा लामो कविता **रात** मा बिम्बात्मक र प्रतीकात्मक ढङ्गबाट कठिन समय र त्यसले मानवजीवनमा पार्ने विभिन्न समस्याहरू व्याख्या गरिएको छ । निराशको समयलाई रातले प्रतिनिधित्व गरेको छ । पीडित मन नै रातको प्रतीकात्मक अभिव्यक्ति  हो । विविध समस्याहरूलाई रातसँगै तुलना गरी प्रस्तुत कविता रचना गरिएको छ ।

## ४.२.३ कृतज्ञता

प्रस्तुत कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित सात पङ्क्तिमा रचित तेस्रो कविता हो । यस कवितामा कवयित्रीले फूल रोप्ने मालीलाई प्रकृति सुन्दर बनाए बापत धन्यवादका शब्दहरू दिन नसक्ने उपभोक्तालाई व्यङ्ग्य गरेकी छिन् । एउटा बिरुवा रोपेर आफ्नो मिहेनत, कर्म, माया दिएर फुलाउने माली उर्फ प्रकृतिलाई सुन्दर बनाउने सर्जक उस्तै हुन् । तिनको कर्मको कदर गर्नुपर्दछ भन्दै कवितालाई सृष्टिको प्रतीकात्मक अर्थमा प्रस्तुत गरिएको छ । सन्तानका लागि मातृस्नेह अत्यन्तै महत्त्वपूर्ण हुन्छ भन्दै आफ्नी आमालाई धन्यवाद दिनुपर्छ भन्ने भाव यस कविताले व्यक्त गरेको छ ।

## ४.२.४ जीवन र मृत्यु

पाँच पङ्क्तिमा रचित **जीवन र मृत्यु** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित चौथो कविता हो । यस कवितामा बाँच्नु र मर्नुको यथार्थलाई व्यक्त गरिएको छ । जीवन सङ्घर्षपूर्ण छ, दुःखी छ, कठिन छ । त्यसको तुलनामा मृत्यु सहज छ तर पनि मानिस सजिलो मृत्युभन्दा कठिन जीवनलाई रोज्छ । बाँच्नका लागि विविध समस्याहरूसँग जुध्नुपर्छ, अभाव सहनुपर्छ । यो कठिन हो तर पनि मान्छे जीवन नै रोज्छ । मृत्यु भयदेखि डराइ बाँच्नु पर्ने यथार्थ उर्फ सत्यलाई कविताले विश्लेषण गरेको छ । कविताको मुख्य भाव समर्पण होइन सङ्घर्ष हो भन्ने रहेको छ ।

## ४.२.५ ढुङ्गाको फूल

बिम्बात्मक अर्थप्रधान **ढुङ्गाको फूल** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित चार हरफमा रचित पाँचौ कविता हो । प्रस्तुत कवितामा असल बनाउन खोज्ने सिर्जनाकर्ताले असल बनाउन नसकेकोमा दोष कसलाई दिने भन्ने प्रश्न खडा भएको छ । यसका साथै समय, संयोग र यथार्थले कोमलता सिर्जना गर्न नसकेको एउटा बीजबाट उम्रेको विषलाई नै ढुङ्गाको फूल भनेर प्रतीकात्मक अर्थ दिन खोजिएको छ । कोमलता निर्माण गर्न नसकी कठोरतातर्फ उन्मुख बिरुवा ढुङ्गा बन्यो भने त्यसमा मालीको केही दोष नहुने भन्दै कुलतमा लागेका आफ्ना सन्तानको दोष पिता-मातालाई नहुने भन्ने भाव पनि यस कविताले बहन गरेको छ ।

## ४.२.६ बोनसाई

आफ्नो इच्छाअनुसार भाँच्न, दोबार्न वा बन्धनमा बाँधिएको नारी चेतनाले ओतप्रोत **बोनसाई** कविता छ हरफमा रचित छैटौँ कविता हो । यसमा नेपाली समाजमा विद्यमान नारीको अवस्थालाई देखाउने प्रयत्न गरिएको छ । पतिको इच्छाअनुसार मात्र चल्न पाउने परजीवी जीवका रूपमा नारीको चित्रण गर्दै बोनसाई प्रविधिसँग तुलना गर्दै प्रतीकात्मक रूपमा नारी अधिकारको कुराको उठान भएको छ । पराधीनता स्वीकार्न  बाध्य हुनु नै नारी जातिको बाध्यता हो भन्ने विचार प्रस्तुत कवितामा व्यक्त भएको छ । पुरुषबाट डोऱ्याइएकी नारी जाति बन्धनमुक्त छैनन् भन्दै स्वतन्त्रताको प्रतीकात्मक रूपमा म बोनसाई हुँ भन्ने भावना व्यक्त गर्दै नारीको आफ्नो इच्छाको महत्त्व छ भन्न प्रस्तुत कविता उद्यत भएको देखिन्छ ।

### ४.२.७ जुलुस

छ पङ्क्तिमा रचित **जुलुस** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित सातौँ कविता हो । यस कविताले जीवनमा थुप्रै अभावसँग पौँठेजोरी खेल्दा खेल्दै निखेको समयको व्याख्या गरेको छ । निराशा र अभावसँग आशा र पूर्तिको द्वन्द्व चलेको छ । यही द्वन्द्वबीच जीवन आफैँलाई झुक्याउँदै अघि बढेको छ । यसै क्रममा हुने आरोह अवरोह नै जीवनका सत्य हुन् । कहिलेकाहीँ मनभित्रका द्वन्द्वलाई रिस र घृणामा बदलेर आफैँसँग, आफन्तसँग सहकार्य र सहमति गरी जीवन बाँच्नुपर्छ र जीवनको गति चलाउनुपर्छ भन्ने विचार प्रस्तुत कवितामा व्यक्त भएको छ ।

### ४.२.८ जाजरकोट

अभाव र समस्यासँग जुध्न नसकी शून्यतामा बिलिन भएको सिङ्गो समाज अर्थात नेपालको एक अति बिकट, दुर्गम जिल्लाको अवस्थालाई चित्रण गरेको **जाजरकोट** कविताले बाँच्न नसकी मर्नुको पीडा व्यक्त गरेको छ । पाँच पङ्क्तिमा रचित प्रस्तुत ***जाजरकोट*** **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित आठौँ कविता हो । कवितामा रोग, शोक र भोकले ग्रस्त एक मानव बस्ती जुन उन्नतिभन्दा अवनतितर्फ धकेलिरहेको छ, त्यहाँ सबैलाई समान पीडा छ, समान समस्या छ । भोकले ठूला र साना सबैलाई अत्याएको छ भन्दै कवयित्रीले कवितामा विषले ठूला र साना कसैलाई छोड्दैन भन्ने प्रतीकात्मक अर्थ भोकलाई मार्मिक तरिकाले व्यक्त गरेकी छन् ।

### ४.२.९ खाना पकाउँदा पकाउँदै

**अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित नवौँ कविता **खाना पकाउँदा पकाउँदै** सात हरफमा रचना गरिएको छ । यसमा समयको गतिलाई नरोकिने वस्तुका रूपमा तुलना गर्दै बाँच्नु आफ्नो उमेर बिताउनु वा घटाउनु हो भन्ने भावना व्यक्त भएको छ । समयलाई व्यतीत गर्नु र समयले उमेर घटाउनुलाई परिपूरक वस्तुका रूपमा चित्रण गर्दै बाँच्नका लागि खाना बनाउँदा जीवनको ऊर्जा सकिँदै गएको आभास यस कविताले व्यक्त गर्न खोजेको छ । पकाउनु र खानुमै मानिसको जीवन रित्तिएको महसुस गर्दै बाँच्नु नै मृत्यु नजिक पुग्नु हो भन्ने भाव कवितामा अन्तर्द्वन्द्वको रूपमा प्रस्तुत भएको छ ।

## ४.२.१० जीवन

**अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित दसौँ स्थान ओगट्न सफल पाँच हरफमा रचित **जीवन** कविता हरेक रातलाई मृत्यु र हरेक बिहानलाई नयाँ जीवनसँग तुलना गरिएको कविता हो । बिहान नयाँ जोस र जाँगरकासाथ बिस्तारै राततिर ढल्कन्छ अनि रात पनि आलस्य, निन्द्रा त्याग्दै बिहान भएर उदाउँछ । त्यो उदाएको बिहानले एउटा ऊर्जा दिएरै छोड्छ भन्दै समयको अविरल गतिलाई प्रतीकात्मक रूपमा दिन र रात मान्दै जीवनसँग तुलना गरिएको छ । हरेक बिहान एउटा जीवले नयाँ जीवन प्राप्त गर्छ, हरेक रात त्यो जीव निख्रन्छ भन्दै जीवन र मृत्यको सत्यलाई मूल भावमा समेटिएको छ ।

## ४.२.११ पार्वती

आध्यात्मिक चिन्तनमा असल वर प्राप्त गर्न गरेको प्राथना यथार्थमा परिणत हुँदा प्रफुल्लित भएको मनको भाव व्यक्त गर्दै छ हरफमा रचिएको **पार्वती** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित एघारौँ कविता हो । यस कवितामा सुखद् मिलनको चित्रण गरिएको छ । व्रत, उपवास बसेर द्यौतासँग वरदान माग्ने धार्मिक प्रवृत्तिको अनुसरण गर्दै मनोकाङ्क्षा पूरा भएको अथवा असल पति प्राप्त भएको पलमा आफूलाई पार्वती र पतिलाई शिवको रूपमा तुलना गरी प्रेम जीवनको सफल नमुनाको रूपमा प्रस्तुत कविता आएको छ । साथै यस कविताले प्रकृति र पुरुषको सम्मिलनको उदाहरण पनि प्रस्तुत गरेको छ ।

## ४.२.१२ लक्ष्मीपूजा

छ पङ्क्तिमा रचित **लक्ष्मीपूजा** यस कविता सङ्ग्रहको बाह्रौँ कविता हो । यस कवितामा बेवास्ता गरेको समय एक सुनौलो अवसरको रूपमा आउँदा त्यस समयलाई भोग्न आतुर रहेको मानिसको व्यवहारलाई कवितामा उतारिएको छ । निरन्तर चलिरहने समयको निश्चित पलमात्र असल हुन्छ भन्दै त्यस असल पललाई उपभोग गर्न कविताले आग्रह गरेको छ । जुन वस्तु कुनैबेला अर्थहिन हुन्छ तर त्यही वस्तु निश्चित पल आएपछि अमूल्य बन्छ भन्दै कवयित्रीले यस कवितामा समयको महत्त्वलाई व्यक्त गर्न खोजेकी छन् । फ्याँकिएको ढुङ्गा पनि भाव पलाउँदा ईश्वर बन्छ भन्ने अनुभूति  यस कवितामा भावका रूपमा अभिव्यक्त भएको छ ।

## ४.२.१३ बाटो

परिचयविहीन मान्छे आफ्नो अस्तित्वको लागि सङ्घर्ष गर्न तयार हुन्छ र एउटा छुट्टै बाटो बनाउँछ भन्ने प्रतीकात्मक अर्थ बोकेको **बाटो** कविता यस सङ्ग्रहमा सङ्कलित तेह्रौँ कविता हो । यो नौ पङ्क्तिमा रचित छ । यस कविताले सङ्घर्षपूर्ण जीवनको वकालत गरेको छ । आफूले प्रयत्न गरेर लक्ष्य प्राप्त गर्न सकेको उन्मुक्तिको आभास गर्दै पूर्वस्मृतिमा ठीक वा बेठीकको प्रश्न आफैँलाई सोध्दै कविताले सही वा गलतको दोधारे मनस्थितिको वर्णन गरेको छ । बाटो बनाउने व्यक्ति नै बाटो बन्न पुगेको अवस्थाको चित्रण गर्दै नयाँ सिद्धान्तको प्रतिपादन कविताले गरेको छ ।

## ४.२.१४ धुवाँ र क्रान्ति

सात पङ्क्तिमा रचित यस सङ्ग्रहको चौधौँ कविता **धुवाँ र क्रान्ति** दुःख र पीडालाई सामीप्य राख्ने कविता हो । सधैँ दुःखै - दुःख भइरहने हो भने दुःख गर्नुको औचित्य छैन भन्दै कवितामा दुःखपछिको सुखको कामना गरिएको छ । नयाँ विचार र सिद्धान्तको प्रतिपादन गरी मानवताको पक्षमा लेखिएको प्रस्तुत कवितामा सधैँ उस्तै अवस्था रहने हो भने सङ्घर्षलाई त्यागेर समर्पणतर्फ लाग्नु पर्ने विचार व्यक्त गरिएको छ । क्रान्ति नै अवसरको पृष्ठभूमि हो भन्ने शाब्दिक अर्थ बोकेको यस कवितामा समावेशी समाज निर्माणमा क्रान्तिकारी हुनुपर्छ भन्ने भाव पनि व्यक्त भएको छ । समयको परिवर्तनलाई आत्मसात नगर्ने हो भने क्रान्तिको विचार त्याग्नु उपयुक्त हुन्छ भन्ने मूल भाव प्रस्तुत गर्नु यस कविताको मुख्य लक्ष्य रहेको छ ।

## ४.२.१५ बच्चाहरू

एउटा बीउ धर्तीबाट टुसाएपछि निरन्तर बढ्छ र जीवन प्राप्त गर्दै जान्छ । त्यो झुक्छ कि झुक्दैन थाहा छैन तर आकाश छुनका लागि निरन्तर बढिरहन्छ भन्ने सत्यलाई अघि सार्दै दश पङ्क्तिमा रचित **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहको पन्ध्रौँ कविता **बच्चाहरू** ले व्यक्त गरेको छ । बिरुवा र बच्चाहरूलाई तुलना गर्दै दुबै समयको चक्रसँगै लर्बराउँछन्, फर्फराउँछन्, नयाँ वातावरण पाउँदै जान्छन् र रमाउँछन् भनिएको छ । आफू जन्मेको धर्तीलाई फर्किएर हेर्छन् वा हेर्दैनन् भन्ने दुविधाजन्य मनस्थितिमा रचित यस कविताले बच्चाहरूको अबोधग्रस्त अवस्था, मनस्थितिको विकाससँगै धर्ती अथवा आफ्ना आमाबुबाप्रतिको दायित्व निर्वाह गर्दछन् वा गर्दैनन् भन्ने प्रश्नसँगै कविताले बच्चाहरूको अवस्थाको चित्रण गरेको छ । साथै यस कविताले बच्चाहरूको सुन्दर भविष्यको परिकल्पना पनि गरेको छ ।

## ४.२.१६ रुखको उद्देश्य

**रुखको उद्देश्य** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहको सोह्रौं कविता हो । तीन परिच्छेदमा रचित यस कवितामा तेह्र पङ्क्ति रहेका छन् । प्रत्येक पङ्क्तिको अन्तिम हरफले रुखको उद्देश्य के हो भनी प्रश्न सोधेको छ । जो यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

रुखको उद्देश्य -
*आखिरमा दिनु हो कि लिनु ?*
*अरुलाई छहारी मात्र दिने कि*
*टुक्रा - टुक्रामा विभाजित भई*
*मान्छेलाई खुसी पार्नु हो ?*

यसरी निरन्तर बढ्नुमात्रै रुख हुनु होइन, आफू जन्मेको धर्तीलाई सुरक्षित गर्दै मान्छेलाई खुसी पार्नु पनि हो । प्रतीकात्मक रूपमा रुखलाई आमाबुबासँग तुलना गर्दै भविष्यमा सबै छोराछोरी गुमाएर आफैँलाई बेसहारा बनाएको चित्रण कवितामा गरिएको छ । छोराछोरीले आफ्नो दायित्व निर्वाह नगर्दा बेसहारा बन्न पुगेका आमाबुबालाई नै रुखको रूपमा कल्पना गर्दै रचित यस कवितामा आफ्ना लागि पनि केही सञ्चित गर्नुपर्छ भन्ने भाव व्यक्त भएको छ । सबै कुरा अरुलाई सुम्पेर खुसी पार्न सकिन्न भन्ने मूल भाव पनि यस कविताले व्यक्त गरेको छ । यसरी अरुलाई बुझ्नुभन्दा पहिला आफूलाई पनि बुझ्नुपर्छ भन्ने सङ्केत गर्न प्रस्तुत कविता सफल रहेको पाइन्छ ।

## ४.२.१७ भाग्यरेखा

आठ हरफमा रचित **भाग्यरेखा** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित सत्रौं कविता हो । यसमा असल बाटो भनेर हिड्दँा ठेस लागेको सर्न्दभलाई कोट्याइएको छ । कुनै एउटा बाटो हिड्न पनि नसक्ने र फर्कन पनि नसक्ने अवस्थाको चित्रण गर्दै के गरुँ भन्ने दोधार मनस्थिति कवितामा प्रकट भएको छ । जीवन सङ्घर्षको पलमा सहयात्रीले धोका दिँदा आफैँलाई धिक्कार्दै नयाँ साथीको खोजीमा लम्केका पाइलाहरूलाई कविताले चित्रण गरेको छ । आदर्शलाई आत्मसात गर्दा यथार्थमा दुःख पाएको प्रसङ्ग कवितामा आएको छ । तत्जन्य अवस्था पर्खालको रूपमा आएको छ, त्यसबाट पार पाउन नयाँ विचार चाहिएको आभाससँग भाग्यलाई रेखासँग जोडिएको छ भन्ने विचार पनि प्रस्तुत कविताले व्यक्त गर्न खोजेको मर्म हो ।

### ४.२.१८ महँगो इच्छा

**अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित नौ हरफमा रचित अठारौँ कविता **महँगो इच्छा** मा महँगीले जीवनका आधारभूत कुराहरूमाथि धावा बोलेको प्रसङ्ग कोट्याउँदै बाँच्नका लागि गरिने निकै कठिन अवस्थाको चित्रण गरिएको छ । सहजसँग बाँच्न निकै कठिन छ, त्योभन्दा पनि कठिन छ जिउँदो हुन भन्दै दूषित पर्यावरण, असुरक्षा, अशान्ति जस्ता विकृतिहरूबाट प्रताडित एक नागरिक राज्यसँग बाँच्नका लागि हात पसारिरहेको छ भन्ने भाव यस कविताले पोखेको छ । अत्यधिक महँगीले अमूर्त कुरामा पनि हस्तक्षेप गरेको छ । त्यसैले द्वन्द्वग्रस्त मनस्थिति लिएर बाँच्नु परेको पीडालाई कविताले मूल भावको रूपमा विश्लेषण गरेको छ ।

### ४.२.१९ निर्बोध नानीसँग

दश हरफमा रचित **निर्बोध नानीसँग** नामक कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित उन्नाइसौँ कविता हो । यस कवितामा बालकको निश्छल, निस्कपट मन र सुन्दर भाषाको मिठास अनुभूति व्यक्त गरिएको छ । साना नानीहरूसँग रमाउँदा मनमा हुने आनन्दको आभास महसुस गर्दै त्यस क्षणलाई स्वर्गसँग तुलना गरिएको छ । आफूले रोपेको बिरुवा लहराउँदा मालीको मनमा उब्जिएको असीम आनन्द र बच्चासँग आमाले बिताएको दिनचर्या दुवै स्वर्गको जस्तो आनन्द हो भन्ने भाव कविताले व्यक्त गर्न खोजेको छ । साँच्चै नै बालकहरूको मन निष्पाप हुन्छ, निश्छल हुन्छ, पवित्र हुन्छ, देवतुल्य हुन्छ र त्यो पललाई कसैले भुल्न सक्दैन भन्ने यथार्थतालाई पनि यस कविताले उजागर गरेको छ ।

### ४.२.२० जनताको मन

**जनताको मन** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित बिसौँ कविता हो । यो कविता एघार पङ्क्तिमा संरचित छ । यस कवितामा अधिकार पाउन आतुर जनता अर्थात् नागरिक चेतनाले तातेका छन् । अन्याय, अत्याचारका विरुद्ध क्रान्ति बोकेर युद्ध मैदानमा ओर्लन जनता आतुर छन् । परिवर्तनका लागि यो पल आवश्यक पनि छ भन्ने विचार कवितामा व्यक्त भएको छ । कविताले शासक र शोषित वर्ग बीचको द्वन्द्वलाई उजागर गर्न खोजेको छ । साथै अन्याय, अत्याचार धेरै दिनसम्म टिक्न सक्दैन भन्दै जनतालाई क्रान्तिका संवाहकका रूपमा उभ्याइएको छ । क्रान्तिमार्फत परिवर्तन आएरै छोड्ने उद्घोष गर्दै यस कविताले क्रान्तिधर्मी विचार बोकेको स्पष्ट हुन्छ ।

### ४.२.२१ झारहरू

खराब प्रवृत्तिका मानिसहरूले गर्दा राम्रा, असल राष्ट्रप्रेमी नागरिकहरू अवसरहरूबाट बञ्चित हुनुपरेको यथार्थलाई प्रस्तुत गर्न सफल **झारहरू** नामक कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित छ हरफमा रचिएको एक्काइसौँ कविता हो । झारलाई प्रतीकात्मक रूपमा नैतिकताविहीन, अन्यायी, सामन्ती, भष्टाचारी, देशद्रोही व्यक्तिका रूपमा चित्रण गर्दै असल, राष्ट्रप्रेमी सपूतहरूलाई गुनिलो बिरुवाका रूपमा उभ्याउने काम भएको छ । यथार्थमा असत्यलाई सत्यले पराजित गर्छ भन्ने महान् विचारको विरुद्ध वर्तमान अवस्थामा अन्यायीले न्यायलाई थिचेको छ । त्यसैले ती विषालु झारहरू घातक हुन् भन्ने आर्दशसहित गुनिलो झारलाई बढ्ने वातावरण सिर्जना गर्नुपर्छ भन्ने भाव प्रस्तुत कविताले दिन खोजेको छ ।

### ४.२.२२ फूल

**अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित **फूल** कविता चौध हरफमा रचना गरिएको बाइसौँ कविता हो । यस कवितामा फूल र छोरीलाई तुलना गरिएको छ । कोपिला फक्रँदाको अवस्था र छोरीको मुस्कान समानार्थी शब्दका रूपमा प्रस्तुत भएका छन् । छोराछोरीलाई बाबुआमाले गरेको अगाध माया फूलको फक्राइजस्तै हुन्छ । जसरी मानिसको सुन्दर मुस्कान मुस्कुराउँछ त्यसैगरी कोपिला पनि फुल्छ । दुवै सृष्टिका राम्रा रचना हुन् भन्ने भाव यस कविताले व्यक्त गर्न खोजेको छ । सुखी जीवनका लागि प्रेममय वातावरण असाध्यै आवश्यक हुन्छ भन्ने सत्य यस कविताले बोकेको अर्थ हो । बालकको हाँसोमा सुखका अनुभूतिहरू मिसिएका हुन्छन्, त्यो सुन्दरता प्राप्त गर्न मन लालायित हुन्छ भन्ने प्रसङ्लाई जोड्दै प्रस्तुत कवितामा फूललाई प्रेमको प्रतीकको रूपमा चित्रण गरिएको छ ।

### ४.२.२३ आफ्नो माटो

राष्ट्रप्रेमलाई आधार बनाएर लेखिएको **आफ्नो माटो** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा संरचित तेइसौँ कविता हो । सात हरफमा रचित यस कवितामा आफूलाई एक धर्तीपुत्री असल सन्तानको रूपमा वर्णन गरिएको छ । यस कविताले मातृस्नेहले गर्दा असल सन्तान निर्माण हुने कुरालाई व्यक्त गरेको छ । असल मनले गरेका असल कार्यहरू असल नै हुन्छन्, आशाका फूलहरू यथार्थमा फुल्छन्, सपनाहरू यथार्थमा बदलिन्छन् केवल त्यसमा आफ्नो पन मिसाउनुपर्छ भन्दै यस 'आफ्नो माटो' कविताले आफ्नो दायित्व हरेक मानिसले निर्वाह गर्नुपर्छ भन्ने भावना पनि व्यक्त गरेको छ । आफू जन्मेको धर्ती र आमा स्वर्गभन्दा

प्यारा हुन्छन् । आफ्नो चेतनाद्वारा दुवैको भलो हुने काम गर्नुपर्छ भन्दै यस कविताले राष्ट्रप्रेमको भावनासमेत व्यक्त गरेको छ ।

### ४.२.२४ धमिलो आकाश

बाह्र पङ्क्तिमा संरचित **धमिलो आकाश** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित चौबिसौँ कविता हो । यस कवितामा आफ्नो मनमा पीडा हुँदा वातावरण नै नराम्रो लाग्छ र आफ्नो मन जल्दा सबै कुरा फिक्का लाग्छन् भन्दै पीडित मन र वरिपरिको वातावरणसँग तुलना गर्न खोजिएको छ । कसैले गरेको अपमान बज्र बनेर ठोकिएको छ, जसले गर्दा मन टुक्रिन्छ, आत्म विचलन हुन्छ, सबै पराइ लाग्छन् भन्दै असहय वेदनामा छटपटिएको दुःखी अवस्थाको चित्रण प्रस्तुत कवितामा गरिएको छ । दुखाउनेको मन दुख्छ-दुख्दैन थाहा छैन तर अपमानित जीवन कारुणिक हुन्छ भन्नु नै यस कविताको मूल भाव हो ।

### ४.२.२५ अनिष्टता

असुरक्षित सामाजिक अवस्थाको कल्पना गर्दै त्रासदीयुक्त मनको भावलाई समेट्न सफल रहेको **अनिष्टता** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित आठ पङ्क्तिमा रचना गरिएको पच्चीसौँ कविता हो । युद्धग्रस्त सहरको सफर भययुक्त रातमा बाँच्न बाध्य निहत्था नागरिकको अवस्था चित्रण गर्दै शान्तिको कामना गरी भौतिकता सम्पन्न महलमा बसे पनि अशान्तिले मनमा चेत हुँदैन । घातमाथिको विश्वासघातको त्रासले मान्छेको भिडमा एक्लिएको महसुस गर्दै अन्धकारलाई अनिष्टको सङ्केतको रूपमा पनि व्यक्त गरिएको छ । विचार असल भए पनि कार्य असल नहुन सक्छ भन्दै गलत बाटोको विरुद्ध मानवताको उद्घोष यस कविताले गरेको छ ।

### ४.२.२६ गृहिणीको कविता

पृथ्वीका हरेक जीव सर्जक हुन् भन्ने आशय व्यक्त गर्ने उद्देश्यले रचना गरिएको **गृहिणीको कविता** नामक कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहको दश पङ्क्तिमा रचित छब्बिसौँ कविता हो । प्रत्येक पल नयाँनयाँ सिर्जनामा आतुर छ भन्दै प्रस्तुत कवितामा तात्कालीन भावहरू नसमेटिँदा ती शिरीषको फूल झैँ एक निमेषमै ओइलाएर झर्छन् र जङ्गलका फूलहरूमा झैँ तिनमा सुगन्ध बिलाएर जान्छ भन्ने विचार व्यक्त भएको छ । प्रत्येक व्यक्तिले आफ्नो मनमा उब्जिएका भावना नसमेटिँदा कविता बन्दैन, गृहिणीको पनि अवस्था त्यही हो भन्ने विचार कविताले व्यक्त गरेको छ । अस्तव्यस्त गृहणीको दिनचर्याबाट हरेक दिन

एक असल कविता बन्छ भन्ने मूल कथन नै कविताको रहेको छ । भान्छाको प्रत्येक कुनामा प्रत्येक चिजको ठक्करमा कविताका शब्दहरू तरङ्गित भइरहेका हुन्छन् भन्दै केवल सर्जकको खाँचो छ भन्दै गृहिणीलाई भावनायुक्त व्यक्तित्वको रूपमा प्रस्तुत कवितामा चित्रण गरिएको छ ।

## ४.२.२७ विगत

स्मृतिको मीठो कल्पना गरिएको **विगत** कविता वर्तमानसँग तुलना गरिएको स्मृतिबिम्ब प्रदत्त कविता हो । यो **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित नौ हरफमा रचित सत्ताइसौँ कविता हो । विभिन्न सङ्घर्ष गरी प्राप्त गरेको परिवर्तनलाई स्मृतिबिम्बको रूपमा प्रयोग गर्दै वर्तमानको अवस्थाभन्दा भूतकै मीठो सम्झनामा आफूलाई भुलाउन सक्षम पलको अवस्थाको चित्रण प्रस्तुत कवितामा गरिएको छ । दुःख गरेर पाएको सुख भन्दा मीठो दुःख नै अविस्मरणीय हुन्छ भन्दै दुःखको पल नै पाउने चाहना यस कवितामा व्यक्त भएको छ । विगतलाई स्वर्गसँग तुलना गर्दै नर्क सरह वर्तमानबाट मुक्ति पाउनका लागि सुखद् कल्पना गरिएको प्रस्तुत कविताले दुविधाजन्य मनस्थितिको चित्रण गरेको छ ।

## ४.२.२८ समय पीडा

नौ पङ्क्तिमा संरचित **समय पीडा** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्ग्रहित अठ्ठाइसौँ कविता हो । यस कवितामा प्रसव वेदनाले रन्थनिएको नारीको कारुणिक अवस्थाको चित्रण गरिएको छ । नवजात शिशुलाई जन्माउन कति गाह्रो हुन्छ भन्दै तात्क्षणिक पीडालाई समय पीडाको रूपमा प्रस्तुत गरिएको छ । सङ्घर्षमय जीवनमा प्रत्येक पल, घडी, मोड दुःखयुक्त हुन्छ जसको उल्लेख गरेर साध्य छैन र त्यो दुखाइ भोग्नेलाई मात्र थाह हुन्छ भन्दै प्रत्येक नवीन सृष्टिकर्तालाई मात्र पीडाको मार्मिकताको अनुभव हुन्छ भन्ने कुरा कवितामा व्यक्त गर्न खोजिएको छ । यस क्रममा त्यस्ता पीडाहरू सहृदयीले मात्र अनुभव गर्न सक्छन् भन्दै सृष्टिको कथनलाई यस कविताको मूल भावको रूपमा व्यक्त गरिएको छ । कवितामा कुनै पनि व्यक्तिलाई सिर्जना गरेका छौ के ? भन्ने प्रश्नको उत्तर खोजिँदै प्रसव पीडासँग समय सङ्घर्षको तुलना गर्न पनि खोजिएको छ । जीवन सङ्घर्षमय छ, सङ्घर्षको जितमै सन्तुष्टि प्राप्त हुन्छ भन्ने सत्यतालाई पनि यस कविताले समर्थन गरेको छ ।

## ४.२.२९ मुक्तिको प्रयास

परिवर्तनगामी शक्तिले क्रान्तिको बीज रोप्दाको समयको चित्रण गर्न सफल **मुक्तिको प्रयास** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित सात हरफमा रचना गरिएको उनन्तिसौँ कविता हो । अन्याय, अत्याचार विरुद्ध गरिएको क्रान्तिमा विभिन्न पीडा र चोट सहन बाध्य क्रान्तिकारी सपूतहरू समयको चक्रमा पिल्सिएर ओझेलमा पर्दाको दुःखको क्षण यस कविताको मूल भाव बनेर आएको छ । प्रत्येक क्रान्तिबाट परिवर्तन हुँदा नयाँ क्रान्तिको आवश्यकता भइसक्छ भन्दै मुक्तिको प्रयासका लागि गरिएको सङ्घर्ष आफू समक्ष आइपुग्दा बासी वा पुरानो भइसकेको आभास प्रस्तुत कविताले दिन खोजेको छ । समय परिवर्तनशील छ, त्योसँगै चेतनाको स्तर बदल्दै जानुपर्छ भन्ने क्रान्तिधर्मी विचार प्रस्तुत गर्नु पनि यस कविताको अर्को मुख्य भाव हो ।

## ४.२.३० उज्यालो हुनु अगावै

यो **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित तेह्र हरफमा विस्तारित तीसौँ कविता हो । प्रस्तुत कवितामा सुख अगाडिको प्रतीक्षामा बितेका पलहरूको अनुभूत गर्दै निश्चित परिवर्तनको आशामा रमाएको अवस्थाको चित्रण गरिएको छ । मानसिक उथलपुथल भोग्दै पर्खनुको पीडामा खुसी र दुःखको दोसाँधमा सुखद् कल्पना गरिएको छ । अमृतपान गर्ने लालसामा पर्यावरण नियाल्दै क्षितिजमा लगाएको नजरको परिकल्पना पनि यस कवितामा गरिएको छ । समयचक्रमा उज्यालो अर्थात् सुख पाउन लालायित मानिस कति आतुर छ भन्ने भाव कविताले व्यक्त गरेको छ । सुख पाउन मानिस के मात्रै गर्दैन ? कुन भूमिका मात्रै निर्वाह गर्दैन ? भन्ने जस्ता प्रश्न राख्दै मानिसको भौतिकवादी सोचलाई प्रस्तुत गर्न यो कविता सफल भएको देखिन्छ ।

## ४.२.३१ साँझपख

**साँझपख** शीर्षक राखिएको कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित एघार हरफ लामो एकतीसौँ कविता हो । यस कवितामा समयको मूल्यलाई विविध रङमा घोलेर जीवनको गतिको विस्तार र प्रकृतिको वर्णन गरिएको छ । काल्पनिक यथार्थको चित्रण गर्दै विविध जीवजन्तुको भाषामा मिठास अनुभूति गरिएको यस  कवितामा समयको भोगाइ व्यतीत गर्दै अनिच्छामा साँझ भोग्नु परेको कुरालाई बूढ्यौली उमेरसँग लगेर जोडिएको छ । दिनभरिको सुखद् जीवन भोग्दै साँझ पर्दा पनि हर्षित मन बोकेर उभिएको सन्तुष्टियुक्त मानवमनको

चित्रण यस कवितामा पाइन्छ । बादलको रङलाई जीवनको बिम्बसँग जोडेर हेरिएकाले प्रकृति प्रेम नै यस कविताको मूल कथन हो भन्न पनि सकिन्छ ।

### ४.२.३२ भन्टाको बोट

बिरुवाको सिर्जनामा प्रफुल्लित हुँदै जीवनको उमङ्ग समेटिएको **भन्टाको बोट** कविता **अनुभूतिका थोपाहरू** नामक कविता सङ्ग्रहमा संरचित बत्तीसौं कविता हो । यो दश हरफमा रचित कविता हो । यसमा प्रकृतिको सुन्दर सिर्जना वास्तवमै सुखद् अनुभूति हो भन्ने भाव प्रकट गरिएको छ । प्रकृति र मानवको परिपूरक सम्बन्ध छ । प्रकृति सुन्दर भए मानव जीवन पनि सुखी हुन्छ भन्ने भाव व्यक्त गर्दै भन्टाको बोटमा फलेको भन्टालाई जीवनको सुखद् वस्तुसँग तुलना गरिएको छ । निःस्वार्थी प्रकृतिले दिएकी सुन्दर बिरुवा जसले मानव जीवनलाई सुखमात्र दिन्छ, केही पनि लिँदैन भन्ने भाव पनि यस कवितामा व्यक्त भएको छ । केही पनि नमाग्ने केवल दिइरहने मातृस्नेह जस्तै बिरुवाको प्रेमले हामीलाई केही कुरा सिकाइरहेको जस्तो आभास प्रस्तुत कवितामा पाउन सकिन्छ ।

### ४.२.३३ विषवृक्ष

सङ्घर्षलाई विषवृक्षको प्रतीकात्मक अर्थमा समेटिएको **विषवृक्ष** शीर्षकको कविता आठ हरफमा संरचित **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित तेत्तीसैं कविता हो । यस कविताले जति प्रयास गरे पनि आफूले त्यसलाई अँगाल्न नसकेको भाव व्यक्त गरेको छ । सुन्दर र आर्कषक मिठासपूर्ण बातमा घातप्रतिघात लुकेको हुन्छ, जसले क्षणिक आनन्द दिए तापनि कालान्तरमा पीडा र शोक दिने अर्थमा कविता अगाडि बढेको पाइन्छ । विषका फूलहरू जतिसुकै आर्कषक देखिए पनि त्यसको गुण अत्यन्तै खराब हुने भएकाले त्यसलाई उपभोग गर्न नसकिने सत्यलाई कविताले उजागर गरेको छ । अमृतको एकै फल पनि विषका हजारौं फलभन्दा उत्तम हुन्छ भन्दै असल कर्मलाई प्रेरित गर्न यो कविता सबल देखिन्छ ।

### ४.२.३४ समुद्र

पानीको निश्चलता, पवित्रता र शालीनताको उदाहरण दिँदै उपकारी गुणी व्यक्तिसँग तुलना गरिएको **समुद्र** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित पाँच हरफमा संरचित चौँतिसौं कविता हो । यस कविताले चेतनाबाट लामो समय बाँच्न सकिन्छ भन्ने पूर्वीय अध्यात्मिक दर्शन ***पश्यम् शरदम् शतम्*** अथवा सयौं वर्षको आयुको विश्लेषण गरेको छ । स्थितप्रज्ञ व्यक्ति र समुद्रलाई कुनै पनि समयको उतारचढाबमा विचलित नहुने वस्तुको रूपमा

पनि हेरिएको छ । समयसँग निरन्तर चल्न सक्ने कुनै पनि कुराले हर्ष वा बिस्मात नदिने शान्त, मौन एक विशिष्ट पात्रको रूपमा समुद्रको वर्णन गर्दै यस कविताले मानिसलाई चेतनयुक्त असल प्राणी बन्नको लागि प्रेरणा प्रदान गरेको छ ।

## ४.२.३५ युद्धको व्यापार

अभाव र समस्यालाई मान्छेको स्वाभिमान बेच्ने दाउ भन्दै **युद्धको व्यापार** शीर्षक दिइएको कविता नौ हरफमा रचित **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित पैँतिसौँ कविता हो । यस कविताले अनिकालमा मानिसको सबै कुरा बेचिन्छ भन्दै मान्छे र युद्धलाई विरोधाभास वस्तुको रूपमा तुलना गरिएको छ । युद्ध परिवर्तनका लागि नभई कसैको स्वार्थका लागि गरिएको अवस्थालाई सङ्केत गर्न कवयित्रीले विरोधको रूपमा कविता सिर्जना गरेकी छन् । स्वार्थी मानिसलाई अमान्छे वा दानवको संज्ञा दिँदै मान्छेको अस्तित्व निखेपछि बेचेर खान काम लाग्ने वस्तुको रूपमा युद्ध अथवा गरिबी, भोक, शोक आदिलाई प्रतीकात्मक रूपमा व्यङ्ग्य गरेकी छिन् । विश्वमा भएका विविध युद्धपछिका तहसनहस, रोग, भोकमरीको चित्रण गर्दै युद्धग्रस्त यथार्थको अवस्था यस कविताले व्यक्त गर्न खोजेको छ ।

## ४.२.३६ ग्रहण

शक्तिको अवसान नै ग्रहण हो भन्ने अर्थ चरितार्थ गर्न सफल भएको **ग्रहण** कविता सात पङ्क्तिमा रचित **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा संरचित छत्तिसौँ कविता हो । समयको गतिलाई कसैले छेक्न सक्दैन भन्ने यथार्थ बोकेको यस कवितामा अथाह तेज र शक्तिको प्रतीक सूर्यमा समेत ग्रहण लाग्छ भन्दै ग्रहणलाई सङ्कटको रूपमा तुलना गर्न खोजिएको छ । अवनतिको प्रतीक अथवा अधोगतिको रूपमा कवितामा ग्रहणलाई चित्रण गरिएको छ । समयभन्दा बलवान् कोही छैन, समयभन्दा शक्तिशाली कोही छैन भन्दै समयको चक्रमा सबै जीवजन्तु, प्राणी, वनस्पति चल्नैपर्छ भन्ने मूल कथनलाई कविताले स्पष्ट पारेको छ । सामन्ती शासनको पतन भएरै छोड्छ, समय आएपछि क्रान्ति आफैँ हुन्छ भन्ने प्रतीकात्मक अर्थ बोकेको यस कविताले जो जेजस्तो भए पनि सधैँ शक्तिशाली हुन सक्दैन भन्ने गहन तथ्यलाई उजागर गरेको छ ।

## ४.२.३७ नयाँ दिन

**अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा संरचित सैँतिसौँ स्थान ओगटेको दस हरफमा रचित **नयाँ दिन** कविताले कुनै कुराको सफलता बोकेर खुसी भएको पललाई सम्झँदै नयाँ दिन,

नयाँ क्षणको रूपमा व्यक्त गरेको छ । कल्पनाका सत्यहरू यथार्थमा परिणत हुने आशालाई कवितामा समेटिएको छ । नयाँ दिन अथवा केही प्राप्तिको क्षण नै कविताको शीर्षकको रूपमा आएकाले तात्क्षणिक संवेग यस कवितामा पाइन्छ । ज्ञान र विवेकबाट आफ्नो व्यक्तित्वको विकास हुँदै गएको अनुभूति र निरन्तर सफलताले सुनिश्चित भएको भविष्यको मीठो कल्पना कवितामा उल्लेख छ । अप्रत्यक्ष अर्थका तहबाट देखिएका सपनाहरूलाई फल्नेफुल्ने सुन्दर फूलका रूपमा मनमा सजाउँदै निरन्तर सङ्घर्षरत व्यक्तिको रूपमा कवयित्रीले आफूलाई प्रस्तुत गरेको कुरा पनि यस कविताबाट बुझ्न सकिन्छ ।

## ४.२.३८ पुनर्यात्रा

परिवर्तनपछिको सुन्दर बिहानीमा बितेको सङ्घर्षमय पललाई यात्राको रूपमा चित्रित गरिएको **पुनर्यात्रा** नामक कविता बाह्र हरफमा रचित **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित अठतीसौँ कविता हो । यस कवितामा क्रान्तिको अप्ठ्यारो परिस्थितिमा सङ्कटपूर्ण अवस्थासँग नहिच्किचाइ, नडराइ हिँडेको अवस्था व्यक्त भएको छ । क्रान्तिपछिको परिवर्तन जित होइन अझै धेरै काम गर्न बाँकी छ भन्ने प्रसङ्गमा शीर्षक पुनर्यात्रा आएको छ । बाटो बनाउँदै यात्रा अघि बढाउनुपर्छ । एउटा सीमाको अन्त्यपछि नयाँ दिन, नयाँ बिहानीमा अर्को यात्रा सुरु हुन्छ, त्यो सार्थक भएन भने विगतका सङ्घर्षहरू खेर जान्छन् भन्दै क्रान्तिपछिको उन्मुक्तिमा नयाँ इतिहास कोर्न यस कविताले क्रान्तिकारीहरूलाई आग्रह गरी नवीन इतिहास निर्माण गर्नुपर्छ भन्ने मूल भाव पनि व्यक्त गरेको छ ।

## ४.२.३९ दुइटा गुलाफ

**अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित **दुइटा गुलाफ** कविता दस हरफमा संरचित उनन्चालीसौँ गद्य कविता हो । यस कवितामा विविध समस्याको पीडादायी अवस्थाको बेलामा पनि आफूलाई जोगाउन सफल वीर योद्धाको रूपमा गुलाफलाई तुलना गरिएको छ । साउने झरी, झुसिल किरालाई विध्वंशकको प्रतीकको रूपमा प्रयोग गर्दै सहनशील गुलाफको चित्रण गरिएको छ । अरुले जति दुःख दिए पनि सहन सक्ने सहनशील वस्तुको रूपमा गुलाफलाई असल योद्धासँग पनि तुलना गरिएको छ । पीडाबीच मुस्कुराउन सक्ने मान्छे सबैतिर हुन सक्दैनन्, जो यस्ता हुन्छन् तिनीहरूको ईर्ष्या लाग्नु स्वाभाविकै हो भन्दै काँडाका बीचमा फुलेका दुई गुलाफ अथवा समस्याको बीचमा रमाएका दुई प्रेमीप्रेमिका बीच तुलना गरी दुःखमा हाँसेको युगल जोडीको सुन्दर जीवनको अर्थपूर्ण अवस्थामा रचनाकार स्वयम् पनि खुसी भएको र ईर्ष्या जागेको अवस्था कवितामा वर्णित छ ।

### ४.२.४० आकाश

एक्लोपनको महसुस गर्दै आकाशको जून र तारालाई एक्लाएक्लै भए पनि खुसीको उपमा भिराउँदै मन बुझाइएको अवस्थाको चित्रण गर्न सफल **आकाश** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित एघार हरफमा रचना गरिएको चालीसौँ कविता हो । यस कवितामा अँध्यारोमा पनि उज्यालो खोज्न सकिने सकारात्मक विचार व्यक्त गरिएको छ । जून चहकिलो भएको अवस्थालाई मान्छेको खुसीसँग तुलना गरिएको छ । आफ्नो वरपरको वातावरण दुःखित छ तर मन प्रफुल्लित छ भने एक्लोपनको महसुस हुनै सक्दैन । तर खुसी हुन मन रमाउनुपर्छ भन्ने कटु सत्य बोकेको यस कविताले घरभरि मानिस हुँदा पनि आफ्नो पक्षधर कोही नभएको अवस्थाको कल्पना गर्दै सारा संसार, समय, संयोग, यथार्थ आफ्नो पक्षधर भएको महसुस गर्दै आकाशको जून र तारासँग आफूलाई तुलना गरिएको छ ।

### ४.२.४१ विस्थापित न्याय

जीवनलाई ऐनामा परेको पानीको छिटासँग तुलना गर्दै अस्तित्व खोज्न लागि परेकी एक नारीको सङ्घर्षलाई चित्रण गर्न सफल **विस्थापित न्याय अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित सात पङ्क्तिमा रचित एक्चालीसौँ कविता हो । समाजलाई ऐनाको प्रतीकको रूपमा मान्दै आफूलाई पानीको थोपाको प्रतीकका रूपमा उस्तै आकार दिन गरेको क्रियाकलाप कविताको विषयवस्तु बनेको छ । आफूले असल कार्य गर्दागर्दै पनि अपमानित हुनुपरेको पीडा र अपहेलित अवस्था यस कवितामा प्रस्तुत भएका छन् । जसरी ऐनाका पानीका थोपाहरू पुछिन्छन् त्यसैगरी अन्धविश्वास, पुरातन विचार आदिका नाममा निहत्था भई पन्छिनु परेको एउटा नारीको जीवनको व्यथालाई यस कविताले  मार्मिकताका साथ प्रकट गरेको छ ।

### ४.२.४२ रात-२

उज्यालोलाई अन्तर्गभमा लुकाएर बिहानी पर्खेको समय र सहबास पछि गर्भिणी भएकी नारीलाई तुलना गरिएको **रात-२** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित चार हरफमा रचित बयालीसौँ कविता हो । समयको परिवर्तन चाहने आमा असल पुत्र जन्माउन रातको कठिन परिस्थिति झेल्न आतुर रहेको कुरा पनि यस कविताले व्यक्त गर्न खोजेको छ । वीरयोद्धा पुत्र उर्फ सूर्यको उज्यालोको आशामा बिताएको समय क्रान्ति अघिको समयको रूपमा यस कवितामा चित्रित छ । सुन्दर बिहानीका लागि सपूतहरूले ज्यानको बाजी थापी गरेको सङ्घर्षलाई व्यक्त गर्दै दुःख पछिको सुख मीठो हुन्छ, त्यो पर्खाइमा जस्तोसुकै कठिन पल आए

पनि सहजै बित्छ भन्दै प्रसव पीडामा छट्पटाएकी नारीलाई नवीन जन्मको खुसीमा रमाउन पनि आग्रह गरिएको छ ।

### ४.२.४३ रात -३

अँध्यारो समयमा उज्यालो खोज्न हिँड्दा पाएको पीडालाई नै विषयवस्तु बनाइएको **रात-३** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित त्रिचालीसौँ आठ हरफे कविता हो । निरङ्कुश शासकका निरङ्कुश सैनिकहरूलाई कुकुर वा पशुको बिम्बको रूपमा प्रस्तुत गर्दै आफूलाई दिएको पीडा, दुःख, यातना आदिको सम्झना स्वरूप अमानवीय व्यवहारबाट लागेको घाउले बिथोलिएको मन र ढुकढुकीमात्र बाँकी रहेको तनले यस कवितामा युद्धकालको स्मरण गराएको छ । निरङ्कुशताको जञ्जीरले बाँधिएको समय निकै कष्टपूर्ण थियो भन्दै त्यो समयलाई रात - ३ को संज्ञा दिन खोजिएको छ । जूनतारा अस्ताइसकेको तर बिहानी आउन नसकेको बेलालाई निस्सासिएको समय भन्दै क्रान्ति सुरु भइसकेको तर पूरा भइनसकेको अवस्थाको तुलना पनि यस कवितामा गरिएको छ ।

### ४.२.४४ रात -४

**अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित **रात -४** कविता चार पङ्क्तिमा संरचित चवालीसौँ कविता हो । विगतलाई संस्मरण गर्न, झक्झकाउन, आफ्नो पृष्ठभूमिमा फर्कनका लागि रातसँग सपनाको गुहार मागिएको यस कविताले उद्देश्यतिर विमुख अगुवालाई लक्ष्य समात्न आग्रह गरेको छ । आफूले देखेको सपनालाई यथार्थमा रूपान्तरण गर्न, स्वार्थमा नअल्भिन, विगतका समय सन्दर्भ कोट्याएर रात अथवा हिजोको समयलाई सम्झाउनु नै यस कविताको मूल अभिप्राय रहेको छ । आगतमा टेकेर विगतका अवस्थाको चित्रण गर्न पनि सफल यस कवितामा बाटो बिर्सिएकाहरू, उद्देश्य गुमाएकाहरूलाई रातको चेतनाद्वारा सपनाको अस्तित्व देखाइ मीठो निद्रा अथवा सङ्घर्षको यात्रालाई प्रतीकको रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२.४५ रात - ५

रात अथवा क्रान्ति, उज्यालो अथवा परिवर्तनलाई प्रतीकको रूपमा उभ्याएको **रात - ५** शीर्षक कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित छ हरफमा रचित पैँतालीसौँ कविता हो । यस कवितामा सामुद्रिक छाललाई क्रान्तिकारीहरूको जमातको रूपमा वर्णन गर्दै परिवर्तनतर्फ उन्मुख जनचेतना, जनचाहनालाई कसैले छेक्न र रोक्न सक्दैन भन्ने आशय व्यक्त गरिएको छ । बिहानी भनेको परिवर्तन हो । क्रान्तिको लक्ष्य बिहानी नै हो । स्वस्फूर्त रूपमा

सुरु भएको क्रान्तिलाई कुनै शक्तिले पनि रोक्न-छेक्न सक्दैन भन्दै रात नै क्रान्तिको रूपमा बिहानी खोजिरहेको अवस्थाको चित्रण यस कवितामा पाइन्छ । नेतृत्व शक्तिले पनि स्वस्फूर्त उठेको क्रान्तिलाई नियन्त्रण गर्न नसक्ने भन्दै क्रान्तिशक्ति सर्वोपरि शक्तिको रूपमा रहेको हुन्छ र रात उर्फ क्रान्तिको लक्ष्य पनि आमूल परिवर्तन हो भन्ने कथन नै यस कविताको मूल भाव रहेको देखिन्छ ।

## ४.२.४६ कमलको फूलसँग

**कमलको फूलसँग** कविता **अनुभूतिका थोपाहरू** नामक कविता सङ्ग्रहमा सङ्कलित चार पङ्क्तिमा रचिएको छयालीसौँ कविता हो । यस कवितामा आफ्ना जन्मदिने पितामातालाई घृणा गर्ने सन्तानहरूलाई यथार्थ बुझाउने चेष्टा गरिएको छ । हिलोमा उम्रेको कमलसँग मानिसको तुलना गरी असीम माया, ममता, स्नेह खन्याएर सक्षम बनाएका सन्ततीले आफ्नो दायित्व बिर्सेपछि पीडित आमा-पिताको मन कस्तो हुन्छ होला ? भन्ने भाव यस कवितामा व्यक्त भएको छ । मातृऋण तिर्न हरेक पुत्र तयार हुनुपर्छ भन्ने असल सन्देश दिने यस कवितामा आफू सबल भइसकेपछि आफैँलाई जन्मदिने आमालाई बिर्सने तथा परदेशी भएपछि आफ्नो मातृभूमि बिर्सने सन्तानप्रति मातृप्रेम र राष्ट्रप्रेमको पाठ सिकाएको छ ।

## ४.२.४७ उत्सव

दुःखैदुःखको बीचमा उम्रिएको सुखले कति आनन्द दिन्छ भन्ने यथार्थ खोतल्न सफल **उत्सव** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा संरचित छ हरफमा रचित सतचालीसौँ कविता हो । काँडैकाँडा भएको अथवा दुःखैदुःखमा रुमल्लिएको क्याक्टस (वनस्पति विशेष) उर्फ समस्याग्रस्त मानवजीवन बीच तुलना गर्दै अभावमा देखिएको सुखलाई क्याक्टसको फूलसँग पनि तुलना गरिएको छ । जीवन सुख र दुःखको चौतारी हो, यो चौतारीमा थोरै आनन्द पनि उत्सवको रूपमा रहन्छ भन्ने वास्तविक सत्यलाई कवितामा प्रस्तुत गरिएको छ । निस्पाप, निश्छल, हाँसो र फक्रेको फूलको समानता प्रस्तुत गर्दै काँडाहरू बीच फुलेको फूलको महत्व दर्शाउने काम पनि यस कवितामा भएको छ ।

## ४.२.४८ बुद्ध हुन नसकेको बुद्ध म

असङ्ख्य दुःख र पीडा देख्दादेख्दै, भोग्दाभोग्दै सहृदयी हुन नसकेको पीडालाई व्यक्त गर्न सफल **बुद्ध हुन नसकेको बुद्ध म** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित आठ हरफमा रचित अठचालीसौँ कविता हो । मानव भएर कसैको काम लाग्न नसक्ने वस्तुको रूपमा

आफूलाई चित्रण गर्दै 'म' पात्रले भोगेको पीडा कवितामा व्यक्त भएको छ । मानवताबोधको चाहना हुँदाहुँदै समय र परिस्थितिले विवश एउटा मान्छेको कारुणिक मानसिक अवस्थाको चित्रण पनि यस कविताले गरेको छ । मृत्युको बाढी, विवश सुस्केरा र युगको सजायजस्ता प्रतीकका माध्यमबाट यान्त्रिक जीव, वेदनाहीन प्राणी अथवा बुद्धत्वविहीन मानिसको रूपमा प्रस्तुत कविता रचना गरिएको छ । बुद्धले रोगी, वृद्ध र मृत्युबाट ज्ञान प्राप्त गरे तर आफूले यी तीनवटै कुरा भोग्दा पनि बुद्धत्व प्राप्त गर्न नसकेको पीडा यस कवितामा व्यङ्ग्यका रूपमा आएको छ ।

## ४.२.४९ आशा

यो **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित पाँच पङ्क्तिमा रचित उनन्चासौँ कविता हो । नकारात्मक विचार, असहयोगी परिस्थिति तथा समयको झिनो सकारात्मक स्पर्शले जगाएको पललाई कविताको शीर्षक आशाको रूपमा व्यक्त गरिएको छ । दुःख र पीडालाई चकमन्न अँध्यारो रातको प्रतीक मान्दै जून मधुर प्रकाशको बिम्ब, सकारात्मक सोच र विचारका रूपमा कवितामा प्रस्तुत भएको छ । सान्त्वनाको सानै शब्द पनि जीवन बाँच्ने हौसला बन्छ भन्ने सत्य कविताले बहन गरेको छ । यति ठूलो संसारमा मन मिल्ने सहृदयी पाउन निकै कठिन छ भन्दै सबैले कमजोरीको फाइदा उठाँउछन् भन्ने सन्देश पनि यस कविताले दिएको छ । तीमध्ये कसैले सानो सहयोग गर्दा मन प्रफुल्लित भई रमाउँछ भन्ने सार यस कवितामा रहेको छ । रातलाई चिर्ने उज्यालो र नकारात्मक विचारलाई पछार्ने सकारात्मक सोच उस्तैउस्तै हुन् भन्ने मूल कथन प्रस्तुत कवितामा वर्णित छ ।

## ४.२.५० परिस्थिति

दुःखलाई कालो, बाक्लो, अँध्यारोको प्रतीकको रूपमा चित्रण गर्दै त्यसबाट बाहिर निक्लन चन्द्रमा वा थोरै उज्यालो खोज्ने एक सङ्घर्षशील व्यक्तित्वको जीवन गाथा समेट्न सफल **परिस्थिति** नामक कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित सात पङ्क्तिमा रचित पचासौँ कविता हो । जीवनलाई सङ्घर्ष मान्दै कुनै पनि पल नआत्तिई, नहड्बडाई, निराश नभई अघि बढ्न यस कविताले सबैलाई अभिप्रेरित गरेको छ । कुनै पनि समस्याको समाधान हुन्छ केवल चेतनाले धैर्यताकासाथ त्यससँग जुध्न तत्पर हुनुपर्छ । बादल अथवा समस्यालाई चन्द्रोदय अथवा जुक्तिका रूपमा तुलना गर्दै सफल बाटोको खोज गर्नु नै यस कविताको मूल कथन रहेको छ ।

## ४.२.५१ सत्य

आठ पङ्क्तिमा संरचित **सत्य** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित एकाउन्नौँ कविता हो । दिन र रात उज्यालो र अँध्यारोको प्रतिबिम्ब हो । हावा निरन्तर बहिरहन्छ, दिनपछि रात आएजस्तै दुःखपछि सुख र सुख पछि दुःख आइनै रहन्छ र खोला पनि निरन्तर बगिरहन्छ । मानिसमा कोही सफल हुन्छन्, कोही बिफल हुन्छन् । यी सबै समय र परिस्थितिका खेलहरू हुन् । हामीले हाम्रो कर्तव्य कहिल्यै पनि बिर्सनु हुन्न भन्ने यथार्थ सत्य र आदर्शलाई यस कविताले समेटेको छ । अँध्यारोमा बाँच्न चाहनेले उज्यालो खोज्दैन, त्यसैगरी अँध्यारोमा रमाउने भ्याउलाई घामको ताप पनि चाहिँदैन भन्ने जस्ता प्रतीकात्मक वाक्य गठनले कविता बिम्बात्मक बनेको छ ।

## ४.२.५२ विवशता

समय र परिस्थितिसँग सामना गर्न नसकेका मानिसहरूलाई चेतनाविहीन व्यक्तिको रूपमा तुलना गर्दै नौ पङ्क्तिमा रचित **विवशता** नामक कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित बाउन्नौँ कविता हो । यस कवितामा आफूले देख्दा र भोग्दाको छुट्टाछुट्टै अनुभूति व्यक्त गरिएको छ । अरुको पीडामा सान्त्वना दिन तत्पर हुने मानवहरू आफ्नो पीडामा अरुले सान्त्वनामात्र दिँदा रिसाउन पुग्छन् भन्ने भाव समेट्दै अगाडि बढेको यस कवितामा सहयोग नगर्नेले सहयोगको आशा गर्दा संसारलाई दयाविहीन समाजको रूपमा देखाइएको छ । त्यसैले अरुका समस्यामा सहयोग गरेमात्र आफूले पनि अरुबाट सहयोग पाइन्छ भन्दै एक हातले मात्र ताली बज्दैन भन्ने उखानको चरितार्थ यस कवितामा पाइन्छ । निरङ्कुशताको विरोध गर्नेहरू आफैँ शासक भएपछि अन्याय, अत्याचार, भ्रष्टाचार आदि गर्न पछि पर्दैनन् भन्ने प्रतीकात्मक अर्थ पनि यस कविताले व्यक्त गरेको छ ।

## ४.२.५३ राजनीति

राजनीतिप्रति वितृष्णा जागेको भाव प्रकट गर्ने **राजनीति** नामक कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा संरचित पाँच हरफमा रचना गरिएका त्रिपन्नौँ कविता हो । नेतृत्वशक्तिको खिल्ली उडाउन सफल यो कविता व्यङ्ग्यप्रधान रचना हो । हराउँदै गएको इमान्दारिता, नैतिकता र सिद्धान्तको आडम्बरीपनलाई साँढेहरूको रजाइँको संज्ञा दिँदै विकृत पद्धतिको विरोध यस कवितामा गरिएको छ । असल मान्छे पनि शक्ति, पद र प्रतिष्ठा आर्जन गरिसकेपछि खराब आचरणको बन्दै गएको कुरालाई उजागर गर्दै राजनीतिलाई फोहरी खेलको संज्ञा पनि दिइएको छ । राजनीतिक नेतालाई निर्लज्ज साँढेको प्रतीकको रूपमा प्रस्तुत गरी

जस्तोसुकै अवस्थामा पनि मानिस हुनुको महत्व अर्थ, औचित्य गुमाउनु हुँदैन भन्ने सत्यतालाई कविताले वर्णन गरेको छ । मान्छेले रूपान्तरण गरेको राजनीति वास्तवमै खराब आचरण भएका मानिसहरूले मात्र अखडा बनेको कथन यस कवितामा पाइन्छ ।

## ४.२.५४ आफ्नै इतिहास

**अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा संरचित **आफ्नै इतिहास** कविता पाँच पङ्क्तिमा रचना गरिएको चउन्नौँ कविता हो । यसमा आफ्नै अस्तित्वको खोज गरिएको आफू हिँडेको गोरेटोमा पाइलाको डोब खोज्ने काम भएको छ । कवितामा डुङ्गाको पानीको यात्रा जस्तै मार्गविहीन मान्छेको क्रियाकलापलाई दर्शाउन खोजिएको छ । समयको पदचापको प्रभाव जीवनको कुनै पाटोमा नदेखिएकाले त्यो खोज्ने चेष्टा कवितामा गरिएको छ । समयलाई नदीको वहाव र आफ्नो गतिलाई उद्देश्यहीन चालको रूपमा तुलना गर्दै स्मृतिबिम्बको प्रयोग कवितामा गरिएको छ । पानीमा गरिएको यात्रामा खुट्टाको पाइलाको डोब खोज्नु कल्पना मात्र हो तर पनि विगतलाई सम्झेर अगाडि बढ्नुपर्ने कुरा कवितामा व्यक्त गरिएको छ ।

## ४.२.५५ आमा

*जननी जन्म भूमिश्च : स्वर्गादपि गरियसि* भन्ने संस्कृत कथनलाई उजागर गर्न प्रस्तुत भएको **आमा** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा सङ्कलित पाँच पङ्क्तिमा रचित पचपन्नौँ कविता हो । मातृप्रेमलाई हृदयमा राखी रचना गरिएको यस कविताले आमाको प्रयत्नबाट मात्र आफ्नो अस्तित्व रहेको सत्य बोकेको छ । आफूलाई एउटा बीज र आमालाई धर्तीको रूपमा स्वीकार्दै मृत्युपर्यन्त रहेको जीवनको वर्णन पनि गरिएको छ । स्रष्टाको सिर्जना र आमाले दिएको जीवन अतुलनीय एवम् अनमोल वस्तु हुन् भन्दै यस कविताले आमाको मायालाई अति दुर्लभ वस्तुको रूपमा अघि सारी आमाप्रति हार्दिकता प्रकट गरेको छ । जीवन फलाउन - फुलाउन आमाले गरेको निःस्वार्थ कर्मलाई महान् कार्य मान्दै यस कविताले मातृप्रेमको भावनालाई मिठो भाषा शैलीका माध्यमबाट व्यक्त गरेको छ ।

## ४.२.५६ किशोरावस्था

**किशोरावस्था** कविता पाँच हरफमा रचित **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा संरचित छपन्नौँ कविता हो । बाल्यावस्थाबाट विस्तारै उक्लँदै गएको उमेरमा कसैको इच्छाको प्रभाव पर्दा बिथोलिएको मन र पीडाले झरेको आँसुलाई समेट्न सफल यस कविताले कलिलो बैंसमा आफ्नो आत्म निर्णयमाथि चोट पर्दाको अवस्थालाई मकैको बोटबाट झरेको शीतको

थोपासँग पीडा पोखिएको अनुभव गर्दै बाध्यतामा बिताएको जीवनको वकालत गरेको छ । अचानक आएको परिस्थितिसँग चेतनाको जम्काभेट हुँदा द्विविधाजन्य अवस्था सिर्जना हुन्छ, जसले नियन्त्रण राख्दैन र विद्रोह जन्माउँछ भन्ने भाव यस कविताको छ । छट्पटाहटको अवस्थामा सान्त्वनाको सट्टा कसैले चर्को स्वरमा अधिकार प्रयोग गर्दा असहज स्थिति उत्पन्न हुन्छ भन्दै मकैको बोटको आँसु शीत र मान्छेको पीडालाई समानार्थी शब्दको रूपमा प्रयोग भएको छ ।

### ४.२.५७ रात -६

रातलाई सहयात्रीका रूपमा वर्णन गर्ने यो **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा संरचित छ हरफे सन्ताउन्नौं कविता हो । रातको सामीप्य अनुभव गरिएको यस कविताले दुःखी र सुखी मनको परिकल्पना गरेको छ । चिन्ताविहीन अवस्थामा रात निद्राको साथमा सहजै बित्छ भन्दै रातलाई नरम वस्तुसँग तुलना गरिएको छ भने चिन्ताग्रस्त समयमा रात काँडेदार वस्तु बनेर घोचेको पलको वर्णन गरिएको छ । ननिदाएका आँखाहरू रातका सुखदुःखमा अँध्यारोसँग बिहानी कुर्छन् भन्दै **रात -६** कवितामा सुख र दुःखको परिपूरकता देखाउन खोजिएको छ ।

### ४.२.५८ स्वीकारोक्ति

मनको कोमलतालाई अनुभव गर्दै नदुख्न र नदुखाउन प्रण गरेको प्रसङ्ग उल्लेख गर्ने यो **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा संरचित आठ हरफमा सिर्जना भएको अन्ठाउन्नौं कविता हो । कसैले घातप्रतिघात गर्दा दुख्ने अमूर्त मनको पीडालाई विचरो वस्तुका रूपमा तुलना गरी रचिएको यस कवितामा अन्तगर्भमा लुकेको मन र फुटपाथमा फालिएको ढुङ्गोलाई समकक्षीको रूपमा वर्णन गर्दै कोमलता र कठोरताको परिपूरक सम्बन्ध देखाउन खोजिएको छ । लुकेको मनको पीडा त सहजै अनुभूत गर्न सकिँदैन भने फालिएको ढुङ्गोले बज्रपात कसरी खप्ला ? भन्दै सम्पन्न र अभावग्रस्त सामाजिक जीवनको तुलानात्मक वर्णन यस कवितामा गरिएको छ ।

### ४.२.५९ पूजा

यो **अनुभूतिका थोपाहरू** नामक कविता सङ्ग्रहमा सङ्कलित एघार पङ्क्तिमा रचित उनान्साठिऔं कविता हो । यस कविताले आध्यात्मिक दर्शनमाथि तीखो व्यङ्ग्य प्रहार गर्दै ढुङ्गाको मूर्ति अगाडि नतमस्तक भक्तहरू भाग्य अज्माउन लागि परेका छन् भन्दै यथार्थमा ढुङ्गारूपी भगवान् आफैँ सुरक्षित छैनन् भनी विचरा भगवान्को उपमा भिराइएको व्यञ्जना

अर्थ प्रकट गरेको छ । भाग्यप्रेमी मानवलाई कर्मतिर लाग्न आग्रह गर्ने यस कविताले जति सुन्दर फूल र मीठो नैवेद्य चढाए पनि केही गर्न असमर्थ द्यौता दयाका पात्र बनेका छन् भन्दै अध्यात्मिकवादबाट भौतिकवादतर्फ सबैलाई लाग्न प्रेरित गरेको छ । आस्थाको पछि लागी कर्म बिर्सँदै जानु धर्मको मर्म होइन भन्ने भाव नै कविताको मूल मर्म हो । सुख, सुरक्षा र आयुसँग नैवेद्य र भेटी साट्नु मूर्खतापूर्ण कार्य हो भन्दै असल आस्था र विचार राख्न पनि सबैलाई यस कविताले आग्रह गरेको छ ।

## ४.२.६० डाक्टर

डाक्टरलाई स्रष्टाको रूपमा चित्रण गर्न सफल **डाक्टर** कविता **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा संरचित अन्तिम तथा साठिऔँ कविता हो । यो आठ पङ्क्तिमा पङ्क्तिबद्ध छ । आफूले पाएको ज्ञान र उपकरणहरूबाट सुन्दर कविता सिर्जने कविको रूपमा यो कविता रचना गरिएको छ । जसरी रोगीका उपचारका लागि गरिएका यावत कर्म असल हुन्छन्, त्यस्तै प्रेमीका मनोरोगीका लागि गरिएको काम जीवनका रूपमा यस कवितामा प्रस्तुत गरिएको छ । जीवनको सुखदुःखमा साथ दिने पति उर्फ डाक्टरलाई आफ्नो जीवन रचना गर्ने सृष्टिकर्ता व्यक्तिको रूपमा कवितामा प्रस्ट्याइएको छ । कवितामा प्रेमभाव र प्रेममय वातावरण युक्त भएकाले जीवनकै कविता लेख्ने कविका रूपमा शीर्षक 'डाक्टर' प्रयोग भएको देखिन्छ । जीवनलाई सुन्दर पार्न प्रत्येक पल सहकार्य गर्ने असल सहयोगी, घनिष्ट मित्र तथा कुशल कविका रूपमा सहयात्री प्रेमीलाई समर्पण गरिएको यस कविताले स्नेहको भावना पनि व्यक्त गरेको छ ।

## ४.३ सुलोचना मानन्धर धितालका कवितात्मक प्रवृत्तिहरू

**अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहभित्रका कविताहरूले समसामयिक युगका बेतिथि, विकृति, विसङ्गति आदिको चित्रण गर्दै नेपाली समाजको वास्तविकतालाई पनि छर्लङ्ग पारेका छन् । कविता सङ्ग्रहभित्रका कविताहरूमा राजनीतिक, सामाजिक क्षेत्रका विकृतिप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको पाइन्छ भने राष्ट्रवादी स्वर, मानवतावादी चिन्तनको अभिव्यक्ति र प्रकृतिको भव्य एवम् विराट रूपको चित्रण उत्तिकै मनमोहक ढङ्गले गरिएको पाइन्छ । कवयित्रीले शीर्षकगत नौलो आयाम दिन खोजेकी छन् । यस सङ्ग्रहमा प्रयुक्त शीर्षकहरू वाक्यस्तरीय, पदावलीस्तरीय र पदस्तरीय रहेका छन् । ती शीर्षकहरूले प्रायः प्रतीकात्मक अर्थ सङ्केत गर्दछन् । विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगले यस सङ्ग्रहका कविताहरू निकै गम्भीर  भावबोध गराउन सफल भएका छन् । यस सङ्ग्रहमा विम्बका रूपमा प्रकृति, नेपाली

जनजीवन, संस्कृति तथा पशुपंक्षीहरू आएका छन् । त्यस्तै प्रतीकविधानका दृष्टिले पनि यो सङ्ग्रह महत्त्वपूर्ण देखापर्छ । यस सङ्गहका धेरैजसो कविताहरूमा नवीन बिम्ब र प्रतीकको प्रयोग भएको देखिन्छ । त्यस्तै अलङ्कारविधानका दृष्टिले यस सङ्ग्रहमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको छ । कविताहरूको अध्ययन विश्लेषणबाट सामान्यीकरण सिद्धान्तका आधारमा कवयित्री सुलोचना मानन्धर धितालका कवितात्मक प्रवृत्तिहरूलाई निम्न लिखित अनुसार निरूपण गर्न सकिन्छ :

### ४.३.१.राष्ट्रवादी विचारको अभिव्यक्ति

राष्ट्रवादी विचारको अभिव्यक्ति कवि सुलोचना मानन्धर धितालको महत्त्पूर्ण कवितात्मक प्रवृत्ति हो । उनले आफ्ना कवितामा एउटा सचेत नागरिकले आफ्नो राष्ट्रप्रतिको दायित्व पूरा गर्नु पर्ने विचारलाई महत्त्वका साथ प्रस्तुत गरेकी छन् भने राष्ट्रले भोग्नु परेका थुप्रै समस्याहरूको चित्रण पनि मार्मिक ढङ्गले गरेकी छन् । राष्ट्रियतालाई केन्द्रमा राखेर आम नागरिकमा देशप्रेमको भावना विकास गराउनु कवि धितालको मूल अभीष्ट हो :

जब मैले धर्तीलाई आफ्नो बनाएँ
एक टुक्रा माटोसँग
साइनो जोडेँ (धर्ती,पृ. १)

यसरी धितालका कवितामा राष्ट्रवादी स्वर प्रखर रूपमा देखापरेकाले राष्ट्रवादी विचारको अभिव्यक्ति उनको महत्त्पूर्ण कवितात्मक प्रवृत्ति हो भन्न सकिन्छ ।

### ४.३.२.आशावादी जीवनदृष्टि

आशावादी जीवनदृष्टि कवि सुलोचना मानन्धर धितालको अर्को महत्त्वपूर्ण प्रवृत्ति हो । तत्कालीन समसामयिक घटनासँगै कवयित्री धितालले यस कवितामा आशावादी जीवनदृष्टि पनि प्रस्तुत गरेकी छन् । विकृति, विसङ्गति, शासकीय क्रुरता आदिको चित्रण गर्दागर्दै कवि धितालले आफ्ना कवितामा आशावादी स्वर पनि प्रस्तुत गरेकी छन् । अन्धकार रातपछि बिहानीको सुनौलो किरण आए जस्तै एक दिन समाजबाट अन्धकार हटेर समाज सुन्दर हुने विचार उनका कवितामा व्यक्त भएको पाइन्छ :

आत्मविश्वासमा
मनको पिँधमा

आफसेआफ अमृत रसायो ( उज्यालो हुनु अगावै,पृ. ३०)

यो मेरो नयाँ दिन
यसमा नै
मेरो भविष्यका
कति बीजहरू थिग्रीएका छन्,
मेरा भोलि फल्ने क्षणहरू.....(नयाँ दिन, पृ. ३७)

यसरी मानवजीवन, समाज र राष्ट्रका अप्ठ्यारा र चुनौतीहरूको चित्रण गर्दै निराशाभित्र पनि आशाको दियो खोज्नु पर्ने विचार उनका कवितामा पाइने हुनाले आशावादी जीवनदृष्टि उनको अर्को महत्त्वपूर्ण कवितात्मक प्रवृत्ति हो भन्न सकिन्छ ।

### ४.३.३.प्रकृति चित्रण

प्रकृति चित्रण सुलोचना मानन्धर धितालको महत्त्पूर्ण कवितात्मक प्रवृत्ति हो । उनको प्रस्तुत कविता सङ्ग्रह प्रकृति चित्रणका दृष्टिले उत्कृष्ट बन्न पुगेको छ । कवितामा नेपाली प्रकृतिको भव्य र विराट रूपको चित्रण देख्न सकिन्छ । आकाश, धर्ती र फूलको सुन्दरतालाई जीवनसँगे दाँज्दै उनका कवितामा प्रकृतिसम्बन्धी भावना यसरी अभिव्यक्त गरिएको पाइन्छ :

कोपिला
मेरी छोरी
मुसुक्क मुस्काउँदै
साना हातका दुई फूलहरू
उपहार दिन्छे (फूल, पृ. २२)

प्रेमले रोपेको बिरुवामा
कतै ढुङ्गो फुलिदियो भने (ढुङ्गाको फूल, पृ. ५)

धितालका कवितामा प्रकृतिको मानवीकरण गरी प्रकृतिलाई सुन्दर र कलात्मक बिम्बका रूपमा प्रस्तुत गरिएको पाइन्छ । प्रकृतिको अथाह भण्डारको विचित्रता खोतल्दै त्यसभित्रको अपार सौन्दर्यको कलात्मक चित्रण धितालका कवितामा पाइन्छ । प्रकृतिलाई विभिन्न उपमा दिई प्रकृतिले मानिसलाई स्वस्थ र सिर्जनात्मक बनाउँछे र प्रकृति नै जीवनको मार्गदर्शक हुन् भन्ने भाव उनका कवितामा व्यक्त भएको पाइन्छ । यस दृष्टिले उनका बोनसाई, झरहरू, दुइटा गुलाफ आदि कविताहरू महत्त्पूर्ण छन् ।

### ४.३.४.विद्रोहीभाव

कवि सुलोचना मानन्धर धितालले आफ्ना कवितामा विद्रोही भाव व्यक्त गरेकी छन् । समाजका गलत मूल्य मान्यता, संस्कार र खराब प्रवृत्तिमाथि आक्रोश पोख्दै आफ्ना कवितामा तिनका विरूद्धमा उनले विद्रोही भावना व्यक्त गरेकी छन् । समाजका खराब पक्षहरूलाई समूल अन्त्य गरी समाजलाई समृद्ध बनाउनु पर्छ भन्ने दृष्टिकोण उनका कवितामा पाइन्छ । शोषक-सामन्ती तथा निरङ्कुश शासक वर्गले जनतालाई दिनुसम्म दु:ख दिएको कुरा कवितामा व्यक्त गर्दै कवि धितालले त्यसका विरूद्धमा उठ्न नेपाली जनताहरूलाई आह्वान समेत गरेकी छन् । कवयित्रीले आतङ्कको विरुद्ध भित्रभित्रै विद्रोह व्यक्त गर्दै भयको चित्रण यसरी गरेकी छन् :

सुकेका पात भएका छन् -जनताको मन
आशाले भिज्नै नसक्दा,
पानी कतातिर छ कुन्नी ?
पानी बोक्ने हातहरूले पनि
आज आगै बोकेका छन् (जनताको मन, पृ. २०)

माटो उप्कियो
जग नै हल्लियो
अहो झन्डै सासै पो रोकियो (मुक्तिको प्रयास, पृ. २९)

यसरी विद्रोही भावको अभिव्यक्ति कवयित्री धितालका कविताहरूमा प्रमुख पक्ष बनेर आएको छ भन्न सकिन्छ ।

### ४.३.५.तात्कालीन युगखण्डको घटना र पीडाबोधको चित्रण

सुलोचना मानन्धर धितालका कवितामा व्यञ्जनात्मक एवम् प्रतीकात्मक रूपमा तात्कालीन युगखण्डको घटना र पीडाबोधलाई मुख्य विषयवस्तुका रूपमा समावेश गरिएको पाइन्छ । तात्कालीन निरङ्कुश शासक र त्यसबाट सिर्जित कहालीलाग्दो परिस्थिति, सामन्तहरूको हालीमुहालीलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

बारीमा बिरुवाहरू उम्रका छन्
घाँस झारहरू पनि बढेका छन्

रोपेका गुनिला बिरुवाहरूलाई
झ्याप्पै छोप्ने गरी (झारहरू, पृ. २१)

दिन उज्यालो र सफा भए पनि
किन अँध्यारोले नै छोपेको छ ? (अनिष्टता, पृ. २५)

यसप्रकार प्रतीकात्मक एवम् व्यङ्ग्यात्मक ढङ्गमा तत्कालीन एवम् वर्तमान समाजको वास्तविक अभिव्यक्त कवि धितालका कवितामा पाइन्छ ।

### ४.३.६.प्रणय-प्रेमको चित्रण

कवयित्री सुलोचना मानन्धर धितालका कविताहरूमा प्रयोग भएका विषयवस्तुमध्ये प्रणय प्रेम एक प्रमुख विषयवस्तु हो । यहाँ लौकिक प्रेम र अलौकिक प्रेमिका बीचको प्रणय-प्रेम अभिव्यक्त भएको छ । कवयित्रीले समसामयिक घटनाले सिर्जना गरेको प्रतिकूल परिस्थितिलाई संस्मरणात्मक रूपमा प्रस्तुत गरेकी छन् । धरतीका तीता यथार्थ भुल्न आफ्नो प्रेमीसँगको प्रणयप्रेममा रमाउन रुचाएकी छन् :

म पार्वती
सत्य पति पाउने पूजामा
समर्पित उमेरले आज
प्रसादको रूपमा
शिव प्राप्त गरेकी छु (पार्वती, पृ. ११)

आपसमा मुस्काउन सक्ने ती फूलहरूसँग
मलाई ईर्ष्या लाग्यो
हाम्रो प्रेमभन्दा पनि गाढा रहेछ
यी दुईबीचको प्रेम ? (दुइटा गुलाफ, पृ. ३९)

यसरी धितालका कवितामा प्रेमजीवनका रहस्यहरूलाई प्राकृतिक सौन्दर्यसँग जोडेर निकै मार्मिक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । यो उनको महत्त्वपूर्ण विषय हो ।

### ४.३.७ प्रगतिवादी चेतना

प्रगतिवादी चेतना कवयित्री सुलोचना मानन्धर धितालको महत्त्वपूर्ण कवितात्मक प्रवृति हो । उनका अधिकांस कवितामा प्रगतिवादी चेतना सशक्त रूपमा अभिव्यक्त भएको पाइन्छ । मार्क्सवादी विचारमा प्रतिबद्ध हुँदै वर्ग सङ्घर्षको चित्रण पनि उनका कवितामा भएको पाइन्छ । उच्चवर्ग अर्थात् शोषकवर्गले निम्नवर्ग अर्थात् शोषितवर्गलाई शोषण गरिएकाले समाज तथा राष्ट्र अधोगतितिर लागिरहेको विचार उनका कवितामा व्यक्त भएको पाइन्छ । कवितामा कवि धितालले निम्नवर्गप्रति सहानुभूति राख्दै शोषकवर्गको शोषण खप्न विवश त्यस्ता निम्नवर्गीय मानिसहरूलाई एकजुट भई शोषक-सामन्तवर्गमाथि जाइलाग्न समेत आग्रह गरेकी छन् ।

समाजलाई समृद्ध बनाउन समाजका सबैखाले विकृति, विसङ्गति र बेमेलको अन्त्य गर्नुपर्ने प्रगतिशील दृष्टिकोण अभिव्यक्त गर्नु कवयित्री धितालको प्रमुख अभीष्ट पनि हो । त्यसैले प्रगतिवादी चेतना कवयित्री धितालको महत्त्वपूर्ण प्रवृत्ति बनेर देखापरेको छ ।

माथि उल्लेख गरिएका बाहेक मानवतावाद विचारको अभिव्यक्ति, सांस्कृतिक पक्षको चित्रण, सरल भाषाशैलीको प्रयोग, प्रकृतिको मानवीकरण आदि धितालका कवितात्मक प्रवृत्तिहरू हुन् ।

## ४.४.इतिहासका ज्यूँदा पानाहरू निबन्ध सङ्ग्रहको विश्लेषण

**इतिहासका ज्यूदाँ पानाहरू** निबन्ध सङ्ग्रह वि. सं. २०६० सालमा प्रकाशित सुलोचना मानन्धर धितालको पहिलो निबन्ध सङ्ग्रह हो । इतिहासका ज्यूँदा व्यक्तित्वहरू अर्थात् वृद्धवृद्धामा समर्पित यस निबन्ध सङ्ग्रहमा अट्ठाइस वटा निबन्धहरू सङ्ग्रहित छन् । प्रस्तुत निबन्ध सङ्ग्रहमा उमेर ढल्केका बूढापाकाहरूको दिनचर्यामा आइपरेका विभिन्न समस्याहरूको वास्तविकता उजागर गर्न खोजिएको छ ।

अशक्त, पाको उमेर अथवा वृद्धवृद्धाका लागि गरिएका असल प्रयासहरूबाट निबन्धको विषयवस्तु तयार पारिएको छ । विशेषगरी मातृशक्तिलाई आधार मानेर वृद्धाश्रममा गर्नु पर्ने सेवा र दायित्वलाई सफल रूपमा प्रस्तुत गर्न यो निबन्ध सङ्ग्रह सफल रहेको छ । एकदिन हामी पनि वृद्धा हुन्छौँ त्यसैले वृद्धवृद्धाहरूप्रति सम्मान र सद्भाव गर्न सधैँ तत्पर हुनुपर्छ भन्ने सारतत्व निबन्ध सङ्ग्रहले बहन गरेको छ ।

**इतिहासका ज्यूँदा पानाहरू** सुलोचना मानन्धर धितालको निबन्ध सङ्ग्रहका फाँटमा पहिलो कृति हो । वृद्धवृद्धाहरूसँग बिताएका क्षण, सुखदुःख तथा आत्मीय भावनालाई निबन्धमा समेटी आफनो विचार पक्षलाई अत्यन्त सुन्दर र मार्मिक ढङ्गबाट निबन्धमा प्रस्तुत गरिएको छ । **अस्मि**(वृद्धाहरूको हेरचाह गर्ने संस्था) बाट प्रेरित भएर सामाजिक, धार्मिक तथा आर्थिक

पक्षसँग सम्बन्धित यस निबन्ध सङ्ग्रहका प्रत्येक निबन्धहरूलाई सीप पक्ष र कला पक्षसँग तालमेल राखेर प्रस्तुत गरिएको छ । ज्येष्ठ नागरिकहरू समाजका अग्रणी हुन् । उनीहरूका अनुभवहरू हाम्रा लागि अत्यन्तै महत्त्वपूर्ण हुन्छन, जसबाट जीवनरथलाई अगाडि बढाउन मद्दत पुग्छ भन्ने भाव यस निबन्ध सङ्ग्रहमा समाहित छ । पाकाहरूलाई अनुभवका खानी भनिन्छ तर उनीहरूको अनुभव र विचार साटासाट गर्ने वातावरण कमजोर हुँदै गएको सारभूत कुरालाई यस भित्रका निबन्धहरूले केलाउन खोजेका छन् । उमेर ढल्कँदै गएपछि आफूलाई नितान्त एक्लो ठान्ने पाका मानिसहरू जीवनका मार्गदर्शक बन्न सक्छन् त्यसैले उनीहरूका अनुभव र अनुभूतिलाई आत्मसात् गर्नुपर्छ भन्ने दार्शनिकता **इतिहासका ज्यूँदा पानाहरू** नामक निबन्ध सङ्ग्रहमा प्रस्तुत भएको छ । यस निबन्ध सङ्ग्रहको विशिष्ट उद्देश्य नै पाकाहरू र नयाँ पुस्ताका मानव बीच समन्वय गराउने र असल सम्बन्ध निर्माण गर्ने रहेको छ । लामा-छोटा गरी अट्ठाइस निबन्धहरू सङ्ग्रहित यस निबन्ध सङ्ग्रहलाई दुई खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा एक्काइस र दोस्रो खण्डमा सात निबन्धहरू सङ्ग्रहित यसका अधिकांश शीर्षकहरू वृद्धवृद्धाहरूसँग सम्बन्धित रहेको पाइन्छ । वृद्धावृद्धाको सेवाका लागि गरिएका यावत क्रियाकलापहरूलाई निबन्धकारले अनुभूति र संस्मरणहरूका रूपमा यस निबन्ध सङ्ग्रहमा प्रस्तुत गर्न खोजेको देखिन्छ । समग्रमा भन्नु पर्दा यो निबन्ध सङ्ग्रह आत्मपरक शैलीमा लेखिएको वृद्धवृद्धाहरूप्रति समर्पित मानव चेतनाका लेखहरूको सङ्ग्रह हो । जसमा **जननी जन्म भूमिश्च स्वर्गादपि गरियसि** को सार्थकता अनुभव गर्न सकिन्छ ।

सुलोचना मानन्धर धितालका रचनामा प्रगतिवादी चेत, मानवतावादी विचार र सामाजिक उत्तरदायित्वको भूमिका पाइन्छ । यस **इतिहासका ज्यूँदा पानाहरू** नामक निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूले जीवन र जगत्का विविध पाटाहरूलाई प्रत्यक्ष र परोक्ष रूपमा अवलोकन गरेका छन् । मिठासपूर्ण भाषा शैलीमा पाकाहरूको मनोविज्ञानलाई निबन्धमा महत्त्वपूर्ण स्थान दिइएको पाइन्छ । हरेक निबन्धको विषयवस्तुले पाकाहरूका मन छोएका छन् । यसरी यस निबन्ध सङ्ग्रहमा सङ्कलित हरेक निबन्धमा वृद्धावृद्धाहरूप्रति सम्मान व्यक्त गर्दै नयाँ पुस्तालाई आफनो गहन दायित्व तथा कर्तव्य निर्वाह गर्न प्रेरित गरिएको छ । निबन्ध सङ्ग्रहमा समावेश निबन्धहरूका अन्तर्वस्तुलाई सङ्क्षेपमा निम्नानुसार प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### ४.४.१. वृद्धा आश्रममा मदरटेरेसा

**इतिहासका ज्यूँदा पानाहरू** सङ्ग्रहभित्र संरचित पहिलो निबन्ध **वृद्धा आश्रममा मदरटेरेसा**ले मदरटेरेसाको अद्वितीय सामाजिक व्यक्तित्वलाई वर्णन गर्न सफल रहेको छ । मृत्यु

र सामाजिक कार्यको सम्बन्ध विस्तार गर्दै आफूलाई आजीवन समाज सेवामा समर्पण गर्न निबन्धले आग्रह गरेको छ । कसैको मृत्युको समाचार लाखौँका लागि शोक हुन सक्छ त कसैका लागि नहुन सक्छ । मदरटेरेसालाई समाज सेवाको जिउँदो मूर्ति मान्दै निबन्ध टेरेसाप्रति समर्पित छ । मृत्यु निश्चित छ तर कम पात्रका मृत्युमा मात्र संसार स्तब्ध हुन्छ भन्दै मदरटेरेसाजस्ता समाजसेवी निःस्वार्थी महिलाहरूको गुणगान यस निबन्धमा गाइएको छ । निबन्धकारको मदरटेरेसासँग भएको काल्पनिक भेट नै निबन्धको शीर्षक बनेको छ ।

मदरटेरेसाको जीवनबाट प्रभावित भएर संसारका दीनदुःखी, असहाय, अपाङ्ग तथा वृद्धाहरूप्रति समर्पित निबन्धकारले वृद्धाश्रमहरूको अवलोकन गर्दै सकेको सहयोग गरेको प्रसङ्ग यस निबन्धमा व्यक्त भएको छ । आफ्नो जीवनलाई सार्थक बनाउन मदरटेरेसाकै बाटोमा हिँडेका दुईजना युवतीहरूले गरेको सेवा निबन्धभित्रको कथावस्तु बनेको छ । असल काम गर्नका लागि कसैको जीवन नै प्रेरणाको स्रोत बन्छ भन्ने कथन अघि सार्न सफल यस निबन्धमा समस्या, अभाव, पीडा र शोक सर्वत्र छन् तर तिनीहरूसँग जुधी समाजसेवामा समर्पित हुन सक्ने मानिस मात्र असल र सफल मानवका रूपमा चिनिन्छन् भन्ने कुरालाई स्पस्ट पार्न खोजिएको छ । मदरटेरेसालाई विश्वकी असल अमाको रूपमा चित्रण गर्न सफल यस निबन्धमा उनको मृत्युले बेहोर्नु परेको दुःखद् अवस्थाको चित्रण पनि गरिएको छ । ती महान् महिलाप्रति गौरवपूर्ण एवम् भावपूर्ण श्रद्धाञ्जलीको रूपमा व्यक्त यो निबन्ध वैचारिक दृष्टिले ओजपूर्ण रहेको छ ।

सरल भाषाशैलीमा सहज वाक्यगठनयुक्त प्रस्तुत निबन्ध अभिधात्मक अर्थ प्रदान गर्न सफल एक आत्मपरक निबन्ध हो । अभाव र समस्यालाई अर्थपूर्ण रूपमा कुशल प्रस्तुति गर्नु र कतैकतै मर्मपूर्ण कथनहरूलाई वृद्धाका आत्मकथनका रूपमा स्पष्ट पार्न खोज्नु पनि यस निबन्धको अर्को महत्त्वपूर्ण विशेषता हो भन्न सकिन्छ । भनाइ र गराइलाई एकैसाथ लानुपर्छ भन्ने लोकोक्तिलाई छोटो संरचनाको भए पनि यस निबन्धमा अर्थपूर्ण रूपमा प्रस्तुत गरिएको छ ।

### ४.४.२. पारिजात, पुरस्कार र मोतीदेवी

पारिजातलाई अपराजिताको रूपमा मान्दै प्रारम्भ गरिएको प्रस्तुत निबन्धमा सङ्घर्षशील नारीहरूको सम्मानमा स्थापना भएका पुरस्कारको चर्चा गरिएको छ । जीवनलाई अभाव र समस्यासँग जुधाएर सफल बनाउन सफल पारिजात उर्फ विष्णुकुमारी वाइबाले गरेको अर्थपूर्ण सामाजिक कामको मूल्याङ्कन यस निबन्धमा गरिएको छ । पारिजात साहित्यको एक सुगन्धपूर्ण फूल हो भन्ने उक्तिलाई प्रस्तुत गर्दै आफैँले रोजेको नामबाट विश्व साहित्यमा परिचित हुन

पुगेका कुरा अवगत गराउन पनि यो निबन्ध सफल भएको छ । निबन्धकारले आफूलाई पारिजातको श्रद्धामा समर्पित भएको बताउँदै अपराजिता नारीको रूपमा चित्रण गरेकी छिन् । पारिजातको नामबाट स्थापित पुरस्कार र पुरस्कृत हुने सङ्घर्षशील नारी मोतीदेवीको बयान गर्दै उनले गरेका योगदानको चर्चा पनि यस निबन्धमा गरिएको छ । पुरस्कार प्राप्तिका क्षणमा अस्पतालको शैय्यामा लडिरहेकी मोतीदेवीलाई महिलाहरूको हकहितका लागि लड्ने एक कुशल सङ्घर्षशील नारी प्रतिभाको रूपमा चित्रण गर्दै सम्मान व्यक्त गरिएको प्रसङ्गलाई निबन्धमा विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । जीवनको अन्तिम अवस्थामा चेतन र अचेतनको दोसाँधमा आफन्त नहुँदा भोग्नु परेको पीडालाई प्रस्तुत गर्दै मानिस जिउँदो रहेसम्म कुनै वास्ता नगर्ने तर मरणोपरान्त तथा अशक्त भएपछि दिने पुरस्कार ग्रहण गर्न तँछाडमछाड गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्न खोजिएको छ । बलियो हुँदा सक्रिय राजनीतिक जीवन व्यतित गरेकी नारीको हौसलामा सबै पछि लागे पनि अस्वस्थताका बेलामा कसैले पनि वास्ता नगरेको प्रसङ्ग व्यक्त गर्दै वृद्धाहरूप्रति गरिएको उपेक्षालाई निबन्धमा तीतो सत्यका रूपमा व्यक्त गरिएको छ। अरु कसैले वास्ता नगर्दा आफ्नै सम्झेर देखाएको आत्मीयतालाई नै आत्मसन्तुष्टिको रूपमा निबन्धकारले व्यक्त गरेकी छन् । आफ्नो कर्तव्य चाहिँ निर्वाह नगर्ने अथवा दुःख पर्दा कसैले पनि साथ नदिने तर पुरस्कार ग्रहण गर्न अघि सर्ने साथीसङ्गीहरूको स्वार्थी प्रवृत्तिको आचरण निबन्धको शीर्षकले प्रमाणित गरेको छ ।

**पारिजात, पुरस्कार र मोतीदेवी नामक** निबन्ध **इतिहासका ज्यूँदा पानाहरू** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित दोस्रो निबन्ध हो । प्रतीकात्मक अर्थ व्यक्त गर्न सफल यो निबन्ध सरल र मिठासपूर्ण भाषाशैलीमा एउटी नारीको दयनीय अवस्थाको चित्रण गर्दै सामाजिक सेवाको उद्देश्य राखेर आफ्नो स्वार्थ पूरा गर्न खोलिएका संघसंस्थाहरूप्रति व्यङ्ग्यात्मक रूपमा प्रस्तुत भएको छ ।

### ४.४.३. सडकमा पोखिएकी एउटी आमा

महानगरको सडकमा बिरे नुन बेचेर जीवन निर्वाह गर्न खोज्ने एउटी वृद्धाको गाथा बोकेको यस निबन्धले उमेर ढल्केपछि सबैबाट एक्लिँदा समय कटाउन कति कठिन हुन्छ भन्ने यथार्थको वर्णन गर्न खोजेको छ । हाँस्दा पनि दुःखी देखिने मनोदशाको अध्ययन निबन्धभित्र समेटिएको छ । काम गरेर जीविकोपार्जन गर्न लाज हुँदैन भन्ने यथार्थ बोकेको यस निबन्धमा एक वृद्धाको दिनचर्या अनुभूत गर्न सकिन्छ । धादिङको मलेखु घर भई छोराबुहारीबाट परित्यक्ता एक वृद्धा समय व्यतित गर्न अर्थात् काल पर्खन महानगरको सडकमा जीवन ओछ्याइरहेकी छन् भन्दै निबन्धकारले वृद्धाहरूप्रति सद्भाव व्यक्त गरेकी छन् । हेर्दा सामान्य

लाग्ने यो घटनाक्रम अहिलेका नयाँ पुस्ताहरूलाई आमाबुबाप्रतिको दायित्व निर्वाह गर्न उत्प्रेरित देखिन्छ । बूढाबूढी हुनु मानवको दोष होइन, यो समयको गति हो, यसमा सबै एक न एक दिन जेलिनुपर्छ । रगतको सम्बन्ध मात्र कुनै सम्बन्ध हुँदैन, भावनात्मक सम्बन्ध पनि हुनुपर्छ भन्ने मूल भाव यस निबन्धले व्यक्त गरेको छ । बुढेसकालमा कोही हुँदैनन् भन्ने लोकोक्तिलाई चरितार्थ गर्न सफल यस निबन्ध भित्र नयाँ पुस्ता र पुराना पुस्ताको बीच देखिएका व्यवहारिक अन्योलता देखाउन खोजिएको छ । छोरालाई बुहारीले शासन गरी आमा खेदिएको यथार्थ निबन्धमा समेट्दै बुढेसकालका लागि केही भौतिक सम्पत्ति सञ्चित गर्न वृद्धाहरूलाई आग्रह गरिएको छ । आफ्नै स्वाभिमानमा बाँच्न चाहने एउटी सङ्घर्षशील नारी पात्र आमालाई निबन्धकारले प्रत्यक्ष रूपमा भेटेर गरेको संवाद निबन्धमा पाइन्छ । आजका शिक्षित मानिने पुस्ताले वृद्धावृद्धाहरूको मनस्थितिलाई बुझ्न नसकी कर्तव्यच्यूत हुँदै गएको पीडा पनि निबन्धमा आकर्षक रूपमा आएको छ । वृद्धवृद्धा हाम्रा बोझ होइनन्, गौरव हुन् भन्ने मूल विषय यस निबन्धले वहन गरेको छ ।

संवादात्मक शैलीमा रचित प्रस्तुत निबन्धमा हाम्रो समाजमा घट्ने घटनाको प्रस्तुति पाइन्छ । सरल भाषाशैली तथा सहज वाक्यगठन, सुबोध भाषामा लेखिएको यो निबन्ध संवादात्मक तथा आत्मलापीय शैलीमा प्रस्तुत भएको छ । सामान्य वैचारिक धरातलमा उभिएर सामाजिक यथार्थको चित्रण गर्दै निबन्धलाई उपदेशात्मक बनाउन खोजिएको छ । अभिधा अर्थ प्रकट गर्ने **सडकमा पोखिएकी एउटी आमा** नामक निबन्धले वृद्धवृद्धाहरूप्रतिको सम्मान र दायित्वप्रति अग्रसर हुन प्रेरित गरेको छ ।

## ४.४.४. उनकी बूढी आमै बिरामी छिन्

दयनीय आर्थिक अवस्थाले आफ्नो उपचारसमेत गर्न नसकेका आम नेपाली महिलाहरूको पीडालाई समेट्दै आमाको उपचारका लागि सडक-फुटपाथमा कागती बेच्न बसेकी बालिकाको मनोदशा यस निबन्धमा व्यक्त गरिएको छ । **छन् गेडी सबै मेरी, छैनन् गेडी सबै टेढी** भन्ने चर्चित नेपाली उखानलाई आधार मानेर प्रस्तुत गरिएको यस निबन्धमा सामान्य रोग लाग्दा पनि स्वास्थ्य उपचारमा पहुँच नपुगेका धेरै आमाहरूको यथार्थतालाई देखाउन खोजिएको छ । विश्व २१ औँ शताब्दीमा दौडिरहँदा पनि नेपालको राजधानी काठमाडौँ आफै रोगी छ । आफ्ना सन्तानहरू एउटी आमालाई उपचार गर्नगराउन सक्दैनन् भन्ने व्यङ्ग्य निबन्धमा प्रस्तुत भएको छ । सुन्दा कथाजस्तो लाग्ने यो निबन्धले नमिठो यथार्थलाई कारुणिक रूपमा प्रस्तुत गरेको छ । चाहना हुँदाहुँदै पनि निरीह मानवजीवनको अर्थ बोकेको निबन्धकारको सोचाइले मानवतावादलाई उजागर गर्न खोजेको छ । आफूले सक्दो सहयोग गर्न तत्पर

निबन्धकार छोरी र आमाको प्रगाढ सम्बन्धप्रति संवेदनशील छिन् । कर्तव्यच्यूत लाग्नेप्रति कटाक्ष गर्दै उनी मानव हुन नसकेकोमा घृणा गर्न पुग्दछिन् । जसरी धर्ती र बिरुवाको सम्बन्ध अटुट छ, अगाध छ, त्यस्तै आमा छोरीको सम्बन्ध शाश्वत छ भन्ने भाव निबन्धमा समेटिएको छ । छोरीहरू पनि छोराभन्दा कमजोर छैनन्, आँटिला छन्, साहसी छन्, समस्यासँग जुध्न सङ्घर्षशील छन् भन्ने सारलाई निबन्धमा समेट्न खोजिएको छ । लैङ्गिक समानताको वकालत गर्न सफल यो निबन्धमा छोरा नहुँदा पनि छोरीले आफ्नी आमाको उपचार गर्न उठाएको सही कदम र सङ्घर्षलाई कथावस्तु बनाइएको छ ।

सरल भाषाशैलीमा नेपाली समाजको दयनीय अवस्थाको चित्रण गर्दै प्रस्तुत निबनधमा निबन्धकारले सामाजिक यथार्थलाई प्रस्ट्याउन खोजेको प्रस्ट हुन्छ । आत्मपरक शैलीमा मानवतावादी चेतद्वारा वृद्धाहरूप्रति गरिएको सम्मान तथा असल सन्तानले गरेको सफल कार्यको वर्णन निबन्धमा पाइन्छ । सुललित पदावली, ओजपूर्ण शैली तथा सामान्य घटनाक्रमले निबन्धलाई उत्कृष्ट बनाएको छ । **उनकी बूढी आमै बिरामी छिन्** शीर्षकको निबन्ध **इतिहासका ज्यूँदा पानाहरू** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित चौथो निबन्ध हो । प्रस्तुत निबन्ध यथार्थ घटनामा आधारित निःस्वार्थ सामाजिक सेवामा समर्पित विभिन्न संघसंस्था तथा व्यक्तिले गरेका कार्यको संस्मरण गर्दै वृद्धाहरूको कल्याणका लागि हामीले पनि केही गर्न सके आफ्नो जीवन सार्थक बन्छ भन्ने सन्देश दिन सफल रहेको छ ।

## ४.४.५. उमेर पाक्नुभन्दा पहिले याद गर्नुपर्ने कुराहरू

आफूले भोगेको जीवनको अनुभूतिको आधारमा अपदेशात्मक कथनको शीर्षक बोकेको प्रस्तुत निबन्धभित्र वृद्धवृद्धा अवस्थाका लागि अगाडि नै वा वयस्क अवस्थामा नै आफ्ना लागि आवश्यक पर्ने कैयौँ आधारभूत कुराहरू सञ्चित गर्नुपर्छ भन्ने कुरालाई बुझाउन खोजिएको छ । समय नियमित छ । मानिस बालक, युवक हुँदै एकदिन वृद्धा हुन्छ । वृद्धावस्थाका लागि दूरदर्शी नभए दुःखी जीवन जिउन बाध्य हुनुपर्छ भन्ने भाव निबन्धमा प्रस्तुत गर्न खोजिएको छ । ज्ञान र चेतनाद्वारा जीवनका सबै पक्षसँग सम्बन्ध गाँस्न सकिन्छ भन्दै बुद्धत्वको वर्णन गर्न खोजिएको यस निबन्धमा ***ब्रह्मसत्य र जगत् मिथ्या***को भाव व्यक्त भएको छ । चेतनाद्वारा घटनाहरूलाई सामान्यीकरण गर्न सके त्यसबाट हर्षविस्मात् हुँदैन भन्ने दर्शन समेत निबन्धमा व्यक्त भएको छ । शारीरिक रूपमा कमजोर हुँदा स्वतः मानसिक कमजोर भइन्छ, जसद्वारा सामान्य कुराले मनमा चोट पुग्न जान्छ । त्यसैले बलियो हुँदैमा घट्न सक्ने सम्भावित कुरालाई मनन गरी अघि बढ्नुपर्छ भन्ने सारभूत जीवन प्रसङ्गलाई निबन्धमा समेटिएको छ । मान्छेको जीवन अमूल्य छ । असल बानी बनाउन सके अन्तिम अवस्थासम्म उपयोगी हुन्छ नत्र भने दुःख

निम्तिन्छ भन्दै निबन्धमा प्रयोग गरिएको छ । राम्रो संस्कार दिएर हुर्काएका बालबालिकाले वृद्धवृद्धाहरूलाई सम्मान र आदर गर्न सक्छन् भन्ने विचार पनि प्रस्तुत निबन्धमा व्यक्त भएको छ । एक्लोपनबाट निराश नहुन समयानुकूल परिवर्तन गर्नुपर्ने आचरणलाई समेत ध्यान दिनुपर्ने तर्क निबन्धमा अघि सारिएको छ । रोग लाग्न नदिन गरिने शारीरिक व्यायाम पनि वृद्धा अवस्थाका लागि साथी अथवा सहयात्री हुनसक्छन् भन्दै जीवनलाई तनावरहित आध्यात्मिक चिन्तनसँगै अघि बढाउनु पर्ने विचार **उमेर पाक्नुभन्दा पहिले याद गर्नुपर्ने कुराहरू** नामक निबन्धले अर्तीका रूपमा दिन खोजेको छ ।

शीर्षक नै नियम वा अनुकरणीय वस्तुको रूपमा प्रस्तुत भएकाले निबन्धभित्र अर्ती तथा उपदेशहरूको वर्णन गरिएको छ । वृद्धवृद्धाहरूले मात्र जीवन उपयोगी अर्ती तथा उपदेश दिन सक्छन् भन्ने कथनको विरोधाभासमा वृद्धवृद्धालाई दिएको उपदेशको रूपमा निबन्ध रचना गरिएको छ । अनुभव र अनुभूतिबाट प्राप्त ज्ञानलाई निबन्धकारले सरल, सुमधुर भाषाशैलीका माध्यमबाट प्रस्तुत गरेकी छन् । उमेर छँदै वृद्धवृद्धा अवस्थाका लागि साँच्नु पर्ने र बनाउनुपर्ने असल आचरण निबन्धमा बिषयवस्तुको रूपमा प्रस्तुत भएको छ ।

## ४.४.६. दुर्लभ जोडीहरूको खोजी र सम्मान

जीवनको अन्तिम अवस्थासम्म पनि सबैभन्दा असल मित्र भनेका पतिपत्नी नै हुन् । सबैको यस्तो भाग्य हुँदैन भन्दै सफल जीवन गाथालाई यस निबन्धमा प्रस्तुत गर्ने जमर्को गरिएको छ । नेपालभरिका विभिन्न स्थानमा बस्ने सफल दम्पतीहरूको कथालाई समेट्दै निबन्धमा विचार र उचित रहनसहनबाट दीर्घ जीवन बाँच्न सकिने तथ्यलाई सार्वजनिक गरिएको छ । एक्लो जीवन दुःखद् हुन्छ । कति वृद्धवृद्धाहरू एक्लिएर निराश भई चाँडै नै मृत्युवरण गर्न पुग्दछन्, कतिको लामो समयसम्म सहयात्रा भइरहन्छ । जीवनका धैरै वर्षसँगै बिताएका वृद्धवृद्धाहरूको खोजी गर्दै सम्मान गरिएको संस्मरण यस निबन्धमा समेटिएको छ । कति छोराछोरीहरू आमाबुवा वृद्ध भएपछि छोडेर हिँड्छन् भने कति छोराछोरीहरूले आफ्नै साथमा राखी हेरचाह गर्छन् । यी कार्यलाई कर्म र भाग्य मानेको प्रसङ्ग निबन्धमा समावेश गरिएको छ । ***शेष हिरा*** प्रतिष्ठानका सदस्यद्वय शेषराज दली र श्रीमती हिरादेवी दलीको उदाहरण दिँदै सफल दाम्पत्य जीवनको चित्रण निबन्धमा गरिएको छ । आफूजस्तै वृद्धवृद्धाहरूको खोजी गर्दै सम्मान गर्ने परिपाटीको विकास गर्नुपर्ने कुरालाई निबन्धमा समावेश गरिएको छ । समाजको मूल्य र मान्यतालाई आत्मासात गर्दै माया, सद्भावना र समझदारीले दीर्घजीवी बन्न सकिने कुरा पनि निबन्धमा व्यक्त गरिएको छ । **अस्मि** (पाका उमेरको निम्ति कार्यरत समूह) ले सफल जोडीको खोजी गर्दै गरेको सम्मान प्रस्तुत निबन्धमा गौरवपूर्ण कार्यको रूपमा प्रस्तुत

भएको छ । प्रकृतिको नियमलाई संरक्षण गर्न तथा सृष्टि चलाउन गरिने विवाह एक कठोर सत्य हो । यसलाई सहकार्यका साथ अघि बढाए मात्र जीवन अर्थपूर्ण बन्दछ भन्दै आजका युवा पुस्तालाई विवाहको गरिमा बुझाउन यो निबन्ध सफल भएको छ ।

**दुर्लभ जोडीहरूको खोजी र सम्मान** शीर्षकको छैठौँ निबन्धले सफल जोडीहरूको खोजी गरी अभिनन्दन गरेको कुरालाई व्यक्त गरेको छ । असल सामाजिक कार्यको रूपमा दर्शाउँदै निबन्धमा ***शेष हीरा*** प्रतिष्ठानद्वारा आयोजित सम्मान कार्यक्रमलाई विषयवस्तु बनाइएको छ । पत्रकारी ढाँचामा तयार पारिएको समाचार जस्तो लाग्ने प्रस्तुत लेख-निबन्ध सरल र सामान्य छ । सामान्य विषयवस्तुमा लेखिएको प्रस्तुत निबन्धले सामाजिक व्यक्तित्वहरूको असल कार्यको गुणगान समेत गाएको छ । आजको वर्तमान समाजका लागि निबन्ध सारगर्वित सन्देशको रूपमा अग्रसर भएको स्पष्ट हुन्छ ।

## ४.४.७. खाली नबस्ने र चाकडी नगर्ने गुरु

कसैको जीवन नै जिउने प्रेरणाको स्रोत बन्छ भन्ने असल विचार व्यक्त गर्न सफल यस निबन्धमा निबन्धकारले आदरणीय गुरु प्रा. केशवदेव भट्टराईको जीवनलाई असल र सफल जीवनको रूपमा परिभाषित गरेकी छन् । मानिसलाई असल कर्म गर्न उमेरले छेक्दैन । इच्छाशक्ति भएर जहिले जसरी पनि असल कर्म गर्न सकिन्छ भन्ने महान् विचार यस निबन्धमा व्यक्त गर्न खोजिएको छ । ***लोभपापबाट टाढा रही निरन्तर आफनो कर्ममा लगनशील मान्छे निष्कलङ्क र सफा भै हाल्छ नि ! खाली नबस्नु, कहिल्यै कसैको चाकडी नगर्नू*** ( २०६०: २८) भन्ने आफ्ना पिताजीका वचनबाट प्रभावित भई सामान्य र सरल जीवन यापन गरी ज्ञानको ज्योति बाँड्न सफल व्यक्तित्वका रूपमा गुरु प्रा. केशवदेव भट्टराईको जीवनको मूल्याङ्कन यस निबन्धमा प्रस्तुत गरिएको छ । निबन्धको मूल सारतत्त्व नै जीवनलाई सकरात्मक सोचबाट असल कर्मतर्फ प्रेरित गर्नु रहेको छ । **अस्मि**(पाका उमेरहरको लागि कार्यरत समूह ) ले वृद्धवृद्धाहरूको सहयोग र सद्भावका लागि गरिएका निःस्वार्थ कर्ममा यस्ता महान् गुरुहरूका असल कर्म र वाणीबाट प्रभावित भई सम्मान गरेको र गर्दै जाने कुरा निबन्धकारले निबन्धमा व्यक्त गरेकी छन् । आफूले पढाएका व्यक्तिहरू उच्च पदीय दायित्व निर्वाह गर्न सफल भएका उदाहरण दिन सामान्य गुरुको जीवनको सफलता निबन्धमा व्यक्त गर्दै कसैसँग केहीको अपेक्षा नराखी जीवनलाई अगाडि बढाउँदै लानुपर्छ भन्ने महान् आदर्शको प्रेरणा यस निबन्धमा पाउन सकिन्छ । महान् गुरुको यस्तो असल कार्य सधैँ निरन्तर अघि बढिरहोस् भन्ने शुभेच्छासमेत यस निवन्धमा पाइन्छ ।

सामाजिक योगदानलाई सुललीत पदावलीमा व्यक्त गर्दै जीवनबाट जीवन सिकौँ भन्ने आदर्शवाणी यस निबन्धको मर्म रहेको छ । ८८ वर्षको उमेरमा समेत निरन्तर असल कर्मपथमा लम्केका गुरुका पाइलाले हामीलाई पच्छयाइरहेको छ । हामीले पनि असल कर्मद्वारा जीवनलाई सफल र सार्थक बनाउनु पर्छ भन्ने भाव यस लेख-निबन्धले व्यक्त गरेको छ । मानिस असल कर्मले हुन्छ अरुले हुँदैन भन्ने लोकोक्ति यहाँ चरितार्थ भएको छ । गुरूप्रति सदा सुस्वास्थको कामना गर्दै वृद्धाहरूप्रति सद्भाव र सम्मान व्यक्त गरिएको यस निबन्धमा समाजमा रहेका उदाहरणीय अग्रजहरूको सम्मान गर्दै त्यस्तो पदचापलाई पच्छयाउनुपर्ने धारणा पनि  निबन्धमा व्यक्त गरिएको छ  ।

## ४.४.८. बूढो हुनु अभिशाप होइन

सकारात्मक विचार र सोचबाट जीवनको रथ सहजै अगाडि बढ्न सक्छ र समयको अविरल गतिमा मानिस निरन्तर बहन्छ भन्दै बालक युवक हुँदै पछि वृद्ध हुन्छ भन्ने सत्य **बूढो हुनु अभिशाप होइन** भन्ने निबन्धमा व्यक्त गर्न खोजिएको छ । प्रत्येक दिन मानिस वृद्ध हुँदै जान्छ यो चिन्ता गर्ने विषय होइन भन्दै निबन्धकारले समय सत्यको सीमा बुझ्न आग्रह गरेकी छन् । थोरै समय बाँचेको जीवन पनि असल काम गर्न सके सार्थक हुन्छ । कर्मशील र सचेत मान्छेको निम्ति यो छोटो जीवन पनि सिङ्गो युग हो, वरदान हो भन्ने मूल भाव निबन्धले व्यक्त गरेको छ । मानिसको उमेर प्रकृतिको नियम अनुसार नै चल्छ ।  बूढो भइन्छ भनेर किन डराउनु भन्दै सकारात्मक दृष्टिले यसलाई अङ्गिकार गर्नुपर्छ भन्ने भाव निबन्धमा व्यक्त भएको छ  । ***बूढो हुन्छु, भएँ*** भनेर डराउनुमा डर नै अभिशाप हो भन्दै बूढ्यौलीलाई आनन्दपूर्वक बिताउन आग्रह गरिएको छ । बूढोपनालाई अनुकूल परिस्थितिबाट डोऱ्याउन सक्नेहरूको निम्ति जीवनको हरेक क्षण वरदान सावित हुन्छ, अभिशाप हुँदैन भन्ने तर्क यस निबन्धमा व्यक्त गरिएको छ । बूढ्यौलीमा समेत सक्रिय भई विभिन्न कार्यमा लागिपर्नु भएका हुतराम वैद्य, देवशंकर श्रेष्ठ तथा भैरव रिसाल जस्ता विविध व्यक्तित्वहरूको उदाहरण दिँदै वृद्धवृद्धाहरूको जीवनको सार नै बूढ्यौलीको सकारात्मक सोच हो भन्न खोजिएको छ । वृद्धवृद्धावस्थामा सकेसम्म आफ्नो बसमा राख्न र इच्छाअनुसार जीवन बिताउन विविध सल्लाह समेत व्यक्त गरिएको यस निबन्धमा मानिस कर्ममा होइन इच्छामा निर्भर रहन्छ, इच्छाशक्ति भए बूढ्यौलीमा पनि सामाजिक कार्यमा सक्रिय  रहन सकिने उदाहरण प्रस्तुत गरिएको छ । वृद्धवृद्धालाई प्रोत्साहन तथा सान्त्वना प्रदान गर्न सफल यस निबन्धको मूल आशय वृद्धवृद्धावस्थामा विचलित नहुन गरिएको आग्रह हो भन्न सकिन्छ ।

जीवनलाई सकरात्मक सोचबाट अगाडि बढाई जाँगर, उत्साह र क्रियाशीलता सिर्जना गरी अरुका लागि उत्सर्ग हुन सक्ने सङ्कल्प र समर्पणको समष्टिरूप मानेर बाँच्न सक्नुपर्ने विचार निबन्धमा व्यक्त भएको छ । अन्त्यमा ब्रिटिस डाक्टर मुल्गानको वृद्धवृद्धावस्थामा गर्नुपर्ने कुराको उपदेश प्रस्तुत गर्दै वृद्ध्यौलीलाई अभिशाप नमानी वरदान मान्न आग्रह गरिएको छ । युवाहरूलाई वृद्धवृद्धाप्रति सम्मान गर्दै उनीहरूलाई हरदम सहयोग गर्न तत्पर हुनुपर्ने अर्ती उपदेश दिन खोजिएको यस निबन्धमा निबन्धकारले कर्मशील मान्छे हत्तपत्त बूढा हुँदैनन् भन्ने तर्कपूर्ण विचार समेत व्यक्त गरेकी छन् ।

## ४.४.९. एउटा वृद्धा दिवस - प्रेमको खोजी

अन्तर्राष्ट्रिय वृद्धा दिवसको सम्झना गर्दै वृद्धवृद्धाहरूको सम्मानमा कार्यक्रमको आवश्यकताको महसुस गरिएको यस लेख-निबन्धमा वृद्धवृद्धावस्थामा मानिसलाई आत्मीय प्रेमको आवश्यकता हुन्छ भन्ने भावना व्यक्त गरिएको छ । वृद्धवृद्धाहरूप्रति गरिएको उपेक्षाले गर्दा नै उनीहरू भगवान्‌को भजनमा व्यस्त भई प्रेम र शान्तिको खोजीमा लाग्दछन् भन्ने सामाजिक यथार्थको चिन्तन यस निबन्धमा गरिएको छ । मानिसहरू वृद्धावस्थामा पुगिसक्दा जीवनका धेरै अनुभव सँगाली सक्छन्, त्यस्ता व्यक्तिहरूलाई जिउँदा पुस्तकालयको उपनाम प्रदान गर्दै असल र सभ्य समाज निर्माणका लागि ती मार्गदर्शक र प्रेरणाको स्रोत हुन सक्छन् भन्ने महान् विचार निबन्धमा व्यक्त गरिएको छ । पाका उमेरका व्यक्तित्वका मार्गदर्शनबाट नै सामाजिक विकासको गतिलाई अगाडि बढाउन सकिन्छ त्यसकारण त्यस्ता व्यक्तिहरूलाई समाजले उचित सम्मान र सहयोग गर्नुपर्ने महत्त्वपूर्ण पक्षलाई यस निबन्धले कलात्मक ढङ्गले प्रस्तुत गरेको छ । वृद्धवृद्धाहरूका लागि सरकार तथा समाज कल्याण परिषद्‌ले महत्त्वपूर्ण कार्य नगरेको रोष समेत निबन्धमा प्रकट गरिएको छ । आफ्ना छोराछोरीको व्यस्तता, समाजको अपहेलना तथा सरकारको वेवास्ताका कारण वृद्धवृद्धाहरू जीवनदेखि वाक्क र निराश भई भगवान्‌को शरणमा, भजनमा लीन हुन गइरहेका कुरालाई निबन्धमार्फत प्रस्तुत गरिएको छ । सरकारको वृद्धवृद्धाहरूप्रतिको गैरजिम्मेवारीपूर्ण व्यवहार तथा समाजको अव्यवस्थाले कति वृद्धवृद्धाहरू वृद्धाश्रममा पुगी दुःखपूर्ण जीवनमा मृत्यु पुकारेर बस्नु परेको सत्यलाई निबन्धले उजागर गरेको छ । सहारा, सहयोग र सद्‌भाव चाहिने वृद्धावस्थामा पाएको अपहेलना र घृणाले जीवनलाई वेकार र दुःखकोउपमा दिएकी एक वृद्धाको अन्तर्वार्तामा यस निबन्धको पृष्ठभूमि तयार भएको हो । वृद्धादिवस नारामा मात्रै सीमित नराखी असल कार्यका साथ अघि बढाइनु पर्ने विचार निबन्धले व्यक्त गरेको छ ।

यो निबन्धले वृद्धा दिवसलाई मनाइँदै आएको परम्परागत शैलीको परिवर्तनको अपेक्षा गरेको छ । मान्छेलाई सुखदुःख पोख्ने ठाउँ चाहिन्छ, आफन्त चाहिन्छ, त्यो वातावरण निर्माण गर्न असल नीतिनियम तथा वातावरणको निर्माण गर्नुपर्ने आवश्यकता महसुस गर्दै सरल भाषाशैलीमा यो निबन्ध रोचक ढङ्गबाट प्रस्तुत भएको छ । बजेट छुट्याउँदैमा कामको जिम्मेवारीबाट मुक्त हुन सकिँदैन भन्ने विचार समेत निबन्धमा व्यक्त गरिएको छ । वृद्धवृद्धाहरूका लागि स्थापित सङ्घसंस्थाहरूले असल नीतिनियम बनाई नीति बसाल्न आग्रह गरिएको यस निबन्धमा आजका युवाहरू भोलिका वृद्ध हुन् भन्ने सत्यलाई उजागर गर्दै वृद्धवृद्धाहरूप्रति सकारात्मक विचार राख्न आग्रह गरिएको छ । अबको समयमा वृद्धा दिवसलाई महत्त्वपूर्ण दिवसका रूपमा सार्थक ढङ्गले मनाउनुपर्ने विचार निबन्धमा व्यक्त भएको छ ।

## ४.४.१०. वृद्धा मन्त्रालयको सवाल र बुढ्यौली आवाज

वृद्धा अधिकारको आवाज उठाई अन्तर्राष्ट्रिय वृद्धवृद्धा दिवसको कार्यक्रमलाई नै निबन्धको विषयवस्तु बनाइएको यस निबन्धमा समाजमा अग्रणी व्यक्तित्व वृद्धवृद्धाहरूको आवाज नै ओझेलमा परेको यथार्थ निबन्धले प्रस्तुत गरेको छ । विभिन्न विशिष्ट व्यक्तित्व, संघसंस्थाका प्रतिनिधि तथा समाजसेवीको उपस्थितिमा सम्पन्न वृद्धादिवसको कार्यक्रममा ***बुढ्यौली आवाज*** नामक कृतिको विमोचन गर्दै वृद्धाहरूको आवश्यकता र चुनौतीका बारेमा विभिन्न भनाइहरू व्यक्त भएको प्रसङ्गलाई निबन्धमा व्यक्त गरिएको छ । वृद्धवृद्धाहरूको स्वास्थ्य, पालनपोषण तथा सम्पत्तिको हक र अधिकार सम्बन्धी विचार विमर्श निबन्धमा व्यक्त भएका छन् । वृद्धवृद्धाहरूलाई **पश्चिमको घाम** भन्दै उपेक्षात्मक दृष्टिकोणबाट नहेर्न अनुरोध गर्दै वृद्धाहरूकालागि एउटा छुट्टै मन्त्रालयको स्थापना गर्न समेत आग्रह गरिएको छ । वृद्धवृद्धाहरूको लागि जिम्वेवार निकायको कमी रहेको सन्दर्भ उल्लेख गर्दै वृद्धासम्बन्धी हेरविचार गर्ने सरकारी संस्था खोई भन्दै वृद्धाहरूको निम्ति वृद्धमन्त्रालयको गठन गर्नुपर्ने माग समेत निबन्धमा उल्लेख गरिएको छ । समाजका वृद्धवृद्धाहरू भनेका अवश्य नै समाजका अमूल्य सम्पत्ति हुन्, अपार ज्ञान तथा सीपका भण्डार हुन्, जिउँदा इतिहास हुन् भन्दै उनीहरूको सम्मान, सुरक्षा र सशक्तताका लागि सचेत बन्न निबन्धले हामी सबैलाइ आग्रह गरेको छ । कामभन्दा पनि विभिन्न सभा र गोष्ठीमा मात्र सीमित कार्य व्यवस्थालाई चुनौती दिँदै समस्याको समाधानतर्फ लाग्नुपर्ने गहन तथा महत्त्वपूर्ण विचार निबन्धमा व्यक्त भएको छ । जनकल्याणकारी राज्य व्यवस्थामा वृद्धाहरूप्रतिको जिम्मेवारीको वकालत गर्दै समाजको हितका निम्ति कार्य गर्न सबै समक्ष आग्रह समेत गरिएको छ ।

समाचारात्मक पद्धतिमा लेखिएको यस लेख-निबन्धमा सरल भाषाशैलीमा सरल शब्दको संयोजन गरिएको छ । अभिधात्मक अर्थ प्रदान गर्न सफल प्रस्तुत **वृद्ध मन्त्रालयको सवाल र बुढ्यौली आवाज** नामक निबन्धमा वृद्धवृद्धाहरूको आवश्यकता र चुनौतीका पक्षहरूलाई उद्घाटन गरिएको छ । सामाजिक मूल्य र मान्यतालाई आत्मसात् गर्दै मातापिता अर्थात् वृद्धवृद्धाहरूलाई दिनहीनका व्यक्तित्वका रूपमा नबुझी असल अभिभावकका रूपमा बुझ्न र सद्भाव राख्न आग्रह गरिएको छ । सामाजिक यथार्थको विषयवस्तुमा लेखकीय विचार समेत जोडी सान्दर्भिक र मार्मिक पक्षको उद्घाटन गरिएको प्रस्तुत निबन्धले वृद्धवृद्धाहरूका लागि चाहिने आधारभूत वस्तुहरूको आवश्यकताका बारेमा प्रस्ट आवाज उठाएको प्रस्ट हुन्छ ।

## ४.४.११. एउटा सहस्राब्दीको अन्त्य र वृद्धवर्ष

विरामी वृद्धवृद्धालाई उपचारका साथसाथै माया र स्नेहको औषधीले मात्र बाँच्ने हौसला प्राप्त हुन्छ, पारिवारिक सद्भाव र स्नेहले मात्र उनीहरू रोगशोकबाट मुक्त हुन्छन् भन्ने विचार प्रस्तुत गर्न सफल  **एउटा सहस्राब्दीको अन्त्य र वृद्धवर्ष** निबन्ध अस्पतालबाट बाँचेरै घर फर्किएर खुशी मानेका तर समाज  र परिवारबीचमा आफूलाई बोझका रूपमा तुलना गर्न पुगेका वृद्धाले नातिलाई विष किनेर ल्याइदिनु भने भन्ने प्रसङ्गको मूल कथन यस निबन्धमा आएको छ । सम्भ्रान्त परिवारमा भौतिक सम्पन्नता भए पनि व्यस्तताका कारण पारिवारिक सन्तुष्टी नभएको घटनालाई प्रस्तुत गर्दै यस निबन्धले हामी जति आधुनिक, सभ्य र शिक्षित भए पनि वृद्धवृद्धाहरूको मनोविश्लेषण गर्न नसक्ने अनुभवको रूपमा चित्रण गरेको छ । राजधानीमा गुड्ने मिनिबसहरूमा समेत वृद्धले खेप्नुपरेको पीडा र भोग्नुपरेको उपेक्षालाई निबन्धमा प्रस्तुत गरिएको छ । सहस्राब्दीको अन्तिम वर्ष अन्तर्राष्ट्रिय वृद्धवर्षको रूपमा भव्यताका साथ मनाउने भन्दै औपचारिकतामा मात्र सीमित गरिएको  संस्मरण निबन्धभित्र गरिएको छ । सम्पत्तिभन्दा मानवीय नाता र व्यवहार अत्यन्त महत्त्वपूर्ण हुन्छ ।  वृद्धहरूका कोमल मनमा सानै कुराले पनि ठूलो चोट पुऱ्याउन सक्छ भन्दै निबन्ध सुखदुःख गरी हुर्काएको सन्तान नै आफ्नो मस्तीमा बाबुआमालाई बिर्सदै जाने गरको आधुनिक सभ्यताप्रति तिखो व्यङ्ग्य प्रदान गर्न सफल देखिन्छ । वृद्धवृद्धावर्षको उपलक्ष्यमा गरिएको वृद्ध सम्मानले ती वृद्धहरूको मूल्याङ्कन भएको भन्दै यस्ता कार्यक्रमहरूलाई बृहत् र विस्तृत रूपमा अगाडि बढाउँदै लैजानुपर्ने राय समेत निबन्धकारको रहेको छ । वृद्धाहरूले जीवनमा भोगेका कुराहरू इतिहास हुन्, तिनीहरूलाई उचित स्थान दिँदै बाँच्न प्रोत्साहन गर्नुपर्ने मूल कथन निबन्धले आत्मसात् गरेको छ ।

समयको पावन्दी छैन, शताब्दी हुँदै सहस्राब्दी गणना हुँदै जान्छ र  त्यसै प्रसङ्गमा सहस्राब्दीको अन्तमा मनाइएको वृद्ध वर्षको आधार भूमिमा विषयवस्तु छनोट  भएको छ । यो लेख- निबन्धले वृद्धाहरूप्रति देखाइने र गरिने आत्मीयताले वृद्धाहरूलाई बाँच्ने र हाँस्ने हौसला प्रदान गर्छ । हामीले उचित वातवरणको निर्माण गरिदिनु पर्छ भन्ने मूल भाव प्रस्तुत निबन्धको रहेको छ । आत्मपरक तथा विचारपरक शैलीमा लेखिएको यस निबन्धको उद्देश्य सामाजिक उत्तरदायित्व तथा पारिवारिक कर्तव्यबोध हो । निबन्धमार्फत निबन्धकारले भौतिकताभन्दा ठूलो कुरा अत्मीयता हुन्छ भन्न खोजेकी छन् । ***अहम् ब्रम्हास्मि*** भन्ने संस्कृत शाब्दिक भावबोधबाट सञ्चालित अस्मिको उद्देश्य र लक्ष्य निबन्धमा प्रस्तुत भएको छ ।

## ४.४.१२. एक बाल विधवा वृद्धाको प्रतिवद्धता

बाल विवाहको प्रसङ्ग केलाएर महिलाले सानैमा वैधव्य जीवन बिताउनु पर्दाको विकराल अवस्थाको विश्लेषण गर्दै समाजका सामाजिक, धार्मिक र आर्थिक पक्षको लेखाजोखा गर्न सफल प्रस्तुत लेख-निबन्ध **एक बाल विधवा वृद्धाको प्रतिवद्धता** ले साँच्चै नै संयोग र परिस्थितिले एकल बनेका महिलाहरूलाई सकारात्मक सोचका साथ जीवन बिताउन हौसला प्रदान गर्दछ भन्ने विचार व्यक्त गर्न सफल भएको छ । पारिवारिक माया, मोह र स्नेह पाए दुःखमा पनि सजिलै बाँच्न सकिने तथा आत्मबलका साथ अघि बढ्न सकिने सारपूर्ण तथ्य यस निबन्धमा व्यक्त भएको छ । सामाजिक अन्धविश्वास, कुरीति, कुसंस्कारका विरुद्ध सशक्त आवाज उठाउँदै नारीलाई कम आँक्न नहुने विचार यस निबन्धमा समावेश गरिएको छ । एकातिर पतिको मृत्युबोधमा पीडा, अर्कोतिर सामाजिक तिरस्कार र लाञ्छनाले कति नारीहरू निराश बन्न पुगेको अवस्थामा पतिको मृत्युका बारेमा ज्ञान नहुँदै विधवा बन्न पुग्नुभएकी जीवकुमारी लामिछानेको सङ्घर्षको कथालाई यस निबन्धले कथनका रूपमा प्रस्तुत गरेको छ । सासूससुराको असीम माया तथा स्नेह पाएर विधवा बन्दा समेत छोराको रूपमा स्वीकार गरी मानव धर्मको सही पहिचान भएको प्रसङ्गलाई निबन्धले कारुणिक रूपमा प्रस्तुत गर्न सफल भएको छ । मनले स्वीकार्न सके बुहारी पनि छोरो कै रूपमा हुन सक्ने सत्यलाई अँगाल्दै अन्धविश्वासी समाजलाई परिवर्तनको आग्रह निबन्धमा गरिएको छ ।  छोरोले मात्र काजक्रिया गर्ने, दागबत्ती दिने प्रवृत्तिको अन्त्य गर्दै सासूससुराको क्रियाकर्म तथा बरखी बारी मातापिताको सम्मान तथा  श्रद्धाञ्जली व्यक्त गर्न सक्ने महान् व्यक्तित्वका रूपमा जीवकुमारीको मूल्याङ्कन यस निबन्धले गरेको छ । जीवनगाथालाई नै निबन्धात्मक विषयवस्तु बनाई सामाजिक परिवेशमा विगत र वर्तमानको सोच र विचारलाई निबन्धले उजागर गर्न खोजेको छ । सचेत महिलाहरूले पुरातन समाजले बनाएको सबै नियमहरू बाध्य भएर मान्नु जरुरत छैन ।

त्यसलाई समयानुकूल बदल्न सक्नुपर्दछ भन्ने विद्रोही तथा परिवर्तनको स्वर यस निबन्धमा पाइन्छ ।

सामाजिक बन्धनबाट मुक्त हुन आफैँले प्रयास गर्नुपर्छ भन्ने मूलभाव बोकेको यस निबन्धमा जीवकुमारी लामिछानेको व्यक्तित्व र योगदानको मूल्याङ्कन गरिएको छ । जीवनकथालाई सरल भाषा शैलीमा उक्तिपूर्ण चरितार्थ गरिएको यस निबन्धले सामाजिक परिवर्तनको उद्देश्यलाई बोक्न सफल देखिन्छ । जीवनदर्शनका केही पक्ष तथा सामाजिक असमानतालाई पर्दाफास गर्दै नारी साहसको गुणगान गर्न निबन्ध सबल छ । यस निबन्धले एकल तथा वैधव्य जीवन बिताउन बाध्य नारीहरूलाई हौसला प्रदान गरेको छ ।

## ४.४.१३. बेलामै केही गरौँ उमेरसँग नडराऔँ !

सादा जीवन उच्च विचार राख्ने कर्मशील महान् व्यक्तित्वका रूपमा फूर्तिलो पत्रकार, लेखक, स्तम्भकार तथा अन्यकार्यमा सक्रिय भैरव रिसालको जीवनपक्षका असल र महत्त्वपूर्ण कुरालाई समेटी तयार पारिएको यस निबन्धले वृद्धा अवस्था कसैको बोझ होइन, बरु यो प्रेरणा र हौसला बन्न सक्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ । सकारात्मक सोच र कर्मशील विचारबाट आफूलाई सधैँ तन्नेरीको कोटामा राखी कुनै पनि कार्यलाई निरन्तरता दिन सकिन्छ भन्ने आशय निबन्धको रहेको छ । कर्मलाई नै धर्म मान्नुपर्छ, कर्मद्वारा जीवन सन्तुष्ट बन्छ भन्ने सारपूर्ण कथनले निबन्धको स्तर वृद्धि गरेको छ । रेडियो सगरमाथामा ***उहिले बाजेको पालामा*** नामक कार्यक्रम प्रस्तोताका रूपमा परिचित भैरव रिसाललाई एक ज्यूँदो इतिहासका रूपमा निबन्धमा परिभाषित गर्न खोजिएको छ । आफ्ना असल बानीहरूलाई तालमेल मिलाउन सकेमात्र पनि अभावको अनुभव नहुने भन्दै बुढ्यौली उमेरलाई कमजोरी नठान्न निबन्धले आग्रह गरेको छ । धार्मिक अन्धविश्वासलाई चुनौती दिँदै बाबुआमाको मृत्युपश्चात वैज्ञानिक अध्ययनका लागि लास दान दिनसक्ने व्यक्तित्वको रूपमा समेत परिचय कमाउनु भएका अग्रज भैरव रिसाल कर्ममा विश्वास गर्ने महान् व्यक्तित्वका रूपमा यस निबन्धमा प्रस्तुत हुनुभएको छ । उमेरकै बेलादेखि सकारात्मक सोच राख्दै अघि बढ्नसके बुढ्यौली उमेर पनि आनन्ददायक बन्छ भन्ने तर्क निबन्धकारले भैरव रिसालको जीवनीको प्रसङ्गलाई समावेश गर्दै हामीलाई प्रेरणा दिन खोजेकी छन् । पारिवारिक सहयोग र सद्भाव भए उमेर बढ्दै गएको अनुभूति तथा एकाङ्कीपनको आभास हुँदैन । यस्तो वातावरणको निर्माण सवैको गृहस्थी जीवनमा हुनुपर्छ भन्दै निबन्धले सार्थक सभ्य पारिवारिक संरचनाको महत्त्व दर्शाएको छ । अरुलाई आदर सम्मान गरे आफूले पनि आदर सम्मान पाइन्छ । यस्तो गुणको विकासले पाको उमेरमा पनि मद्दत गर्छ भन्दै निबन्धमा मानवीय चेतको झल्को पाइन्छ ।

सरल भाषाशैलीमा जीवनकथाको वर्णन विश्लेषण गर्दै अर्ती उपदेश समावेश गरिएको यस निबन्धले पाका उमेरका मानिसले पनि महत्त्वपूर्ण कर्महरू सहजै गर्नसक्छन्  भन्ने कुरा व्यक्त गरेको छ । आत्मविश्वास भए मानिस कहिल्यै बूढो हुँदैन भन्ने विचारको चरितार्थका रूपमा भैरव रिसालको जीवनीसँग जोडेर उहाँका अनुकरणीय कुरालाई आत्मसात् गर्दै अघि बढनुपर्ने सन्देश निबन्धले दिएको छ । सामाजिक योगदान तथा अविस्मरणीय क्षणलाई सम्झँदै प्रस्तुत गरिएको यो निबन्ध छोटै भए पनि उत्कृष्ट तथा सन्देश प्रवाह गर्न सफल देखिन्छ ।

## ४.४.१४. एक ज्योतिषको मृत्युपछिको मीनपचास

घटना-दुर्घटनाबाट कोही पनि बच्न सक्दैन । अरुको ग्रहदशा तथा भविष्यको ज्ञाता ज्योतिषको असामयिक तथा आकस्मिक मृत्युको सन्दर्भमा लेखिएको यस निबन्धले आफ्ना ससुराका निम्ति सङ्कटको दिन आउने सूचना दिने ज्योतिष नै आफ्नो सङ्कटको दिन आउने कठोर सत्य पत्ता लगाउन असमर्थ भएको एउटा असाधारण घटनाको प्रस्तुति गरेको छ । आफ्नो घरमा कोही सदस्य बिरामी पर्दा संसार नै बिरामी जस्तो लाग्ने मनोदशाको चित्रण निबन्धमा पाइन्छ । सबै मानिसहरू आ-आफ्नै काममा व्यस्त हुँदा परिवारका जेष्ठ सदस्यहरू एक्लो बन्दै जान्छन् । वास्तवमा तिनीहरूको ख्याल राख्नुपर्ने कर्तव्यबाट च्यूत हुँदा वृद्धमन कहालिन पुग्छ भन्दै मीनपचासको जाडोभन्दा पनि मनभित्रको चिसो कडा हुन्छ भन्दै वृद्धहरूलाई सदासर्वदा आत्मीय न्यानो माया प्रदान गर्न तत्पर हुनुपर्छ भन्ने उपदेश निबन्धले समेटेको छ । युद्धले विद्वान्–मूर्ख, धनी–गरिब केही भन्दैन, मानिसको ज्ञानले भविष्यको वर्णन गर्न सक्दैन, केही लक्षणहरूमात्र बताउन सक्छ भन्दै धेरै मानिसको भविष्य बताउन सक्ने ज्ञाता नै आफ्नो भविष्यमा अनभिज्ञ रहेकोले मृत्यु-सत्य भोग्न पुगेको प्रसङ्गलाई निबन्धमा प्रस्तुत गरिएको छ । ज्योतिषको भविष्यवाणीबाट बिरामी बन्न पुगेका ससुरा तथा अन्य बिरामीका अवस्थाको चित्रण गर्दै अस्पतालका शैय्यामा उपचारको प्रतिक्षामा रहेका वृद्धाको मनोविश्लेषण निबन्धले गरेको छ । ऋतु समय परिवर्तनले न्यानो चिसो ल्याइरहन्छ, यो सामान्य घटनाक्रम हो तर बिर्सन नहुने कुरा जस्तै परिस्थितिमा पनि मान्छेसँग माया र प्रेम रहन्छ भनेजस्तै चिसोमा न्यानो ताप्न सकिन्छ, वृद्धाहरूलाई भौतिकवस्तुभन्दा पनि आत्मीय माया चाहिन्छ, त्यो दिन तत्पर हुनुपर्छ भन्ने मानवीय यथार्थको उजागर निबन्धले गरेको छ । वातावरण असल भए मन शान्त हुन्छ, कोलाहल, डर, त्रास, भय तथा द्वन्द्वको अवस्थामा कोही शान्तसँग रहन सक्दैन भन्दै सामाजिक, राजनीतिक अन्यौलको चित्रण पनि निबन्धले गरेको छ । वृद्धा र युवाको बीचमा सामञ्जस्यपूर्ण अवस्था नरहेको सम्बन्धमा खाडल पर्दै गएको प्रसङ्गलाई कोट्याउँदै निबन्धले मीनपचासको

चिसो मौसममा हाम्रा वृद्धवृद्धा र बुबाआमाहरूलाई न्यानो पुगोस्, माया पुगोस् भन्ने शुभकामनासमेत व्यक्त गरेको छ ।

वृद्धाहरूप्रति सम्मान, सद्भाव र स्नेह खन्याएर सरल, मीठो भाषाशैलीमा प्रस्तुत गरिएको यस निबन्धले सामाजिक असल सम्बन्ध स्थापित गर्दै मानवतावादको उद्देश्य प्रस्तुत गरेको छ । ज्योतिष, बिरामी र सेवाका विविध वस्तु प्रसङ्गलाई मार्मिक ढङ्गवाट विषयवस्तु छनौट गरी असल सामाजिक सन्देश दिन सफल प्रस्तुत निबन्ध ज्यादै मर्मस्पर्शी तथा उत्कृष्ट रहेको छ ।

## ४.४.१५. आँखाबाट झर्न खोजेका दुई थोपा आँसु

चन्द्रमालाई छुने कल्पनासँग आफूले निःस्वार्थ गरेको कामबाट पाएका सहृदयी मनको शुभकामनालाई तुलना गर्दै सफल जीवनको सुखद् अनुभूति समेटिएको यस निबन्धले आत्मीय माया पाएर आँखाबाट वर्षेका हर्षाश्रु व्यक्त गरेको छ । रगतको नाताभन्दा पनि मानवीय नाता अझ प्रगाढ र नजिक हुन्छ भन्ने यथार्थको चित्रण यस निबन्धमा पाइन्छ । देशदर्शन कार्यक्रमका क्रममा भेटिएका विभिन्न ठाउँका वृद्धवृद्धाहरूलाई गरिएको सम्मान, सद्भावको प्रतिफलमा शुभआशीर्वादका शब्दको पुरस्कारले अत्यन्तै खुशी भएको पलको स्मरण गर्दै निबन्धकारले जीवनको सफल पक्षको उद्घाटन गरेकी छन् । सानैमा पिता गुमाएको यथार्थ, देशदर्शनमा धरै पिता-मातासँग जीवन- गुजार्न, सहयात्रा गर्न पाएको खुशी र वृद्धाहरूले दिएको आशीर्वादरूपी पुरस्कार नै निबन्धको विषयवस्तु रहेको छ । आत्मपरक शैलीमा घटनाक्रमहरूको सिङ्गो माला उनेर निबन्ध मर्मस्पर्शी बन्न पुगेको छ । सानो उमेरमा चन्द्रमालाई छुने कल्पना, एकाधिकारको आवाज तथा समय संयोगले घटेको सङ्घर्षका दिनहरूलाई सम्झँदै मानिसको परिचय उसको नाम होइन, काम हो भन्ने सत्य निबन्धले प्रस्तुत गरेको छ । सामान्य दिनचर्यामा बितिरहेको समयलाई एउटा सुखद् समाचारको झल्कोले कति आनन्दित पार्छ भन्दै मानसिक सन्तुष्टिको भाव निबन्धमा प्रस्तुत गर्न खोजिएको छ । कसैले दिएको शुभकामना वा शुभआशीर्वाद ठूलाठूला पुरस्कारभन्दा कम हुन्नन्, हौसला नै सत्यपथमा हिँड्नका लागि प्रेरणाका स्रोत बन्छन् भन्दै आत्मीय मायालाई भौतिकताभन्दा उच्च स्थानमा राखी मूल्याङ्कन यस निबन्धमा गरिएको छ । मानवताको नातामा संसारमा भएका सबै मान्छे आफ्नै हुन्, सबैलाई असल व्यवहार गर्न सके असीम आनन्द प्राप्त हुन्छ । त्यसैले ***सेवा नै धर्म हो*** भन्ने मूल भाव यस निबन्धको रहेको छ ।

यात्रावृतान्तमा घटेका सुखद् प्रसङ्गलाई समेट्दै कुनै क्षण बिताइएका आत्मीयता, अनुभूतिका पलको वर्णन निबन्धले गरेको छ । वृद्ध व्यक्तित्व पदम पौडेलले –*छोरी तिमी पनि जुग-जुग अमर रहू है बा ! ल !(२०६०: ६२)* भन्ने शुभकामना, शुभआशीर्वाद नै शीर्षकको रूपमा प्रस्तुत भएको निबन्ध अभिधात्मक अर्थ प्रदान गर्न सफल छ । सहज भाषा, कोमल

शैलीमा सुललित वाक्य गठन तथा चन्द्रमाको बिम्बलाई वैचारिक धरातलसँग जोडेर यथार्थ प्रस्तुत गरिएको निबन्ध समग्रपक्षलाई ध्यान दिँदा निकै उत्कृष्ट बन्न पुगेको छ । असल काम गर्दा पाइने शुभकामनालाई कुनै भौतिकवस्तुसँग तुलना गर्न सकिन्न भन्ने भाव बोकेको यो निबन्धले हामीलाई निःस्वार्थ भावना राखी कर्म गर्न प्रेरित गरेको छ ।

## ४.४.१६. वृद्ध दिवसको भोलिपल्ट

वृद्ध दिवसको भोलिपल्ट राजधानी सहरको रत्नपार्कमा भेटिएकी एक भियतनामी असहाय, अपाङ्ग वृद्धको घटनालाई लिएर चित्रण गरिएको प्रस्तुत निबन्ध **वृद्ध दिवसको भोलिपल्ट** ले युद्ध पीडित गरिब असहाय वृद्धहरूको अवस्थाको चित्रण गरेको छ । यस निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूमा प्रायः यथार्थ घटनाको सहज प्रस्तुति देखिएकाले यो निबन्ध पनि त्यसबाट अछुतो छैन । कुन उद्देश्यले नेपाल आइपुगेकी हुन् भन्ने प्रश्नको उत्तरमा निबन्धभित्र केही नपाइए पनि भाषिक कमजोरी तथा शारीरिक दुर्बलताका कारण भौंतारिई रहेकी महिलासँग निबन्धकारको प्रत्यक्ष भेट र संवादलाई निबन्धले समेटेको छ। असल काममा लाग्नेहरूका लागि प्रत्येक दिन कुनै न कुनै दिवस हुन्छ, कुनै विशेष दिन पर्खिरहनु पर्दैन भन्दै निबन्धकारले बाटोघाटोमा हिँड्दा भेटिएका वृद्ध तथा अशक्तहरूलाई सेवा गरी मानवताको परिचय र अस्तित्व जोगाउन आग्रह गरेकी छन् । मानिस समयको चक्रमा पिसिएर युद्ध पीडित बन्न पुग्छ, युद्धले कुनै देश भन्दैन, मान्छेको जिन्दगी भन्दैन, मानवता, केटाकेटी वृद्ध-वृद्धा केही भन्दैन, भन्दै विश्वव्यापीकरणको सिद्धान्तमा सबैलाई हिंसा त्यागी अहिंसा र युद्ध त्यागी- शान्तिमार्गमा लाग्न समेत निबन्धले आग्रह गरेको छ । अन्तर्राष्ट्रिय वृद्ध दिवसकै भोलिपल्ट घटेको घटनालाई प्रत्यक्षरूपमा निबन्धमा उतारेर भियतनामको द्वन्द्वग्रस्त सामाजिक अस्तव्यस्तता र मानिसको नियतिको चित्रण एक वृद्धाको चित्रणद्वारा गरिएको सजीव कथाको रूपमा निबन्ध प्रस्तुत भएको छ । संसारका जुनसुकै कुनाबाट कतै कहीँ पुगे पनि आफ्नो कमजोरी लुकाउन नसकिने रहेछ भन्ने उदाहरण एक दिनहीन, असहाय, अपाङ्ग महिलाद्वारा निबन्धमा उल्लेख गरिएको छ । भियतनाम देशभित्रको युद्धले बनाएको विकृत अवस्थाको चित्रण निबन्धमा गर्दै द्वन्द्वबाट पीडित मानिसको मनोदशा निबन्धमार्फत प्रस्तुत गरिएको छ ।

युद्धले जुनसुकै क्षेत्रमा पनि मानवताको नष्ट गर्छ, मानिस युद्धतर्फ होइन, शान्तितर्फ उन्मुख भई प्रेममय वातावरणको सिर्जना गर्नुपर्दछ अनि मात्र संसार सुखमय हुन्छ भन्ने सन्देश दिँदै मानवताको अस्तित्व जोगाउनु नै निबन्धको मूल उद्देश्य रहेको छ । युद्धलाई यथार्थपरक मनेविश्लेषणमा वर्णन गर्न सफल प्रस्तुत निबन्धले युद्धपीडित वृद्धाको कारुणिक अवस्थाको

चित्रणसमेत गरेको छ । सरल भाषाशैलीमा छोटो वाक्यगठन रहेको यो निबन्धले हाम्रो देशका आन्तरिक द्वन्द्वको पाटोलाई समेत छुने जमर्को गरेको छ ।

## ४.४.१७.युद्धबाट प्रभावित वृद्धवृद्धाहरू

देशभित्रको आन्तरिक द्वन्द्वका बेला भोग्नुपरेको वृद्धाहरूको अवस्थालाई चित्रण गर्दै लेखिएको यस निबन्धमा राज्यपक्ष र विद्रोही पक्षको चेपुवामा परेर युवाहरू घर छोडी हिँडेका प्रसङ्गलाई निबन्धमा सजीव चित्रण गरिएको छ । युद्धबाट कोही पनि बँच्न सक्दैनन् अझ युद्धको समयमा पाएको यातनाले बाँचुञ्जेलसम्म पनि निराशा र अभावको अवस्था सिर्जना गरिदिन्छ भन्ने यथार्थ निबन्धमा पाइन्छ । गरिखाने छोराछोरीले घर छाडेपछि कसले त्यो घरमा वृद्धवृद्धा वा बच्चाहरूको हेरविचार पुऱ्याओस्  भन्ने कथनले ग्रामीण समाजको दुर्दशा व्यक्त गरेको छ । युद्धले गाउँको त्रसित वातावरणको अवस्था वर्णन गर्दै गाउँका स्कुलहरू ध्वस्त भएर बच्चाहरूसमेतले पढ्न नपाएको कुरा व्यक्त भएको छ । युवाहरूले विभिन्न कारणले गाउँ छोड्न बाध्य भएपछि बच्चाहरूको दायित्व समेत वृद्धाहरूको काँधमा आइपरेकोले विकराल समस्या सिर्जना भएको अवस्था प्रस्तुत निबन्धमा पाइन्छ । राज्यपक्ष र विद्रोहीपक्षको बीचमा परेर वृद्धाहरूले खेप्नुपरेको पीडा, यातना र अमानवीय व्यवहारलाई समेत निबन्धमा जटिल समस्याको रूपमा खडा गरी त्यसको समाधानको खोजी गर्न आग्रह गरिएको छ । वृद्धवृद्धाहरू आफू अशक्त भएका बेलामा पनि धेरै समस्या खेप्न बाध्य भई नैराश्य जीवन बिताउनु परेको सामाजिक अवस्थाको चित्रण निबन्धले व्यक्त गरेको छ । माओवादी जनयुद्धमा गरिखाने छोराछोरीले गाउँघर छोडेपछि सहाराविहीन बन्न पुगेका बूढाबुढीहरूको दर्दनाक अवस्था निबन्धमा वर्णित छ । गोरु जोत्ने, मलामी जाने युवाहरूसमेत गाउँमा नरहेको प्रसङ्ग कोट्याउँदै जनशक्तिको पलायनले भोकमरी, शोक र रोगको महामारी भएको छ । युद्ध प्रभावित जेष्ठ नागरिकहरू राष्ट्रका धरोहर हुन् । तिनीहरूको पालनपोषण, रेखदेख, स्वास्थ्योपचारका लागि जिम्मेवार बन्न राजनीतिक दल, सरकार र नागरिक समाजलाई समेत यस निबन्धमा आग्रह तथा अनुरोध गरिएको छ ।

यस निबन्धले तत्कालीन द्वन्द्वको चित्रण गर्दै वृद्धाहरूले पाएको दुःख, पीडा र यातनालाई प्रस्ट्याउने काम गरेको छ । सङ्कटकालमा भएको ज्यादती र मानवता विरोधी कार्यको भर्त्सना गर्दै वृद्धाहरू, बच्चाहरू तथा असहाय महिलाहरूलाई युद्धबाट जोगाउने कर्तव्यप्रति सचेत बनाउन खोजिएको छ । सरल वाक्यगठन तथा वर्णनात्मक शैलीमा यथार्थको सहज प्रस्तुति यस निबन्धको विशेषता हो । देशभित्रको युद्धको सचित्र वर्णन निबन्धमा गरिएको छ । शीर्षक नै वृद्धाहरूले युद्धका बेला भोग्नुपरेका कठिनाइहरू व्यक्त गर्न सफल भएकाले शीर्षक र आन्तरिक

वस्तुको राम्रो तालमेल निबन्धमा पाइन्छ । युद्ध विनाश हो, युद्धबाट परिवर्तन खोज्नु गलत तरिका हो भन्ने भाव निबन्धमा व्यक्त गरिएको छ ।

### ४.४.१८. वृद्धाहरूको पनि प्रेम गर्ने अधिकार छ

संसार प्रेममय छ, प्रेम नहुँदो हो त संसारमा प्राणीको विकासक्रम हुँदैनथ्यो भन्ने सांसारिक सत्यलाई आत्मसात् गर्दै पशुपति वृद्धाश्रममा बसेका दुई वृद्ध-वृद्धाका प्रेम र विवाहको कथानक परिवेशलाई निबन्धको विषयवस्तु बनाइएको छ । प्रेम युवाहरूमा मात्र हुँदैन, सँगै रहँदा-बस्दा मन मिलेपछि  वृद्धवृद्धामा पनि प्रेमको आँकुरा पलाउनु स्वाभाविक नै हो । विवाहकै कारण वृद्धाश्रमबाट बाहिरिन बाध्य बनाइएको घटनाको विरोध गरिएको छ । वृद्धवृद्धाले एकअर्कालाई गरेको प्रेम अस्वीकार गर्दै उनीहरूलाई विवाह गरेकै कारण वृद्धाश्रमबाट समेत निकालिनुले हाम्रो समाजमा रहेको पुरातन अन्धविश्वासी परम्पराको अझै अन्त्य भइनसकेको अवस्थालाई देखाउन खोजिएको छ । आफ्ना बाबुआमाले जोसँग विहे गरिदिए त्यहीसँग जीवन बिताउन बाध्य भएका नेपाली नारीको अवस्थालाई केलाउँदै इच्छा अनुरूप सँगै बाँच्न उपयुक्त नभए छुट्टिएर अर्को जीवन रोज्न पाउनुपर्ने स्वतन्त्रताको तर्क निबन्धमा पाइन्छ । वास्तवमा वृद्धावस्थामा नै मानिसलाई मन मिल्ने जीवन साथी चाहिन्छ, जसले एकअर्काको दुःखपीडा बाँड्न र सुखद् जीवन बाँच्न हौसला पुऱ्याउँछ भन्दै विधवा र विदुरले विवाह गर्न पाउनुपर्ने मान्यता अगाडि सारिएको छ । प्रेम उमेरमा होइन, वातावरण र मनमा निर्भर हुन्छ । बुढ्यौली उमेरमा गरिएको प्रेम र विवाहलाई उपेक्षापूर्ण दृष्टिले नहेरी आवश्यकताको दृष्टिले हेर्नुपर्छ भन्ने धारणा निबन्धमा निबन्धकारको रहेको छ । वृद्धावस्थामा विवाह गरेर समाज परिवर्तनका संवाहकसमेत बनेका ती वृद्धा नवदम्पत्तीहरूलाई नमुनाका रूपमा लिई उनीहरूको आँट र उदारतालाई प्रोत्साहन स्वरूप बधाई र सहयोग दिनुपर्छ भन्ने कामना र नवदम्पत्तीको सुखद् दाम्पत्य जीवनको शुभकामना तथा बधाई प्रदान गर्दै टुङ्ग्याइएको यो निबन्धले वृद्धा नै वास्तवमा वृद्धको सहारा हुनसक्ने भएकाले सहज वातावरणको निर्माण गर्ने सकारात्मक सोचको अपेक्षा गरेको छ ।

प्रेमको विषयवस्तुलाई समेट्दै वृद्धवृद्धाको प्रेममय जीवनको उदाहरण प्रस्तुत गरिएको यस निबन्धले प्रेमको कुनै बन्धन हुँदैन भन्ने सत्य उजागर गरेको छ । हेर्ने दृष्टिकोण असल भए, सोच सकारात्मक भए, समाजमा रहेको विकृति, विसङ्गति र अन्धविश्वासलाई सजिलै बदल्न सकिन्छ भन्ने मूल भाव यस  निबन्धले बोकेको छ । घटनालाई नै विषयवस्तु बनाई सकारात्मक विचारको पक्षमा वकालत गर्न सफल यस निबन्धले एक क्रान्तिकारी विचारको सृजना र सहमति प्रस्तुत गरेको छ ।

### ४.४.१९. थकाइ लागे सम्झनुपर्ने पाको मान्छे

मानिसले कुनै काम निरन्तर गरिरहँदा थाकेको महसुस गर्छ, यो स्वाभाविक हो तर काम परिवर्तन गर्दा वा नयाँ कामको सुरुवात गर्दा पुरानै जोश र जाँगर फर्केर आउने विचार व्यक्त गर्ने असल सक्रिय महान् व्यक्तित्व हुतराम वैद्यको चर्चा परिचर्चामा रचना गरिएको प्रस्तुत निबन्ध **थकाइ लागे सम्झनुपर्ने पाको मान्छे** पढ्दा यसले निकै आनन्द प्रदान गर्दछ । असी वर्षको उमेरमा समेत युवा सोच र जाँगरका साथ विभिन्न कार्यमा सक्रिय हुनुभएका हुतराम वैद्य कर्मठ, लगनशील व्यक्तित्वका रूपमा परिचित हुनुहुन्छ । जीवन बाँच्ने क्रममा उमेर बढ्दै गएपछि चेतनशील मान्छेहरू आफ्नै जीवनको सार्थकता खोज्न थाल्छन् । त्यो तबमात्र सम्भव छ जब आफूले प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतारेर आफूसँग भएका ज्ञान,सीप जाँगर आदिलाई अग्रगति दिन सकिन्छ । एक उदाहरणीय व्यक्तित्वका रूपमा परिचित हुतराम वैद्यको जीवनबाट धरै कुराहरू सिक्न सकिन्छ । उमेरको वृद्धिसँगै शारीरिक कमजोरी बढ्दै जान्छ तर बेलैदेखि आफूलाई मानसिक रूपमा तयारी राख्न सके शारीरिक कमजोरीहरूलाई पनि सजिलै जित्न सकिन्छ भन्ने महान् दर्शन यस निबन्धबाट पाउन सकिन्छ । मान्छे बूढो हुनु रोग होइन, यो त जीवनको सहज प्रक्रिया हो, यसलाई सहजतापूर्णरूपमा लिन सके जीवनमा आफू ज्यादै ढिलो वा पछाडि परेँ भनी पछुताउनु पर्दैन भन्ने कुराको व्याख्या निबन्धमा गरिएको छ । समयको सदुपयोग, जीवनप्रतिको सकारात्मक सोच र आशावादी विचारका कारण असी वर्षे उमेरमा पनि युवा झैँ लाग्ने हुतराम वैद्य समाजका लागि एक अनुकरणीय व्यक्तित्व हुन् । उनीसँग भएको गुणलाई अवलम्बन गरी आफूलाई चुस्त र स्फूर्त राख्न समेत आग्रह गरिएको यो निबन्धले असल व्यक्तिको असल बानीको गुणगान गाएको छ ।

सहज भाषाशैलीमा जीवनका विविध प्रसङ्गलाई मीठासपूर्ण शैलीमा प्रस्तुत गरिएको यो निबन्ध जीवनीपरक विवेचनामा आधारित छ । कसैको व्यक्तिगत जीवनका पक्षहरूलाई केलाउँदै सकारात्मक सोच प्रदान गर्न यो निबन्ध सफल छ । सामाजिक उत्तरदायित्व तथा कर्तव्यबोधलाई उमेरले छेक्न सक्दैन, इच्छाशक्ति र सक्रियता भए जुनबेला पनि समाजसेवामा जुट्न सकिन्छ भन्ने मूल भाव बोकेको यस निबन्धले हुतराम वैद्य जस्ता व्यक्तित्वबाट धेरै कुरा सिकेर सभ्य समाज निर्माणका लागि अग्रसर हुनुपर्छ भन्ने सन्देश दिन खोजेको छ । कतिपय महान् व्यक्तिका व्यक्तिगत कुरा पनि सामाजिक बन्छन् भन्दै साँच्चै थाकेका, निराश भएका मान्छे मात्र होइन समाजलाई समेत क्रियाशील बनाउने सूत्रको रूपमा प्रस्तुत निबन्धलाई लिन सकिन्छ ।

## ४.४.२०. पाकाहरूको अधिकार संरक्षण गरौँ

चीनको एक वृद्धाश्रममा ७६ वर्ष र ८९ वर्षका वृद्धवृद्धाको पुनर्विवाहलाई प्रसङ्ग बनाएर वृद्ध अधिकारको आवाज उठाउन सफल प्रस्तुत निबन्ध यथार्थवादी दृष्टिकोणलाई पच्छ्याउँदै अघि बढेको छ । मानव जीवनमा जुनसुकै उमेरका मान्छेलाई पनि आफूलाई बुझ्न सक्ने र साथ दिनसक्ने साथीको खाँचो हुन्छ । अझ अशक्त अवस्थामा आफूलाई झन्झन् सहयोगीको आवश्यकताको महसुस हुन्छ भन्दै पतिको सच्चा सहयात्री पत्नी नै हुने, पत्नीको असल मित्र पति नै हुने कुरालाई निबन्धमा व्यक्त गरिएको छ । नेपाल जस्तो अविकसित देशमा वृद्धाहरूको बाँच्न पाउने अधिकार सुरक्षित छैन, न त  उनीहरूका लागि कुनै सुविधा सम्पन्न वृद्धाश्रम नै छ भन्दै सामाजिक अवस्थालाई मनन गरी विदुर र विधवाको पुनर्विवाह गर्ने परम्पराको थालनी गर्नुपर्ने आवश्यकता छ भन्ने कटु सत्य निबन्धमा व्यक्त गरिएको छ । नेपालका आम वृद्धवृद्धाहरूको मुख्य समस्या मानवीय समस्याका साथै गरिबी हो । बुढेसकालमा हुने स्वास्थ्य समस्या र अन्य समस्याका निम्ति राज्य तहबाट कुनै व्यवस्था भइनसकेको अवस्थामा वृद्धवृद्धाहरूको हकहितका लागि, सामाजिक सुरक्षाका लागि उचित नीतिनियम-ऐनकानुन बनाउनु जरुरी छ । उचित शिक्षादिक्षा तथा संस्कार नभएका कारण पनि आजको समाजले बूढाबूढीलाई अनावश्यक बोझको रूपमा मान्दै गएको प्रसङ्ग उल्लेख गर्दै सरकारले वृद्ध अधिकारको क्षेत्रमा विशेष व्यवस्था गर्नुपर्ने खाँचो देखिएको कुरालाई निबन्धले समेट्न खोजेको छ । नेपाली समाजको प्रचलित लोकोक्ति *बालकको आमा नमरोस् बूढाको स्वास्नी* भन्ने कथनलाई बदली वृद्धावस्थामा स्वास्नीले जस्तै सेवा गर्ने सङ्घ संस्था वा सुविधा सम्पन्न वृद्धाश्रम निर्माण गर्न सके ती अग्रज पुर्खाहरूको सम्मान हुन सक्छ भन्ने कुरालाई निबन्धमा स्पष्ट गर्न खोजिएको छ ।

समाजमा सामान्य रूपमा हल्का पाराले लिइने वृद्धवृद्धाका समस्यालाई प्रस्तुत निबन्धले गहन तर्कका साथ  उठाइएको छ । बालबालिका र महिलाका जस्तै वृद्धवृद्धाका हकहित र सामाजिक सुरक्षाका अधिकारलाई सशक्त एवम् प्रभावकारी व्यवस्था गर्नुपर्ने मुद्दा यस निबन्धले प्रस्तुत गर्दै वृद्धाहरूप्रतिको आ-आफ्नो जिम्मेवारी बहन गर्न आफ्ना सन्तानहरूलाई आग्रह समेत गरेको छ । सामान्य लाग्ने  विषयवस्तुमा वृद्धवृद्धाहरूको आवाजलाई जोडतोडका साथ उठाइएको यस निबन्धले सामाजिक समस्याको चिरफार गर्ने क्रममा वृद्धवृद्धाहरूलाई पर्न गएको अप्ठ्यारो परिस्थितिको समाधान गर्न सम्बन्धित पक्षलाई गरेको आग्रहको रूपमा  लिन सकिन्छ ।

## ४.४.२१.सफलादेवीको चित्र-विचित्र

***नेपालको कानुन दैवले जानुन्*** भन्ने व्यङ्ग्योक्तिको सफल चित्रण बोकेको सफलादेवीको चित्रले साँच्चै नै नेपालमा न्याय-अन्यायको कुनै अर्थ नरहेको गम्भीर पक्षलाई प्रस्ट पार्छ । ***ठूलालाई चैन र सानालाई ऐन*** भनिने लोकोक्ति पनि साँच्चै वास्तविकता जस्तै लाग्छ । ८६ वर्षको बुढ्यौली उमेरमा पनि एकछाक जाउलो र एकसरो सफा लुगाका लागि न्यायको कठघरामा उभिन बाध्य हजारौं नेपाली आमाहरूको कारुणिक कथालाई निबन्धले सचित्र वर्णन गरेको छ । ३५ वर्षदेखि लगातार थरथर कामेका र कमजोर भइरहेका खुट्टाहरू लट्ठीको साहारामा अड्डा-अदालत धाउँदैमा बिताएकी सफलादेवी एक स्वाभिमानी महिलाको रूपमा निबन्धमा प्रस्तुत भएकी छन् । अदालतले सम्पत्ति पाउने फैसला सुनाए पनि आफन्तबाट नदिइएकाले पुनः न्यायको मन्दिरमा पुगेकी उनी एक असाहय वृद्धाका रूपमा निबन्धमा उभिएकी छिन् । महिलाहरूको सम्पत्ति माथिको अधिकारको वकालत गर्न सफल यस निबन्धले गरिब असहायहरूले कसरी दुःख पाइरहेका छन् ? उनीहरूमाथि कस्तो अन्याय भएको छ ? भन्ने सत्यलाई देखाउन सफल भएको छ । काठमाडौं सहरमै घटेको घटनाको प्रतिनिधित्व निबन्धमा उतारिएको दयनीय कथाको अंशका रूपमा लिन सकिने निबन्धको विषयले दूरदराज ग्रामीण क्षेत्रमा महिला वृद्धाहरूमाथि केकस्तो अन्याय भइरहेको होला ? भन्ने प्रश्न उब्जाएको छ । सफलादेवीको न्यायका लागि संघसंस्थाहरू सहयोग गर्न तयार हुनुपर्छ, यस्ता वृद्धा आमाहरूलाई न्याय दिई सामाजिक सुरक्षा दिनुपर्छ भन्ने चेतनशील आवाज निबन्धमा प्रस्तुत गरिएको छ । हाम्रो देशका वृद्धवृद्धाहरूले भोग्नु परेको बाध्यतालाई **सफलादेवीको चित्र - विचित्र** लेख-निबन्धले प्रस्ट पारेको छ । साथै लैङ्गिक असमानता र धोकापूर्ण अन्याय विरुद्ध यस निबन्धले धावा बोलेको छ भन्न सकिन्छ ।

यस निबन्धले हाम्रो समाजमा एकल वृद्धा महिलाले भोगिरहेका अन्यायपूर्ण अवस्थाको सफल चित्रण गरी त्यस्ता वृद्धाहरूलाई सहयोगको अपेक्षा राख्न आवाज उठाएको छ । समाजका विविध पक्षहरूलाई केलाउँदै नारीले भोग्नुपरेका समस्या तथा समाधानका लागि हार -गुहारसम्म मागिएको प्रस्तुत निबन्धले भौतिक सम्पत्तिभन्दा पनि मानवीय नातालाई ख्याल गर्दै आफन्तका खोल ओढेका परचक्रीहरूलाई सहयोग र सद्भाव राखी आफन्तको बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्न आग्रह गरिएको छ । सत्य घटनालाई नै निबन्धको विषय बनाई प्रस्तुत गरिएको यस निबन्धको कलापक्ष र भावपक्षको तालमेल राम्रो देखिएको छ । निबन्ध छोटो भए पनि उत्कृष्ट छ ।

## ४.४.२२. जेष्ठ नागरिकको यात्रा : एउटा ऐतिहासिक यात्रा

जेष्ठ नागरिकहरूलाई सम्मान र सद्भाव स्वरूप देश-दर्शन गराउने उद्देश्यले थालिएको एक यात्रा कार्यक्रममा सरिक भई सहभागीहरूको सुखद् संस्मरणमा लेखिएको प्रस्तुत निबन्ध नेपालको पूर्वाञ्चल क्षेत्रमा गरिएको भ्रमण विवरण जस्तै देखिन्छ । ८० जना वृद्धवृद्धाहरूको सहयात्रामा पाएको असीम माया स्नेह र आनन्दलाई मीठासपूर्ण शैलीमा प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ । जिउँदो इतिहासका पाना, जीवित पुस्तकालय तथा अमूल्य पुस्तकालय उपनाम दिइएको वयोवृद्धा व्यक्तित्वका जीवनका अनुभूतिबाट धेरै ज्ञानहरू सिक्न पाएको खुसीमा निबन्धकार स्वयम् कृत्यकृत्य भएको सन्दर्भ निबन्धमा व्यक्त भएको छ । वृद्धवृद्धाहरूलाई पनि साथीहरूसँग घुम्ने रहर हुन्छ, सुखदुःख बाँडने चाहना हुन्छ, घर गृहस्थी बिर्सेर रमाइलो गर्ने मन हुन्छ भन्दै उनीहरूको मानसिक अवस्थाको चित्रण निबन्धमा गरिएको छ । ज्यादै उत्साहित भएर जननीको भ्रमणबाट फर्किंदा सबैका अनुहार प्रफुल्लित भएको संस्मरण यसमा व्यक्त गरिएको छ । विभिन्न ठाउँका विभिन्न जातिका मानिसहरूमा देखिएको सद्भाव र सहिष्णुताको व्याख्या गर्दै के महिला के पुरुष सबै सुखमा, आनन्दमा रमाउँदै आफ्नो जीवनका अनुभूति साटासाट गरेको एक मेलाको रूपमा चित्रित देश-दर्शन यात्राले सामाजिक सद्भावको अवस्था देखाएको छ । वृद्धवृद्धाहरूले निबन्धकारप्रति गरेको व्यवहार बाबु,आमा, छोरीको सम्बन्धको रूपमा तुलना गरिएको छ । धर्म, जात, वर्ग मानिसलाई सामाजिक विभेद गर्न बनाइएका बन्धन हुन् तर मन मिलेपछि ती कुनै बन्धनले छेक्न सक्दैन, रोक्न सक्दैन भन्ने उदाहरण प्रस्तुत गर्दै हिन्दू र मुसलमान पनि एकैठाउँमा जम्मा भई सँगै तीर्थ गएको चित्रण निबन्धमा गरिएको छ । घर समाजमा बस्दा दिक्क र निराश भएको मनलाई देश - दर्शन तीर्थयात्रामा खुलेर फुकाएको धारणाले वृद्धवृद्धाहरू पनि रमाउन चाहन्छन्, मात्र उचित वातावरणको निर्माण गरिदिनुपर्छ भन्ने गहन सत्यलाई प्रस्तुत निबन्धमा उजागर गर्न खोजिएको छ ।

बृहत् यात्राका रूपमा वृद्धवृद्धाहरूलाई एकैठाउँमा जम्मा गरी देश-दर्शन गराउने उद्देश्यका साथ गरिएको एक कार्यक्रमबाट उत्प्रेरित भएका घटना, संवेग र अनुभूतिलाई नै निबन्धको विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । सामाजिक सद्भाव, स्नेह र सहिष्णुताको पृष्ठभूमिलाई आधार बनाएर वृद्धवृद्धाहरूलाई तीर्थयात्रा गराई, हेरचाह गरी, सेवा सुश्रुषा गर्नुपर्छ भन्ने महान् उद्देश्य यस निबन्धले राखेको छ । यात्रावर्णनका रूपमा प्रस्तुत निबन्धलाई विभिन्न व्यक्तिका क्रियाकलापमा आधारित अनुभूतिको स्मरणका रूपमा लिन सकिन्छ ।

## ४.४.२३. तीर्थयात्रामा सम्हाल्न नसकेका आँसु

जेष्ठ नागरिकहरूलाई भेला पारेर देश-दर्शन तीर्थयात्रामा निस्केको प्रसङ्ग तथा कम्युनिष्ट र ईश्वरका बारेमा चर्चा गर्दै वृद्धवृद्धाहरूको तीर्थ गर्ने इच्छा पूरा गरिदिएका कारण उनीहरूले आशीर्वाद दिँदै बगाएको हर्षाश्रुको चर्चा  प्रस्तुत निबन्धमा भएको छ । नेपालको पूर्वी क्षेत्रमा रहेको पुरातात्विक ऐतिहासिक सहर विराटनगर–धरानका विभिन्न मठमन्दिर पिण्डेश्वर, दन्तकाली, बूढासुब्बा र वराहक्षेत्रको परिवेशमा भेटिएका दुई वृद्धाहरूको घटनाक्रमलाई समेत निबन्धमा जोड्दै ४ वर्षको उमेरमा विवाह भई ६ वर्षको उमेरमा वैधव्य जीवन बिताउन बाध्य नेपाली महिलाहरूको अवस्थालाई समेत चित्रण गर्न खोजिएको  छ । वृद्धवृद्धा भएपछि तीर्थयात्रा जाने रहर हुन्छ, आफ्ना छोराछोरीको बेफुर्सद तथा वेवास्ताका कारण वर्षौंदेखि पालेको इच्छालाई मनमोहन स्मृति प्रतिष्ठानले पूरा गरिदिएको खुसी यो निबन्धमा समेटिएको छ । जो जे धर्म, जात अवलम्बलन गर्न बाध्य भएपनि आस्थाको धरोहर ईश्वर सबैका लागि समान हुन् भन्ने धार्मिक सहिष्णुता र ईश्वरप्रतिको आस्था-भाव निबन्धमा हिन्दू र मुसलमानका माध्यमबाट व्यक्त भएका छन् । वृद्धावस्थामा लाटो छोरा पाल्नका लागि  बदाम बेच्न गरेको सङ्घर्षले मनमा उनीहरूप्रति केही गर्न नसकेको नैराश्यता अनुभूत हुन्छ । आफ्नो बाध्यता र निरीहताले मनमा खिन्नता भएको प्रसङ्गको उल्लेख गर्दै निबन्धकारले वृद्धवृद्धाहरूका लागि त्यस्तो केही उत्कृष्ट कार्य गर्न नसकेकोमा हिनताबोध गरेकी छन् । कम्युनिष्टका कुरासँगै ईश्वरका कुरा गरिएको प्रस्तुत निबन्धमा ईश्वरलाई रहस्यको रूपमा परिभाषित गर्दै ईश्वरका खोजीमा इतिहासकालदेखि नै निरन्तर साधनारत मानव सभ्यताको चर्चा गरिएको छ । वृद्धवृद्धाका आत्माभित्र ईश्वरको दर्शन पाएको अनुभूत गर्दै निबन्धकार मानिसभित्रको ईश्वर दर्शन गर्न सकेमात्र मानव जीवन सफल हुन्छ भन्ने धारणा व्यक्त गर्दछिन् ।

प्राकृतिक दृश्यको अवलोकन, ईश्वरप्रतिको आस्था र विचारलाई समयसापेक्ष रूपमा पच्छयाउँदै वृद्धवृद्धाका मानसिक उतारचढाव प्रस्तुत गर्नु निबन्धकारको मूल उद्देश्य हो । यात्रावर्णनभित्र दुई महिला वृद्धाका जीवनमा घटेका घटनालाई समावेश गरी  धार्मिक-सामाजिक पक्षको चित्रण गर्न सफल प्रस्तुत निबन्धले मानवतावादको चर्चा गरेको छ । निबन्धमा कम्युनिष्ट र ईश्वरको चर्चा गर्दै आस्था हरेक मानिसमा हुन्छ, चाहे त्यो कुनै सिद्धान्तको पछि लागोस् भन्ने सत्य उद्घाटित भएको छ ।

## ४.४.२४.धरानको उत्साह र वृद्ध-प्रतिभाहरू

मनमोहन स्मृति प्रतिष्ठानले आयोजना गरेको देशदर्शन यात्राको वृतान्त वर्णन गर्ने क्रममा धरान पुग्दाको अनुभूति सँगाल्दै विशिष्ट व्यक्तिहरूसँगको भेट, साहित्यको रसास्वादन र आत्मीयता साटासाट गरिएको विषयलाई निबन्धले उठाएको छ । वृद्धाहरूले आफूले भोगेको जीवनका प्रसङ्गलाई भजन, गीत, कविता मार्फत प्रस्तुत गर्दै हाँसीखुसी बिताएका पलको स्मरण निबन्धमा भएको छ । देश-दर्शनको क्रममा देखिएका विभिन्न गतिविधि तथा वृद्धवृद्धाहरूको उत्साह प्रतिभालाई नलेखिएको इतिहास मान्दै त्यसबाट पाठ सिकी अगाडि बढ्न सकेमा राम्रो हुन्थ्यो भन्ने इच्छा पनि व्यक्त भएको छ। वातावरण अनुकूल बन्दा मान्छे कति उन्मुक्त हुनसक्छ भन्दै भोको पेट र नाङ्गो जिउमा पनि मनभरि हाँस्न सक्ने विशिष्ट गुण भएका नेपालीहरूको आत्मगान निबन्धमा व्यक्त गर्दै ***जननी जन्मभूमिश्च स्वर्गादपि गरियसि*** को मूल भाव समेटिएको छ । क्रान्तिकारी विचार भएका केही वृद्धाहरूले भोगेका ऐतिहासिक जीवनको मर्म प्रस्तुत गर्दै पुरुषहरूलाई उदारताका साथ महिलाहरूले सहयोग गरेको प्रसङ्ग निबन्धमा जोडिएको छ । श्रीमतीले पूर्ण सहयोग नगरे सामाजिक राजनीतिक काम गर्न सहज हुँदैन भन्दै महिलालाई सम्मान गर्न निबन्धले आग्रह समेत गरेको छ । वृद्धवृद्धाहरूसँग केही समय बिताउन पाउँदा आफू पनि निकै हर्षित भएको तथा उनीहरूले आनन्दपूर्वक समय बिताएको अनुभूत गरेको बताउँदै निबन्धकार यस्तो देश-दर्शन यात्राको कार्यक्रम निरन्तर गरिरहनु पर्ने धारणा व्यक्त गर्दछिन् । युवा अवस्थामा विभिन्न कठिनाइका कारण गर्न नसकिएका भ्रमणका कार्य वृद्धावस्थामा तीर्थका रूपमा गर्न पाउँदा अझै बढी आनन्द प्राप्त गर्न सकिन्छ र आफ्ना आमाबुबालाई तीर्थाटन गराउन सन्ततीहरू तयार हुनुपर्छ भन्ने विचार निबन्धले व्यक्त गरेको छ ।

उत्साह र प्रतिभालाई उमेरले रोक्न वा छेक्न सक्दैन केवल उचित वातावरण सिर्जना भएमा ती गुम्सिएका अद्भूत प्रतिभा स्वतः प्रस्फुटित हुन्छन् भन्ने भाव  प्रस्तुत निबन्धको रहेको छ । इलामदेखि धरानसम्मको यात्रामा भएका घटनाको प्रस्तुति गरिएको निबन्धमा विभिन्न स्थानमा विभिन्न महानुभावहरूले गरेको स्वागत सद्भावलाई सरल र मीठासपूर्ण भाषाशैलीमा प्रस्तुत गरिएको छ । छोटो मीठो वाक्य गठन र सटिक उदाहरणले निबन्ध समग्रमा उत्कृष्ट बनेको छ ।

## ४.४.२५. सय वर्ष नाघेका वृद्ध र राजविराजको बसाइ

कोशी नदीमाथि पानीमा परेको सूर्यको प्रतिबिम्ब र आकाशको सूर्यलाई दुई गणना गर्दै जन्म र मृत्युको तुलनामा व्यक्त भएका भावुक अनुभूति नै प्रस्तुत लेख-निबन्धको आधारस्तम्भ

बनेको छ । चेतनाले भरिएको जीवनमा मृत्यु अगावै आफ्नो अस्तित्व खोज्न सक्नुपर्छ भन्ने चिन्तन यस निबन्धमा रहेको छ । यात्राको क्रममा कोशी नदी तर्दा देखिएको सूर्यको प्रतिबिम्बले जीवनको आरोह अवरोहको काल्पनिकतालाई जोड दिँदै यथार्थ जीवनको पक्षसँग निबन्धको निकटता रहको छ । सय वर्ष उमेर बितेपछि अशक्त हुँदा घरपरिवारका सदस्यले गरेको व्यवहारलाई प्रस्तुत गर्न निबन्ध सफल रहेको छ । वृद्धवृद्धाहरूको समस्या समाधानमा काम गर्ने संघसस्थाहरूको अझै कमी नै छ भन्ने अभावको महसुस निबन्धमा पाकाहरूले भोगेको जीवनका आधारमा गरिएको छ । उदार मन भएका मानिसहरूले वृद्धवृद्धाका स्वागतार्थ गरेका उत्साहपूर्ण कामको तारिफ गर्दै मानिसले समयानुकूल परिस्थितिसँग सामना गर्नैपर्ने कुरालाई निबन्धमा थाकेको शरीरले सुत्ने स्थान नपाएको घटनाबाट प्रष्ट पार्न खोजिएको छ । अप्ठेरो परिस्थितिमा पनि पूर्वस्मृतिका घटनाहरूको चाङले मीठास भरिदिन्छ भन्दै निबन्धकार शयनकक्षको अभाव र अवस्थाबाट निराश नभई विगतलाई नियालेर आनन्दित भएको मनोविश्लेषण यहाँ प्रस्तुत गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाको कृतिभित्रको कोशीको भङ्गालोलाई यथार्थमा नियाल्दै जीवनको तुलना गरिएको प्रस्तुत निबन्धले जन्मनु र मर्नुको सत्यलाई उद्घाटित गर्न पुगेको छ । समय, संयोग र परिस्थितिलाई मानिसले सहयात्रीको रूपमा सम्झँदै असल कर्म गर्दै जानुपर्छ भन्ने मूल भाव निबन्धमा व्यक्त गरिएको छ ।

प्रस्तुत लेख-निबन्ध यात्रा वर्णनको एक छोटो अंश हो भन्न सकिन्छ । आत्मपरक शैलीमा मानवीय स्वभाव र स्थानको वर्णन गर्दै समयलाई बलवान् वस्तुसँग निबन्धमा तुलना गरिएको छ । सरल भाषाको प्रयोग भएको यस निबन्धमा सूर्यलाई जीवनको प्रतीकको रूपमा प्रयोग गरिएको छ । सरल भाषाशैली, अनुभूत घटनाक्रम तथा विगतका स्मृतिको आधारभूमिमा निबन्धको रचना भएको छ । आफूले गर्नसक्ने उमेरमै असल कार्य गर्नुपर्दछ भन्ने असल सन्देश दिन सफल प्रस्तुत निबन्ध एक उत्कृष्ट यात्रा वर्णनको रूपमा रहेको अनुभव गर्न सकिन्छ ।

### ४.४.२६.स्वच्छन्द खुल्लामञ्चमा वृद्ध कलाकारहरू

धर्मशालाको परिसरमा घन्किएको गायत्री मन्त्रको आस्वादनबाट प्रफुल्ल मन बोकेर शरीरलाई फुर्तिलो बनाउन प्रातः हिँडाइको प्रसङ्गबाट सुरुवात भएको प्रस्तुत निबन्धले नारीहरूलाई गायत्री मन्त्र श्रवण गर्न नहुने भन्दै गरिएको धार्मिक विभेद समेत निबन्धमा समावेश गरिएको छ । सप्तरीको शम्भुनाथ मन्दिरको दर्शनसँगै बिहानको चिया नास्ता तयार भइनसकेको अवस्थामा अगाडिको खुल्ला चौरको सही उपयोग गर्दै वृद्धवृद्धाहरूले आफूभित्र रहेका प्रतिभालाई प्रस्तुत गरेको चित्रण निबन्धले दृश्यबिम्बमार्फत् प्रस्तुत गरेको छ । जीवनका विविध पक्षसँग सरोकार राख्दै रचना गरिएका सिर्जनालाई आफ्नो पालो कुरेर स्वच्छन्द

खुल्लामञ्चमा मन खोलेर गरिएको प्रस्तुति नै निबन्धको शीर्षकको रूपमा छनौट भएको छ । धार्मिक भजन, पर्वगीत, जातिगीत तथा संस्कृतका ऋचाहरू सबैका साझा हुन्, सबैले मानवमनमा उत्तिनै प्रभाव पार्न सक्छन् भन्ने आशयका साथ प्रस्तुत यो निबन्धले कलालाई उमेरले प्रभाव पार्दैन, मानिस वृद्ध भए पनि कला र प्रतिभा वृद्ध हुँदैन भन्ने सत्य उजागर गर्न खोजेको छ । मौका पाउनुपर्छ , मौका दिइनुपर्छ, प्रतिभा त आफसेआफ नै प्रस्फुटन हुन्छ भन्दै सबै मानवभित्र कुनै न कुनै कला अथवा प्रतिभा हुन्छ भन्ने कुरालाई निबन्धले उद्घाटित गरेको छ ।

यसरी हाम्रो समाजमा वृद्धवृद्धाहरूका लागि कुनै राम्रो कार्यक्रम गर्न सकियो भने हाम्रा वृद्धवृद्धाहरूको जीवनप्रतिको, समाजप्रतिको गुनासो घट्दै जाने कुरालाई निबन्धले प्रस्तुत गरेको छ । सप्तरीलाई कहिल्यै अन्नको खाँचो नहोस् भन्ने निबन्धकारको शुभकामना, वृद्धाहरूको हार्दिकताले निबन्धलाई निकै सबल बनाएको छ । प्राकृतिक सुन्दर चौरमा विभिन्न ठाँउका सुन्दर प्रतिभाहरूले स्वच्छन्द रूपमा आफ्ना मनका गीत सङ्गीत भावलाई व्यक्त गरेको विषयलाई निबन्धले उठाउन सक्नु नै प्रस्तुत निबन्धको उद्देश्य हो ।

खुल्ला सांस्कृतिक सङ्गमलाई सुन्दर र सुरम्यताको उपमा दिँदै जीवनको जीवन्तताको अनुष्ठान मानिएको **स्वच्छन्द खुल्लामञ्चमा वृद्धकलाकारहरू** निबन्धले साँच्चै नै असीम आनन्दको मानवीय अनुभूतिलाई समेट्न सकेको छ । साहित्यिक सुललित भाषामा, सुन्दर आकर्षक कथनद्वारा प्रस्तुत गरिएको निबन्ध उत्कृष्ट बन्न पुगेको छ । प्रस्तुत निबन्धले वृद्धवृद्धाहरूलाई समायानुकूल वातावरण सिर्जना गरिदिएर आनन्दपुर्वक जीवन बिताउनका लागि हामी सबैले सहयोग गर्नुपर्ने दायित्वको बोध गराएको छ ।

## ४.४.२७. नौमती बाजासँगै-“जंको ” यात्रा

देश-दर्शन यात्राकै क्रमको अन्तमा विराटनगर नगर परिक्रमामा नौमती बाजासँगै जेष्ठ नागरिकहरूको पदयात्राको विषयवस्तुलाई यस निबन्धको विषय मानिएको छ । एकहप्ताको देश-दर्शन यात्रामा बिताएका क्षणलाई स्मरण गर्ने क्रममा नागरिकहरूको सक्रिय सहभागिता, विशिष्ट व्यक्तिहरूको जमघट, स्वागत तथा एक ऐतिहासिक यात्राका रूपमा परिभाषित गर्दै नौमती बाजाको धुनमा ८० जना वृद्धाहरूको लामलाई अबिरल बगेको नदीसँग तुलना गरिएको छ । नेवारी जातिमा निश्चित उमेर पुगेपछि सहस्रचन्द्र दर्शन तथा जंको गर्ने परम्परा छ । यो यात्राको क्रममा बाजाको धुनसँगै गरिएको पैदलयात्रालाई त्यसैसँग तुलना गरिएको प्रस्ट हुन्छ । सङ्गीतको धुनसँग मन मिसिँदा शरीरको थकित गलित अवस्था पनि कताकता हराउँदै, नयाँ जोश र उमङ्ग पलाउने हुन्छ भन्ने सत्यसँग उच्च वयस्क नागरिकहरू रिक्सा छोडी दुई

घण्टाको पैदलयात्रामा सरल र सहज तरिकाबाट सहभागी भएको घटनाको अनुपम क्षण निबन्धमा उल्लेख छ । ती वरिष्ठ नागरिकहरूले जीवन भनेकै संङ्घर्ष हो , संङ्घर्षको अर्को अर्थ कठिनाइ भनेका विचारलाई मध्यनजर गर्दै आफ्नो गतिलाई कायम राख्ने हो भन्ने सजिलै उद्देश्य वा लक्ष्यमा पुग्न सकिन्छ भन्ने विचार निबन्धमा व्यक्त भएको पाइन्छ । यसरी देश-दर्शनको यात्राको अन्तिम दिनको नौमती बाजाले नेतृत्व गरेको जीवनपथको छेउतिर प्रवेश गरेका जेष्ठ नागरिक सूर्यप्रकाश श्रेष्ठले यो अपूर्व पदयात्रालाई जंकोसँग तुलना गर्दै जीवनकै अविस्मरणीय पक्षसँग तुलना गरेका छन् । निबन्धकारका व्यक्तिगत कुरालाई वैचारिक धरातलमा उभ्याएर वृद्धवृद्धाका अनुभूतिलाई समेट्न सफल प्रस्तुत निबन्ध इतिहासको एउटा उत्कृष्ट कालखण्डको अभिलेख हो भन्न सकिन्छ ।

सङ्गीत र धुनले जीवनलाई ऊर्जा दिन्छ, जसबाट जीवनपथका सङ्घर्षहरू पनि सहज लाग्दछन् भन्ने भाव रहेको, वृद्धवृद्धाको सम्मान तथा सद्भावको उद्देश्य प्रस्तुत निबन्धले बोकेको छ । लेखकीय विचारसँग जीवनका उत्तरार्द्धमा बिताएका जेष्ठ नागरिकको आनन्द अनुभूति यसमा व्यक्त भएको छ । सरल भाषाशैली तथा कतैकतै संवादात्मक कथनसम्म जोडिएको यो निबन्ध देश-दर्शन यात्रा कार्यक्रमको कार्यपत्रको रूपमा निबन्धकारले प्रस्तुत गरेको लेख हो भन्न सकिन्छ । जे होस् निबन्धभित्रको सारपूर्ण तथ्यले निबन्धलाई रोचक तथा उत्कृष्ट बनाउन सफल देखिन्छ ।

## ४.४.२८. जेष्ठ नागरिक देश-दर्शनबाट बिदाइ

कुनै काम सुरु गरेपछि अन्त्य हुन्छ । यो ध्रुव सत्य कुरा हो । यसलाई जीवनसँग लगेर जोड्न सकिन्छ अर्थात् जन्मपछि मृत्यु सत्य कुरा हो । त्यस्तै जेष्ठ-नागरिकसँगको कार्यलाई समीक्षात्मक रूपमा प्रस्तुत गर्न सफल यस लेख-निबन्धले भेटिएर-छुट्नुको पीडालाई समेत प्रस्तुत गरेको छ । सबै वृद्धवृद्धाहरू बूढाबूढी हुँदैमा असल हुँदैनन् भन्ने सत्यलाई उजागर गरेको निबन्धमा बानी उमेरमा होइन संस्कार र प्रवृत्तिमा निर्भर रहन्छ भन्न खोजिएको छ । आफ्नो व्यक्तिगत जीवन र कार्यव्यस्तताको बाबजुद एउटा ऐतिहासिक यात्रामा सरिक भई वृद्धवृद्धाको सेवामा रमाउन पुगेको सुखद् घटनालाई संस्मरणात्मक ढाँचामा प्रस्तुत गर्दै निबन्धकारले निबन्धको गरिमा वृद्धि गरेकी छन् । आयोजक मनमोहन स्मृति प्रतिष्ठानले राजनीतिक तथा सामाजिक पृष्ठभूमिमा जेष्ठ नागरिकहरूको समूहलाई देशका विभिन्न स्थानमा भ्रमण गराउने क्रममा लेखिएको यस निबन्धमा सबै क्षेत्रका सबै वृद्धवृद्धाहरूलाई चाहना हुँदाहुँदै पनि समेट्न नसकेको दुखद् मनस्थितिको विश्लेषण पाइन्छ । बुढ्यौली उमेरमा देश-दर्शनको मौका पाउनु ती वृद्धाहरूका निम्ति सौभाग्यको कुरा हो भन्दै कुनै पनि राजनीतिक तथा सामाजिक संघ संस्थाले

यस्ता कार्यक्रमहरू गरिरहनु पर्ने धारणा निबन्धमा व्यक्त भएको छ । यात्राका क्रममा निबन्धकारले विभिन्न ठाउँका वृद्धहरूसँग गरेको भलाकुसारी साटेको आत्मीयताको सुखद् अनुभूतिलाई प्रेरणाको स्रोतका रूपमा निबन्धमा समावेश गरिएको छ । ८० जना वृद्धवृद्धा र ३० जना कार्यकर्ताले गरेको भ्रमणलाई नै निबन्धको विषयको रूपमा चयन गर्दै सुखद् समापनको समीक्षा निबन्धमा प्रस्तुत भएको छ ।

असल कार्यको रूपमा परिभाषित देश-दर्शन यात्रालाई वास्तवमै सह्रानीय कार्यका रूपमा लिन सकिन्छ । समाज-समुदायलाई सधैँ असल र सभ्य बनाउन मानवहरूले गरेको असल कार्यका रूपमा चित्रण गरिएको प्रस्तुत निबन्धमा सामाजिक परिवर्तनका लागि वृद्धवृद्धाको सम्मान र अनुकरणीय जीवनशैलीको भाव पाउन सकिन्छ । सरल भाषाशैलीमा, सहज वाक्यगठनमा संरचित प्रस्तुत निबन्धले असलकार्य बोध गराउँदै इतिहासका ज्यूँदा पानाहरूलाई संरक्षण गरी सफल र आनन्दपुर्वक जीवन बिताउन सक्ने सहज वातावरण निर्माण गरिदिन आग्रह गरेको छ । निबन्ध समीक्षात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

## ४.५ तेजोऽसि श्रद्धा संस्मरण निबन्ध सङ्ग्रहको विश्लेषण

सुलोचना मानन्धर धितालको **तेजोऽसि** नामक संस्मरणात्मक निबन्ध सङ्ग्रह वि.सं. २०६५ सालमा प्रकाशित दोस्रो निबन्ध सङ्ग्रह हो । यस निबन्ध सङ्ग्रहमा चौधवटा लघु निबन्धहरू सङ्ग्रहित छन् । छोटा तर र आकर्षक शिल्पमा व्यक्त प्रस्तुत निबन्ध सङ्ग्रहमा निबन्धकारका स्व. बुबा (ससुरा) तेजप्रसाद धितालमा रहेका न्याय, निष्ठा, उपकार, अनुशासन, आदर्श, धर्मदर्शन, संस्कार, संस्कृति, आध्यात्मिक धरातल र व्यवहार वेदान्त आदिको समग्र पक्षको वास्तविकतालाई छर्लङ्ग पार्न खोजिएको छ । यसका साथै आठ महिनाको अबोध बाल्यावस्थामा आफ्ना जन्मदिने पिता गुमाउन विवश भएकी निबन्धकार सुलोचना मानन्धर धितालले डा. सरोज धितालसँग गरेको अन्तरजातीय विवाहका कारण आफ्ना स्व. बुबा (ससुरा) तेजप्रसाद धितालबाट पुरातन नैतिक, सामाजिक संस्कारको हुकुमी व्यवहार खेप्नु परेको वास्तविकतालाई उजागर गर्न सफल प्रस्तुत निबन्ध सङ्ग्रहमा उनै बुबा (ससुरा) जीवनको अन्तिम खण्डतिर आइपुग्दा उहाँले बुहारीलाई गरेको अमूल्य स्नेह, स्वाभाविक सहज प्रेम र आदरभाव देखाएको घटनाबाट आजको समाजमा जातीय अन्तर हराउँदै गएको तथा पुरातन सोचमा परिवर्तन  आएको छ भन्ने सारतत्व यस निबन्धसङ्ग्रहले प्रस्तुत गर्न खोजेको छ ।

**तेजोऽसि** निबन्ध सङ्ग्रह एक संस्मरणात्मक लेख निबन्धको सङ्ग्रह हो । विभिन्न समयमा घटेका घटना तथा त्यसबाटउत्पन्न परिस्थितिलाई वैचारिक धरातलमा प्रस्तुत यस निबन्धसङ्ग्रहका सबै निबन्धहरूमा निबन्धकारले भोगेका अनुभूति व्यक्त गरिएको छ । आफ्ना

पिता (ससुरा) तेजप्रसाद धितालको स्मृतिमा **तेजोऽसि**को नामकरण भएको हो भन्न सकिन्छ । अन्तरजातीय वैवाहिक जीवनमा भोग्नुपरेका आरोह अवरोहका साथै मानवीय नाताबाट पाएको असीम मायाका अनन्य श्रद्धा यस निबन्धमा व्यक्त गरिएको छ । प्रत्यक्ष वा सत्य घटनामा आधारित शीर्षक भित्रका श्रद्धासुमनले वास्तवमै मानवतावादको उजागर गरेको अनुभूति गर्न सकिने यस निबन्ध सङ्ग्रहका निबन्धहरू मर्मस्पर्शी तथा मार्मिक रहेका छन् ।

विभिन्न प्रसङ्गमा आध्यात्मिक तथा नैतिक आदर्शका कुराहरूलाई प्रस्तुत गर्दै वृद्धवृद्धामाथि हामीले गर्नुपर्ने कर्तव्यका कुरा निबन्धमा व्यक्त भएका छन् । आफ्ना पिता पुर्खाका लागि केही उदाहरणीय कार्य गर्नुपर्दछ जसले जीवन बाँच्ने हौसला प्रदान गरोस् भन्ने शुभेच्छा सहित कोरिएका अक्षरहरूमा हृदयलाई चेतनाको ज्योतिद्वारा यथार्थ बुझाउन खोज्नु यस निबन्धसङ्ग्रहको मूलभूत उद्देश्यका रूपमा मान्न सकिन्छ ।

सुलोचना मानन्धर धितालको यस रचनामा पुरातन विचार भएका हाम्रा अग्रज पुर्खाहरूले नयाँ पुस्तामाथि गरेको असहज व्यवहारलाई परिवर्तन गर्न नयाँ पुस्ताका सभ्य मानिसहरूले सहिष्णुताको आचरण बहन गर्नुपर्छ भन्ने सामाजिक दायित्वको भूमिका पाइन्छ । यस **तेजोऽसि** नामक निबन्ध सङ्ग्रहमा सङ्कलित संस्मरणात्मक निबन्धहरूले पुराना र नयाँ पुस्ताका विविध पाटाहरूलाई प्रत्यक्ष र परोक्ष रूपमा अवलोकन गरेको पाइन्छ । हरेक निबन्धहरूमा वर्णित विषयवस्तुले पुरातन विचार भएका हाम्रा पुर्खाहरूको मनसायको प्रतिनिधित्व गरेको छ । यसरी यस निबन्ध सङ्ग्रहमा संकलित निबन्धमा परम्परागत विचार भएका हाम्रा पितापुर्खाहरूप्रति सम्मान व्यक्त गर्दै उहाँहरूले देखाउनु भएको असहज व्यवहारलाई धैर्यका साथ लिँदै शालीनता अपनाई क्रमिक रूपमा उहाँहरूको व्यवहारमा आफ्नो सामीप्यताले प्रभाव पार्नुपर्छ र मानसिक विचारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने भाव प्रस्तुत गरिएको छ । निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्धहरूका अन्तरवस्तुलाई सङ्क्षेपमा निम्नानुसार प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

### ४.५.१ त्यो जनवरी २

अङ्ग्रेजी क्यालेण्डरको जनवरी २ तारिखलाई शीर्षक राखिएको प्रस्तुत निबन्धमा आफ्ना ससुरा (पिता) को दुःखद् निधनलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । आफू बाँचेको समाजका विविध घटनाहरूले मनमा पारेको शंका, पीर, डर र त्रासलाई समेट्दै मानसिक विश्लेषण निबन्धमा भएको छ । त्यस्तै देशको आन्तरिक द्वन्दको चित्रण गर्दै प्र.जि.अ. बुद्धिसागर त्रिपाठीको मृत्युले निबन्धमा पीडाबोध उत्पन्न गराएको छ । वास्तवमै आफन्तको मृत्युबाट शोकाकुल भएका मानवमनमा आएको विचलित अवस्थाको चित्रण गर्दै वृद्ध शरीरलाई सहाराको

आवश्यकता भएको चिन्तन पनि निबन्धमा व्यक्त भएको छ । बुढ्यौलीमा आफ्नो शरीरको भर आफैँमा हुँदैन, सहारा चाहिन्छ तर  धरमराउँदै हिँड्नु भएका ससुरालाई निबन्धकारले सहायता गर्न नसकेको अवस्थाको चित्रण निबन्धमा गरिएको छ । अस्पतालमा चिकित्सक तथा नर्सहरूले गरेको सेवा सहयोगको वर्णन गर्दै मृत्युको अगाडि सबै लाचार हुनुपर्ने तथ्यलाई प्रष्ट पार्न खोजिएको छ । आपत् विपत् परेका बेला स्वच्छ मनले ईश्वर पुकार्दा हुने मानसिक सन्तुष्टि र ईश्वरप्रतिको आस्थालाई समेत निबन्धमा समेटिएको छ । आत्मा मात्र अमर हुन्छ शरीर नाश भएर जान्छ भन्ने पूर्वीय आध्यात्मिक दर्शनको वकालत गर्दै अन्तिम अवस्थामा बाबा मन्त्रहरू जपेर बसेको घटनाले निबन्धलाई आध्यात्मवादको एक अंशका रूपमा वर्णन गरेको छ । मानिसले मृत्यु नजिकिएको पकुरालाई चेतनाद्वारा थाहा पाउँछ भन्ने सत्यको उद्घाटन गर्दै *तिमीहरूले जति माया गरे पनि अब मेरो जाने दिन नजिक आउँदैछ* (धिताल,२०६५:३०) भन्ने उक्तिले चरितार्थ गरेको छ । अन्त्यमा सबैको सहारा ईश्वर नै हुन् । पञ्चभौतिक शरीरको अन्त कुनै वस्तुमा गएर सकिन्छ भन्दै निःस्वार्थ मानवताको नाताले पाएको आशीर्वादलाई जुगजुग बाँच्ने हौसलाका रूपमा निबन्धमा ग्रहण गरी वृद्धावस्थाका आमाबाबुको सेवासुश्रुषामा हरेक छोराछोरीहरूले सक्ने जति गर्नुपर्दछ र ती ईश्वररूपी आत्माको शरीरको वा वृद्ध वृद्धाको सेवा गरे जीवन सार्थक बन्छ भन्ने भाव निबन्धले व्यक्त गरेको छ ।

सरल भाषाशैलीमा संस्मरणात्मक घटनाक्रमहरूको प्रस्तुत रहेको निबन्धमा ८९ औं वर्षको उमेरमा २००२ को जनवरी २ को बिहान बुबा (ससुरा) ले संसार छोड्नु भएको कुरालाई भावनात्मक सम्बन्ध र श्रद्धाको रूपमा सम्झना गरिएको छ । शरीरमा विभिन्न प्रकारका रोगले बास गर्छन् । ती कोही निको हुन्छन्, कोही हुँदैनन् तर मनमा रहेका रोगले शरीर र मनलाई ग्रसित बनाउँदै लान्छ भन्ने भाव व्यक्त गर्दै विभिन्न समस्यासँग जुध्दै आमा बाबुका लागि केही गर्नुपर्छ भन्ने आग्रह निबन्धमा गरिएको छ । संस्मरणात्मक निबन्धमा विचारको तह राखी प्रस्तुत गरिएको प्रस्तुत निबन्ध महत्वपूर्ण संस्मरणात्मक निबन्धका रूपमा देखा परेको छ ।

## ४.५.२ श्रद्धाका निम्ति कुनै समय र तिथिमिति जरुरी हुँदैन

मानिसले सँगै बिताएका प्रत्येक क्षणहरू संस्मरणीय हुन्छन् । जब हामीले कसैलाई गुमाउँछौं तब उनीहरूको अभाव खड्की रहन्छ भन्ने अर्थ बोकेको प्रस्तुत निबन्धले विगतका सुखद् सम्झनालाई आगतमा टेकेर विश्लेषण गरेको छ । आनन्दको समयमा आफ्ना पितालाई सम्झेर बिताउन चाहेको पलको वर्णन गर्दै प्रत्येक सन्दर्भमा पिताका असल अर्ती उपदेशको सम्झना गरिएको प्रस्तुत निबन्धले श्रद्धाका निम्ति कुनै तिथिमिति चाहिन्न । जहिले पनि सम्झन सकिन्छ, स्मरण गर्न सकिन्छ भन्न खोजेको छ । आफ्ना पितालाई संस्मरण गर्दा ईर्ष्या लागेको

भन्दै पितासँग बिताउन नपाएका पलको समेत वर्णन गरिएको छ । कसैप्रति श्रद्धा गर्न मान्छेलाई कुनै पनि घडीको आवश्यकता नै पर्दैन । जब जब छोराले बुबाको स्मृतिमा डुबेर श्रद्धा व्यक्त गरिरहन्छन्, त्यही बेला पितृप्रति गर्ने श्राद्धको सम्झना हुन्छ, त्यसैलाई नै साँचो श्राद्ध मान्ने निबन्धकारले सुखद् पलमा अदृश्य शक्तिका रूपमा पिताको आशीर्वादलाई अनुभूति गरेकी छिन् । ***ब्रह्म सत्य जगत मिथ्या***लाई सारतत्व मान्दै मान्छेको शरीर मात्र मर्छ, आत्मा त अमर हुन्छ भन्ने गहन सत्य निबन्धले बोकेको छ । विभिन्न कारणले घर छोडेर अन्यत्र बस्नु परेको अवस्थामा टाढिएको आभास नहुनु, आत्मीय भावुक सम्बन्धको बिजारोपण गर्दै सहयोग र सद्भाव भए जति टाढा पनि नजिक हुन्छ भन्ने धारणा निबन्धमा पाइन्छ । जात, धर्म, वर्णभन्दा मानवताको नाता धेरै नजिकको हुन्छ भन्दै खप्तड बाबासँगको भेटको प्रसङ्ग उल्लेख गरिएको प्रस्तुत निबन्धमा जहाँ बसे पनि आमाबाबुको माया साथ रहन्छ भन्ने भाव निबन्धमा व्यक्त भएको छ । प्रतिकूल वातावरणमा मानिसमा शान्तिपूर्ण अवस्था हुँदैन भन्दै देशको आन्तरिक द्वन्द्व र दरबार हत्याकाण्डको घटनाबाट अन्यौलग्रस्त परिस्थितिसँगै तत्कालीन समाजको चित्रण निबन्धले गरेको देखिन्छ । जीवनका अन्तिम क्षणमा पनि सँगै बिताउन नपाएको अवस्थाको दुःखद् अनुभूति समेट्दै मनग्य मनलाग्दो समयसाथ बिताउन नपाएको अभावको संस्मरण निबन्धमा भएको देखिन्छ ।

सरल भाषाशैली र छोटोछरिता वाक्यगठन शैलीमा लेखिएको प्रस्तुत निबन्धमा निबन्धका तत्वगत आधारहरू पाइन्छन् । संस्मरणको उत्कृष्ट घटनाको चित्रण गर्दै वृद्धाहरूसँग बिताएका सुखद् पल तथा सामाजिक समस्याको कारण भोग्नु परेको अवस्थाको चित्रण निबन्धमा प्रस्तुत गरिएको छ । आफन्तको मृत्युको शोकबाट पीडित अवस्थालाई बाँडेको संस्मरण नै लामो कुराकानीको क्षण मान्दै शरीरको वृद्धावस्थामा आफैँले धान्न नसकेको र लड्न पुगी ब्रेन ह्यामरेज भएको दुःखद् घटना निबन्धमा समेटिएको छ । पिताको शुभआशीर्वादले नै जीवन सफल र सार्थक बन्दै जाने असल पुत्रका कुरालाई निबन्धमा समावेश गर्दै पितापुर्खाका असल योगदानको कदर गर्नुपर्ने सन्देश निबन्धमा पाइन्छ ।

### ४.५.३ घरमा सोह्रश्राद्ध, ॐ दर्शन र बुबा

अन्तरजातीय विवाहका कारण जातीय संस्कारबाट विमुख हुन परेको घटना अवस्थाको चित्रण गर्दै त्यसको परिपूर्ति साईबाबाको भक्तिबाट प्राप्त ॐकार शब्दको दर्शनबाट भएको कुरालाई निबन्धमा प्रस्तुत गरिएको छ । पिता-पुर्खालाई सम्झने सोह्र श्राद्ध जस्तो पवित्र संस्कारको चित्रण गर्दै हिन्दु धर्मको आस्था, विश्वासको व्याख्या निबन्धमा गरिएको छ । विजातीय भएकै कारण श्राद्धका काममा सहयोग गर्न नपाएको भन्दै जातिपातिको भेदभावमा

बिना दोष अन्धविश्वासका कारण आफूले अपवित्रको सजाय भोग्नुपरेको यथार्थको प्रस्तुति निबन्धमा छ । मानिस भएर मानिसको भेदभाव गर्ने परम्पराबाट दुःखी भएर भगवानको नाम जप्न थालेको र त्यसबाट सिद्धि प्राप्त गर्दै साँचो सफा मनबाट ईश्वर ॐ को रूपमा साक्षात प्रकट भएको प्रसङ्ग निबन्धमा जोडिएको छ । आफूले चढाएको प्रसादमा अनायासै ॐ लेखिएको वा ॐ को प्रतिबिम्ब प्राप्त भएको उल्लेख गर्दै साँचो हृदयले पुकारेमा ईश्वर पनि साक्षात् हुन्छन् भन्ने तर्क निबन्धमा पेस गरिएको छ । दुःखेको मनलाई नौलो अनुभूति दिन ॐ को रूपबाट दर्शन तथा चमत्कार भएको विचार निबन्धकारले व्यक्त गरेकी छिन् । साइबाबा र शिरडीबाबाको तस्बिरमा चढाएको जुनसुकै प्रसादमा ॐ को प्रतिबिम्ब देखेर आफन्त र बुबासँग भएको सुखद् घटनाको स्मरण गर्दै आफूले असल मान्छेको उपमा पाएको निबन्धकारको हर्ष निबन्धमा वर्णित छ । बुबासँग जोडिएका प्रसङ्गमा आशीर्वचन र श्रद्धालाई साथमा जोडेर भगवान् खुशी भई पवित्र कुरा प्राप्त भएको प्रसङ्गबाट भौतिक दर्शन तथा आध्यात्मिक दर्शनको चित्रण पाइन्छ । ॐ को प्रतिबिम्ब आशीर्वचन र ईश्वरको अनुभूतिको संस्मरणको प्रसङ्ग जोड्दै शान्तिको कामनासँगै अनौठो अनुभूतिलाई प्रस्तुत गरी निबन्धकारले अमूर्त ईश्वरको स्वरूपलाई समेत साकार रूप दिन खोजेको देखिन्छ । पिताको शुभआशीर्वादले जीवनको सार्थकताको लागि पारेको प्रभावको संस्मरण गर्दै सम्झनाका सुखद् अनुभूति निबन्धमा छरपस्ट रूपमा पोखिएको देख्न सकिन्छ ।

हिन्दू संस्कारका प्रचलित श्राद्ध अथवा पितृस्मृति दिवसको वर्णन गर्दै श्रद्धा भए हरेक दिन पुर्खाको संस्मरण गर्न सकिने कुरालाई निबन्धले आत्मसात् गरेको छ । अन्तरजातीय वैवाहिक जीवनमा आइपरेका अप्ठ्यारा र चुनौतीलाई सङ्घर्षका रूपमा झेल्दै मानवीय सेवा र सहयोगद्वारा नाता सम्बन्धको आत्मीय अनुभव प्राप्त गर्न सकिन्छ भन्ने विश्वास निबन्धले व्यक्त गरेको छ । धार्मिक आस्था र ईश्वरको अनुग्रहका रूपमा ॐ कार स्वच्छ मन र असल कर्मको वर्णन अभिव्यक्ति भन्न सकिन्छ ।

### ४.५.४ लेख्ने प्रेरणा र बुबाबाट सहयोग

सपनामा देखेको प्रसङ्गलाई यथार्थमा उतारेर बुबाले दिनु भएको सल्लाह, सुझाव तथा अर्ती उपदेश यस निबन्धको विषयवस्तु बनेको छ । सपना देख्नु र सपनामा कुरा गर्नुलाई मनोविज्ञानको आधारभूमि मान्दै विगतका कुराबाट मनोविश्लेषण गरिएको प्रस्तुत निबन्धले सुखद् पल साट्नका लागि बुबा आमाको उपस्थिति भए अझ आनन्द हुने कुरा उठाएको छ । आफ्ना आमाबाबु बीच बसेर सुखका पल बिताउन पाए जीवनको असीम सन्तुष्टि प्राप्त गर्न सकिन्थ्यो भन्ने भाव व्यक्त गर्दै अभावको पीडालाई निबन्धमार्फत प्रस्तुत गरिएको छ । साहित्य

तथा साहित्येत्तर लेखनका सन्दर्भमा प्राप्त गरेको प्रेरणा र हौसलाले लेख्नका लागि थप ऊर्जा पाएको संस्मरणमा निबन्ध अगाडि बढेको छ । **बुधबार** (साप्ताहिक)मा *सम्पूर्ण आकाश* स्तम्भमार्फत् विचार चिन्तन व्यक्त गर्दै भाषाको परिमार्जन गरी सामाजिक चेतनाको आधार तयार पारिएको कुरालाई निबन्धले विस्तार गरेको पाइन्छ । पाठकको दृष्टिमा प्रत्येक लेखका कमीकमजोरीका कुरा खोतल्नु जायज कुरा हो, यस्तो आलोचना, समालोचना तथा दृष्टिकोणबाट लेखक लेख्ने कलामा झन् खारिँदै जान्छ भन्ने यथार्थलाई प्रस्तत गर्दै पाठकको दृष्टि समेत निबन्धमा प्रस्तुत गरिएको छ । लेखकले कुनै पनि लेखरचना गर्दा भाषाको शुद्धाशुद्धी तथा व्याकरणीय नियमको पालना गर्नुपर्छ । शुद्ध लेखनका लागि पिताले, बुबाले नेपाली कसरी शुद्ध लेख्ने भन्ने बारेको *शब्द विचार* पुस्तकको फोटोकपी उपलब्ध गराउनु भएकोले बुबालाई आफूप्रति प्रेरणा दिन तत्पर एक असल अभिभावक प्रेरक व्यक्तित्वको रूपमा निबन्धमा संस्मरण गरिएको छ । कुनै पनि विषयको बारेमा लेख्दा ध्यान दिनुपर्ने विषयवस्तु, लेख्न बस्ने स्थान तथा शरीरको अवस्थालाई समेत ख्याल राख्नु पर्ने प्रमुख पक्ष भन्दै लेखकीय मर्यादालाई निबन्धमा उल्लेख गरिएको छ । विभिन्न प्रसङ्गमा विभिन्न शुभचिन्तकले दिएका शुभेच्छाको चर्चा गर्दै निबन्धमा प्रेरणाका स्रोतका रूपमा बुबाको संस्मरण नै निबन्धको उद्देश्यको रूपमा प्रस्तुत भएको छ । सरल भाषाशैली र छोटा छोटा वाक्य गठनमा लेखिएको प्रस्तुत संस्मरणात्मक निबन्ध विगतको सम्झनाका क्रममा लेखिएको हो । आफ्ना ससुराले आफूप्रति गरेको सहृदयी व्यवहारलाई निबन्धमा सुमधुर शैलीमा प्रस्तुत गरिएको छ । लेखकलाई पाठकले दिएका वा दिने प्रतिक्रियाको विषयलाई समेत समेटेर, हौसला र प्रेरणाका स्रोतबाट पाइएको सकारात्मक सन्देशले नै लेखकहरू अझै परिष्कृत र उत्कृष्ट बन्दै जाने सत्यलाई बताउन निबन्ध सक्षम छ ।

### ४.५.५ एउटा स्मृति शिवरात्रीको

वर्णाश्रम धर्मअनुसार जीवनको चौथो भाग वानप्रस्थ हुन्छ । सबै व्यवहार गृहस्थी छोडेर मोक्ष प्राप्तिका लागि वनमा आश्रम बनाई भगवान्मै लीन हुनुपर्छ भन्ने दर्शन सापेक्षको भावमा प्रस्तुत गरिएको यस निबन्धले जीवनका अन्तिम अवस्थामा मृत्युभयले छट्पटाएको मानसिक अवस्थाको चित्रण गरेको छ । ग्रहदशामा विश्वास गर्ने आम नेपालीहरूका मनका भावलाई निबन्धमा समेट्न खोजिएको छ । बुबाले शिवरात्रीको दिनमा आफ्ना पुराना दाँत निकालेको र शिवरात्रीको दिनलाई नै रोज्नुको उद्देश्य ज्ञात गर्दै हिन्दुहरूको महान् चाडमा आममानिसले मनाउने पर्वका बारेमा निबन्धले प्रस्ट्याउन खोजेको छ । बुबाको स्वर्गारोहण पछिका शिवरात्री नजिकिँदै जाँदा उहाँसँग बिताएका आनन्दित पल, सामीप्यका कुराहरू, संस्मरण हुने कथन निबन्धकारले व्यक्त गरेकी छन् । वृद्धवस्थामा कमजोर भएका विभिन्न अङ्गहरूको उपचार गर्न

विश्वासी पात्रको सहयोग आवश्यक हुन्छ, जसले सहयोग र सान्त्वना दिन सकोस् भन्ने जीवनको सत्यलाई उजागर गर्दै विविध कारणले बुबाको हेरचाह गर्न नसकेको, नपाएको दुःखद् अनुभूतिलाई निबन्धमा व्यक्त गरिएको छ ।

छिमेकीको घटनाबाट मनमा परेको मृत्यु भयलाई सूक्ष्म मनोवैज्ञानिक ढङ्गबाट निबन्धमा प्रस्तुत गर्दै जन्मपत्रिकाका चिनामा लेखिएका कुराले वृद्धावस्थामा प्रत्यक्ष प्रभाव पार्छ भन्ने धार्मिक विश्वास समेत निबन्धमा प्रस्तुत गरिएको छ । वृद्धावस्थामा शारीरिक कमजोरी तथा मृत्युभयको कारण ईश्वरीय आस्था बढ्दै जानु, जप-ध्यान, तीर्थ-व्रततर्फ आकर्षित हुनु स्वभाविक हो भन्दै बुबाले तपस्वीको व्यवहार गरेको घटनालाई निबन्धकारले व्यक्त गरेकी छन् । जातीय विभेदको वास्ता नगरी मानवीय नातामा आफूलाई गरेको असल व्यवहारको संस्मरण निबन्धमा पाइन्छ । शिवरात्रीको दिनमा *इच्छामृत्यु* खोज्नुले पनि निबन्धलाई आध्यात्मिक दार्शनिक बनाउन खोजेको देखिन्छ ।

सरल भाषाशैलीमा हिन्दूहरूको महान् पर्व शिवरात्री र त्यससँग जोडिएको पर्व संस्कारको विश्लेषण गर्दै हिन्दूहरूको धार्मिक आस्थालाई निबन्धले विषयको रूपमा छानेको छ । सुखद् घटनाको स्मृति गर्दै बुबाको मृत्युको संस्मरणबाट अभावको अनुभूति व्यक्त गरिएको प्रस्तुत निबन्धले धर्म, वर्ण, लिङ्ग, जातभन्दा पनि मानवीय सम्बन्ध माथि हुन्छ र निःस्वार्थ कर्मले मानिस महान् बन्छ भन्दै खरो मानवताको वकालत गरेको छ ।

### ४.५.६ आशीर्वादका क्षणहरू.........

अन्तरजातीय वैवाहिक सम्बन्धका कारण परिवारमा घुलमिल हुन नसकेको अनुभूतिलाई सँगालेर निःस्वार्थ भावना र मानवीय सम्बन्धबाट पाएको खुशी प्रस्तुत निबन्धमा विषयवस्तुका रूपमा प्रयोग भएको छ । समयको अविरल गतिमा बहँदाबहँदै विभिन्न घटनाक्रमबाट आफ्नो कर्तव्य निर्वाहमा जुट्दा नजिकिएको आभास निबन्धमा गरिएको छ । मानिसको जीवनमा सोचे जस्ता सबै घटना हुँदैनन् । संयोग र परिस्थितिले विभिन्न दुर्घटना पनि गराउँछ, त्यो अवस्था नै मानिसको परीक्षाको घडी हो र परीक्षामा सफल हुन सके जीवन सार्थक बन्छ नत्र असफल बन्छ भन्ने दार्शनिक चिन्तन बोकेको प्रस्तुत निबन्धले धार्मिक, सामाजिक, असमानता तथा अन्धविश्वासका कारण विभाजित समाजलाई निःस्वार्थ मानवीय व्यवहार तथा चेतनाको आवाजबाट परिवर्तन गर्न सकिन्छ भन्ने विचार निबन्धमा व्यक्त भएको छ । मानिसलाई दुःखमा साथ दिन सके असल धर्म निर्वाह गर्न सकिन्छ भन्ने तर्क निबन्धमा प्रस्तुत गरिएको छ । कोठामा आगो लाग्दा तथा शरीरबाट निरन्तर रगत बग्दा आफूले गरेको सहयोग सेवा र सद्भावले जातीय असमानताको पर्खाल भत्किएको आभास गर्दै मानिसको असल नाता मानिसमै

हुन्छ भन्ने भाव निबन्धमा व्यक्त भएको छ । आपत् विपत् परेको बेला सबैभन्दा ठूलो धर्म सहयोग र सेवा हुन्छ, त्यसैबाट प्रेम र विश्वास पाउन सकिन्छ भन्दै कति सामान्य कुरा वा घटनाले आफन्तका नजिक पुगी आत्मीयता पाइन्छ, त्यसैबाट मन हर्षित आनन्दित बन्छ भन्ने कुरा निबन्धमा व्यक्त भएको छ । साँचो मनले दिइको आशीर्वाद जीवन अगाडि बढाउन हौसला हुन्छ भन्दै बुबाले दशैँको सुअवसरमा पूजाको आसनबाट दिनु भएको शुभआशीर्वाद नै निबन्धको शीर्षक बनेको छ । पितृश्रद्धाले मन भरिएको बेला सुखद् स्मृतिमा डुब्दा आँखाबाट अविरल मोतीका दानाहरू खस्छन् भन्दै बुबाका अमृत वचनद्वारा जीवनलाई आशावादी बनाएको आफ्नो व्यक्तिगत धारणा निबन्धकारले निबन्धमा व्यक्त गरेकी छन् ।

असल कर्म र प्रेमद्वारा संसारका सबै वस्तु प्राप्य हुन्छन्, चाहे त्यहाँ सामाजिक धार्मिकबन्धन नै किन नहोस् भन्ने जीवनको सत्यलाई समेटेको प्रस्तुत निबन्धले मानिसको सबैभन्दा नजिकको सम्बन्ध मानवता कै हुन्छ भन्ने सन्देचश दिन खोजेको छ । मानवीय व्यवहारबाट मानिसको आत्मा नजिक पुगिसकेपछि असम्भव भन्ने केही हुन्न सबै कुरा सहजै प्राप्त हुन्छ भन्दै निबन्धमा कर्तव्यलाई नबिर्सि परिस्थितिको सामना गर्न आग्रह गरिएको छ । *मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन* भन्ने देवकोटाको महान् उक्तिलाई निबन्धले आत्मसात् गरेको छ ।

## ४.५.७ मेरो पृथ्वी नै फनक्क घुम्यो

भौतिक जगत् र आध्यात्मिक जगत्को तुलना गर्दै जीवनलाई भगवान्को लीलाका रूपमा परिभाषित गरिएको यस निबन्धमा दुःखको बेला भगवान्कै प्रार्थनाबाट मनलाई शान्ति दिन सकिने यथार्थको प्रस्तुति रहेको छ । निश्चल मनबाट ईश्वरको पुकारा गरी निष्काम भावद्वाराप्राप्त ॐ कार र शक्तिको गुणगान निबन्धमा गरिएको छ । ईश्वरको प्रार्थनाबाट सम्भावित दुर्घटना तथा प्राणको रक्षा गर्न सकिन्छ भन्ने आध्यात्मिक अनुभूति निबन्धमा वर्णित छ । धर्म जात, वर्ण र लिङ्गभन्दा माथि उठी मानवले नै मानवको मनोकांक्षा पूरा गर्न सक्छ, मानवको विकासको लागि धर्म अपनाइन्छ भन्ने कटु सत्यलाई निबन्धमा विजातीय बुहारीलाई *पितृतर्पण गर्न समर्थवान् छ्यौ, तिमीले नै मेरो लागि तर्पण र पिण्डदान गर्नु* (२०६५ : ५५) भन्ने आशीर्वादद्वारा भावविह्वल भएको अवस्थाको मर्मस्पर्शी चित्रण निबन्धमा पाइन्छ । अन्तरजातीय भएको कारण परिवार र समाजबाट उपेक्षा, अवहेलनाको अवस्थामा आफ्नो निकटतम् व्यक्तिका रूपमा राखेको र आफ्नै सम्झेको अनुभूतिबाट हृदयको अटल गहिराइमा आनन्दको वर्षा भएको अनुभूति निबन्धकार स्वयंको देखिन्छ । आफूले वृद्धाप्रति गरेको निःस्वार्थ सेवा तथा सद्भाव र प्रेमपूर्वक चढाएको उपहारबाट अत्यन्त दुर्लभ आशीर्वचन प्राप्त गरेको

क्षणमा संसार नै फनक्क घुमेको बिम्बबाट पाएको हर्षविभोर अवस्था प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ । कुनै घटनाद्वारा मानिसको मनमा ठूलो परिवर्तन हुनसक्छ जसको शब्दद्वारा व्याख्या गर्न सकिन्न भन्दै मानिसको गुणको बयान निबन्धमा छ । देखिने व्यक्तित्व र भएको व्यक्तित्वमा आकाश जमिनको अन्तर अनुभूति गर्दै कुनै मानिस जस्तो देखिन्छ त्यस्तो हुँदैन, जस्तो हुन्छ त्यस्तो देखिन्न भन्ने यथार्थको उद्घाटन समेत निबन्धमा गरिएको पाइन्छ । मानिससँग मिल्दोजुल्दो व्यवहार गर्दा सामीप्य प्राप्त भई आत्मीय बन्दै गइन्छ जसद्वारा स्नेह र आशीर्वाद प्राप्त गर्न सकिन्छ । त्यसैले मानिसको निस्वार्थ सेवामा रमाउनु पर्छ भन्ने मानवतावादी दृष्टिकोणको सफल प्रस्तुति यस निबन्धमा भएको छ ।

धार्मिक तथा आध्यात्मिक चिन्तनको प्रभावलाई समेट्दै मानिसको बानी नै परिचय हो भन्ने उद्घोषका साथ प्रस्तुत गरिएको यस निबन्धले मानवतावादको सक्दो वर्णन गरेको छ । सुकोमल पद लालीत्यमा मीठासपूर्ण भाषाशैलीको प्रयोग गर्दै बुबाप्रतिको असीम श्रद्धा र स्नेह निबन्धमा व्यक्त भएका छन् । संस्मरणात्मक घटनाक्रमलाई संगाल्दै रचित प्रस्तुत निबन्धले सत्यको बाटोमा हिँड्दै कर्तव्यपरायण हुन आग्रह गरेको छ ।

## ४.५.८ बुबा विरामी पर्दाको क्षण (एक ज्योतिषीको मृत्युपछिको मीनपचास)

देशभित्रको आन्तरिक द्वन्द्वको चपेटामा परेर ज्योतिषी तथा प्रजिअ बुद्धिसागर त्रिपाठीको मृत्युको घटनाले प्रताडित उनका बुबा-आमाको विषयवस्तुलाई समेटी लेखिएको प्रस्तुत निबन्धमा जन्म र मृत्युको ज्ञात कसैलाई पनि नहुने कटु सत्यको उद्घाटन भएको छ । अरुको गह्रदशा, रोग, सङ्कटका बारेमा भविष्यवाणी गर्न सक्ने ज्योतिषीले समेत आफ्नै मृत्युको बारेमा थाहा नपाएको प्रसङ्ग कोट्याउँदै मृत्युले बूढो, बालक, ज्ञानी, मूर्ख केही भन्दैन भन्ने सत्यलाई उजागर गरेको छ । आफ्नो नजिकको आत्मीय व्यक्तिको निधनबाट जो कोही पनि प्रताडित हुन्छ र त्यसले मानसिक विचलनको परिस्थितिसम्म सिर्जना गर्न सक्छ भन्दै ज्योतिषीको मृत्युबाट निराश एवं दुःखी ससुरा बुबाको मानसिक अवस्थाको चित्रण निबन्धमा गरिएको छ । ज्योतिषीको कुराको प्रभाव र संयोगबाट थला पर्नु भएको बुबालाई जाडो महिनामा चिसोबाट जोगाउन गरिएको प्रयत्नको वर्णन गर्दै जाडोले परिस्थिति कक्रक्क पारे पनि, युद्धले, विद्रोहले हिंसाले गरमागरमको अवस्था सिर्जना गरेको प्रसङ्ग निबन्धमा उल्लेख गरिएको छ । उनीहरूको उचित ख्याल राख्नु पर्छ भन्दै पहिले वृद्धवृद्धाका वरिपरि जाडोमा नातिनातिनाहरू झुम्मिन्थे, कथा सुन्थे तर अहिले विविध कारण र पुस्तान्तरणले त्यस्तो नभएको दुःखेसो निबन्धमा व्यक्त गरिएको छ । दिनानुदिन मान्छे मरेको, मारिएको खबरले वृद्धवृद्धाहरूसमेत निराश भएको अवस्थाको चित्रण गर्दै कति आमाबाबुहरू भयग्रस्त मन बोकेर आफ्ना सन्तानलाई पर्खिरहेको

परिस्थितिको वर्णन गरिएको छ । शान्तिको देश, पशुपतिको देशमा हत्याहिंसा काटमारले स्थान पाएकोमा चिन्तित हुँदै समयले भोग्नु परेको पीडालाई ज्योतिषीको मृत्युमार्फत् व्यक्त गरिएको छ । कहिलेसम्म यस्तो अन्यौलग्रस्त अवस्था रहने हो कतिका बाबुआमाले छोराछोरी गुमाउनु पर्ने हो भन्दै पिरोलिएकी निबन्धकारले चाँडै शान्ति आओस् भन्ने कामना समेत निबन्धमार्फत् गरेकी छन् ।

वृद्धवृद्धाको हेरचाह गरी बाहिरी जाडोबाट न्यानो दिनुपर्छ । मनभित्रको जाडोको न्यानोको लागि माया र स्नेह दिनुपर्छ भन्दै मीनपचासको चिसो मौसममा वृद्धवृद्धाको ख्याल राख्नुपर्ने सन्देश निबन्धले दिएको छ । ज्योतिषीको मृत्युलाई कविताका सुन्दर हरफबाट व्यक्त गर्दै आरम्भ गरिएको प्रस्तुत निबन्ध सर्वप्रथम २०५८  पुष ११ गते *सम्पूर्ण आकाश* स्तम्भमा **बुधबार** (साप्ताहिक)मा प्रकाशित भएको देखिन्छ । सरल भाषाशैलीमा आफूले भोगेका समाजका घटनावस्तुलाई प्रस्तुत गरिएको यस निबन्धले शान्तिपूर्ण अवस्थाको कल्पना गर्दै वृद्ध वृद्धाहरूप्रतिको कर्तव्यलाई बोध गराउन खोजेको छ ।

## ४.५.९ पितृदेवो भवः

आफ्ना ससुराको मृत्युपीडा भोग्न बाध्य परिस्थितिमा उहाँको असल कार्यको संस्मरण गर्दै आत्माको चिरशान्तिको कामनामा रचिएको प्रस्तुत निबन्धले शरीरको अनित्यता र आत्माको अमरत्वको व्याख्या गरेको छ । बाँचुन्जेल आमाबाबुको सेवा गर्नु र मृत्युपछि आ-आफ्नो संस्कार अनुरूप कर्म गर्नु हरेक सन्ततिको कर्तव्य हो । मृत्यु अवश्यम्भावी छ । यसबाट कोही टाढा छैन भन्ने वास्तविकतालाई सम्झाउँदै उनानब्बे वर्षको उमेरमा धर्तीबाट बिदा लिनु भएका बुबा श्री तेजप्रसाद धितालको श्रद्धाञ्जली श्रद्धासुमनमा प्रस्तुत निबन्धको शीर्षकीकरण गरिएको छ । अरुको मृत्यु सुन्दा भोग्दा सान्त्वना दिन सक्ने मानिसले आफ्नै आफन्तको मृत्यु स्वीकार्न नसकेको अवस्थाको चित्रण गर्दै सत्य स्वीकार्न गाह्रो हुने सन्दर्भको चर्चा गरिएको छ । जीवनको अन्तिम घडीसम्म सम्मानित जीवन बिताउन प्रयासरत व्यक्तित्वको चर्चा गर्दै हामीले पनि आफ्नो जीवन सार्थक पार्न सास रहुन्जेल असल कर्म गरिरहनु पर्छ भन्ने प्रेरणा यस निबन्धले दिन खोजेको छ । असल कर्म, स्वाभिमान र इमान्दारिताबाट लोकप्रिय हुनु भएकोले अन्त्येष्टीमा सोचे भन्दा धेरै इष्टमित्र तथा शुभचिन्तकहरूको आगमन, सफा वातावरण तथा पवित्र नदीको अकिञ्चन जलप्रवाहबाट उहाँको जीवन सफल भएको चर्चा गर्दै ससुराप्रति निबन्धकार गर्व गर्न पुगेकी छन् ।

बाँचुजेल गरिने असल कर्म, सत्कीर्ति, यश नै मृत्युपछि लाने चिज हुन्, मानिसले कुनै असल कर्मगर्ने प्रण गरे अवश्य सफल भइन्छ भन्ने प्रसंगको चर्चा गर्दै बागमती नदीको

संरक्षणमा लागेका विनोद चौधरी तथा महेश चौधरीको प्रणलाई सह्राना गरेकी छन् । आफूलाई असल पिता कि पुत्री अथवा असल ससुराकी बुहारीको रूपमा परिभाषित गर्दै उहाँहरूबाट पाएको आशीर्वाद र विश्वासलाई शिरोपर गरी असल बाटोमा हिँड्ने प्रणलाई नै यस निबन्धमा पितृदेवो भवः मानिएको छ ।

असल छोराछोरीले पिताले देखाएको असल बाटोमा हिँड्नु नै पितृप्रतिको असल श्रद्धा हो भन्ने भाव निबन्धले व्यक्त गरेको छ । मृत्यु सत्यलाई सबैले भोग्नु पर्छ, यसबाट कोही विमुख हुन सक्दैन भन्ने कटु यथार्थलाई आत्मसात् गर्दै निबन्धले वृद्धवृद्धा आफ्ना आमाबाबुप्रतिको आफ्नो कर्तव्य निर्वाह गर्न आग्रह गरेको छ । २०५८ साल पुष २८ गते **बुधबार** (साप्ताहिक)मा प्रकाशित प्रस्तुत निबन्ध पिताप्रति बुहारीले गरेको श्रद्धाञ्जली हो भनेर भन्न सकिन्छ । दुःखद् परिस्थितिमा सहायता गर्ने सबै आफन्त इष्टमित्रप्रति कृतज्ञता ज्ञापन गर्दै पितृप्रतिको असल कामना यस निबन्धले गरेको छ ।

## ४.५.१०. श्राद्ध र श्रद्धामा अनुभूत गरेको 'टेलिप्याथी'

सोचेअनुसारको कार्य भइदिँदा मनमा अलि सन्तुष्टता र भावुकता हुन्छ भन्ने सत्यको पदार्पण गर्दै प्रस्तुत गरिएको यस निबन्धमा कुनै रेडियोबाट औंसी र पितृको बारेमा गरिएको प्रवचनको व्याख्या गरिएको छ । विशेष गरी औंसी तिथिलाई पितृ तिथि मानिने हिन्दू धार्मिक संस्कारको व्याख्या गर्दै स्मृतिका घटनाका पाना पल्टाउँदा पाएका असीम हर्षलाई निबन्धमा व्यक्त गरिएको छ । आफ्ना बुबा (ससुरा) को स्मृतिका झझल्काहरू समेट्ने क्रममा रचना गर्भमा हुर्किएका विचारलाई व्यक्त गर्ने जमर्को गर्दागर्दा बुबाका हितैषी मित्रले फोनमार्फत् सपनाको कुरा व्यक्त गरेको प्रसङ्गलाई निबन्धमा समावेश गरिएको छ । पितृका लागि के कस्तो असल कार्य गर्न सकिन्छ भन्ने जिज्ञासा राख्ने असल पुत्रबधूका कामना यस निबन्धमा समावेश गरिएको छ । वास्तवमै असल सन्तान हुनुको नातामा जीवन रहेसम्म गरिने सेवा त छँदैछ, मृत्युपछि पनि पितृको सम्झनामा असल कार्य गर्न सके पिता पुर्खाको असल आशीर्वाद प्राप्त भई सुख सन्तुष्टि मिल्दै जाने धार्मिक विश्वासलाई निबन्धले समेट्न खोजेको छ ।

स्वर्गारोहण भएको पाँच वर्षपछिको असामान्य घटनाको वर्णन गर्दै निबन्धमा सपनामा देखिएका उज्ज्वल व्यक्तित्वको चर्चा गरिएको छ । समय संयोगलाई यथार्थमा परिणत भएको सम्झँदा यसलाई ***टेलिप्याथी***को संज्ञा दिएकी निबन्धकारले आफ्ना ससुराका श्रद्धा गर्ने अरु व्यक्ति भेट्टाउँदा हर्षित भएको घटनाक्रमलाई निबन्धमा प्रस्तुत गर्दै हृदयबाट गरिएको सच्चा श्रद्धालाई श्राद्धको रूपमा वर्णन गरेकी छिन् । एउटा मनले कल्पना गरेको कुरा अर्को मनले प्रस्फुटित गर्दा

साँच्चै नै अनौठो अनुभूति हुँदो रहेछ भन्दै एक ईश्वरीय सन्देशको रूपमा निबन्धकारको भावना व्यक्त भएको छ ।

प्रस्तुत निबन्धमा मान्छेको सत्कीर्ति भए सधैँ सम्झना आइरहने वास्तविकताको उद्घाटन गरिएको छ । असल कर्म गर्ने व्यक्तिको भौतिक शरीर अन्त्य भए पनि कर्म जीवित रही सधैँ संस्मरण योग्य भइरहने कुरालाई श्रद्धा र श्राद्धका माध्यमबाट निबन्धमा व्यक्त गरिएको छ । टेलिप्याथी, सपना तथा आध्यात्मिक दर्शनका सन्दर्भ समावेश गरेर प्रस्तुत निबन्धलाई अझै उत्कृष्ट बनाउने प्रयास गरिएको देखिन्छ ।

## ४.५.११. श्राद्ध, श्रद्धा र संयोग

पितृहरूको मृत्युको पुण्यतिथिलाई श्राद्धको रूपमा संस्मरण गर्ने परम्परा हिन्दू धर्मावलम्बीहरूमा रहेको छ । यही संस्कारलाई सम्झँदै पितृको संस्मरणमा लेखिएको प्रस्तुत निबन्धमा श्रद्धाले गरिएको भावलाई नै श्राद्धको रूपमा प्रस्तुत गरिएको छ । श्राद्धको दिन पितृलाई सम्झँदै मनले चिताएको कुरा पूरा भएको भन्ने प्रसङ्गलाई श्रद्धा र संयोगसँग जोडी सच्चा हृदयबाट व्यक्त अक्षरहरूको समर्पण निबन्धमा पाइन्छ । वर्षको एकदिन मात्र पनि बितेका आफन्तको श्रद्धा गरुन् भनेर श्राद्ध गर्ने चलन चलेको होला भन्दै परम्परागत पद्धतिबाट भन्दा पनि हार्दिकताबाट श्रद्धा गरिनु पर्ने प्रसङ्गलाई निबन्धमा जोडिएको छ । माग्ने वा जोगी आइदिए हुन्थ्यो भनेर सोचेको क्षणमै कोही आएको प्रसङ्गले निबन्ध रोचक बनेको छ । श्राद्धको दिन केही दान गर्न पाए असल हुन्थ्यो, राम्रो हुन्थ्यो, गरिबहरूलाई अन्नदान गर्न सके पुण्य हुन्थ्यो भन्दै धार्मिक आस्था समेत निबन्धमा वर्णन गरिएको छ । सच्चा मनले पुकाऱ्यो भने भगवान् स्वयम् उपस्थित भइदिन्छन् भन्ने आस्थालाई पनि निबन्धमा उदाहरणमार्फत् प्रस्तुत गरिएको छ । धार्मिक अन्धविश्वासलाई पछ्याउँदैमा श्राद्ध हुँदैन श्रद्धा वा श्राद्ध त एक्लै बसेर हृदय खोलेर पनि व्यक्त गर्न सकिन्छ भन्ने आधुनिक विचार समेत समेटिएको प्रस्तुत निबन्धले निःस्वार्थ सेवा र सहयोगबाट पाएको आत्मीय मायाबाट आफ्नो जीवन सफल भएको चर्चा गरिएको छ । अन्तरजातीय वैवाहिक सम्बन्धको कारण सामाजिक विभेदको अवस्थाबाट मुक्त भई सामीप्यता प्राप्त हुँदा ***तिम्रो हातले पितृपूजा गर्न सक्छ्यौ*** (२०६५ : ६८)भन्ने वाक्यद्वारा निबन्धकार हर्षविभोर भएको घटनाको स्मरण निबन्धमा गरिएको छ । पन्ध्रवर्ष अघि लेखेको नेवारी कथा ***तुंता (सहारा)*** को प्रत्यक्ष घटना आफ्नो जीवनमा परेको भन्दै जीवन साहित्यबाट प्रभावित भएको कुरालाई निबन्धकारले व्यक्त गरेकी छन् ।

प्रेम मात्र अमर रहन्छ अरु त क्षणिक हुन्छन् भन्ने लोकोक्तिको चरितार्थ भएको महसुस गर्दै बुबाका शब्दहरू, विश्वास र प्रेमलाई सम्झँदा मात्र पनि आनन्दित हुने गरेकोले श्रद्धास्वरूप

प्रस्तुत पुस्तक रचना तथा प्रकाशन गर्न पाएकोमा गर्व लागेको विचार निबन्धमा व्यक्त भएको छ । २०६३  पौषमा श्राद्धका दिन रचना गरिएको प्रस्तुत निबन्धमा श्राद्धका दिन घटेका घटनालाई सरल शब्दावली तथा हार्दिक अनुभूति समेट्दै श्रद्धा सुमनका रूपमा प्रस्तुत गरिएको यस  निबन्धमा सुकोमल पदावलीको प्रयोग रोचक ढङ्गद्वारा गरिएको छ ।

### ४.५.१२. वंशावली

आध्यात्मिक चिन्तनद्वारा ब्रम्हज्ञानको चेत कसरी प्राप्त गरिन्छ भन्ने कौतूहलताबाट प्रारम्भ गरिएको प्रस्तुत निबन्धमा कुनै पनि जाति वा वंशको इतिहास वंशावलीका बारेमा जान्न खोजेका कुराहरू प्रस्तुत गरिएका छन् । हिन्दू र बौद्ध धर्म संस्कारको भिन्नता तथा तुलना गर्दै ससुरा र हजुरआमाका ज्ञानका बारेमा वर्णन गरिएको प्रस्तुत निबन्धले मानिसले सधैँ ज्ञानको भोको रहनुपर्छ, केही जान्न उत्सुक हुनुपर्छ भन्ने धारणा व्यक्त गरेको छ । फुपूले हजुरआमाका कवितालाई गीतिलयमा गाएको प्रत्यक्ष अनुभूतिबाट साहित्यसँग प्रभावित भएको स्मरण गर्दै जातीय विभेदको निन्दा निबन्धमा गरिएको छ । मानवीय सम्बन्धलाई उच्च मान्नुपर्ने तर्क निबन्धमा गरिएको छ । नेवारकी छोरी भए पनि ब्राम्ह्णको छोरासँग वैवाहिक सम्बन्धमा जोडिएको चर्चा गर्दै परिस्थितिअनुसार सङ्घर्ष र कर्म गर्दै एक सफल व्यक्तिका रूपमा आइपुगेको अनुभव निबन्धमा स्वयम् निबन्धकारको छ । अन्य देशका मानिस पनि आफ्ना पुर्खा वंशको इतिहासको खोजी गर्छन् र हामी पनि त्यस्तो ज्ञानप्रति सचेत छौँ भन्दै वंशावलीमा पुरुषका मात्र इतिहास उल्लेख भएकोले नारीप्रति उपेक्षा गरिएको धारणा व्यक्त गरिएको छ । सृष्टिलाई अगाडि बढाउन प्रयासरत आधा आकाश धर्ती नारीलाई छोडेर वंशावली पूर्ण हुन सक्दैन भन्ने आवाज उठाउँदै वंशावलीमा नारीलाई उचित स्थान दिनुपर्छ भन्ने विचार व्यक्त गरिएको छ । यो जायज पनि छ । धिताल बन्धुहरूको वंशावली तयार पार्न ससुरा श्री तेजप्रसाद धितालको अविस्मरणीय  योगदान रहेको उल्लेख गर्दै विजातीय भए पनि वंशावलीमा आफ्नो सशक्त नारी आवाज समेटेर तयार पारिएको लेख ***वंश र नारी*** ले महत्वपूर्ण स्थान प्राप्त गर्न सकेकोमा अत्यन्त खुशी व्यक्त भएको छ । बुबाको नाम र फोटो पल्टाउँदै जाँदा हर्षविभोर भई अविरल आँसु झरेको संस्मरण गर्दै उहाँले गर्नुभएको कार्य सह्रानीय छ भन्ने कुरा निबन्धमा उल्लेख गरिएको छ । वंशावली तयार गर्ने असहज तथा गहन कार्यका लागि ससुराले पुऱ्याउनु भएको महत्वपूर्ण योगदान र वंशावलीभित्र समेटिएको आफ्नो लेखलाई महत्वपूर्ण स्थान दिँदै हार्दिकता, भावुकता तथा मानवतावादी विचार व्यक्त भएको प्रस्तुत निबन्धमा ***कर्म ते च ब्राह्मण*** भन्ने संस्कृत सूक्तिको आशय पाइन्छ । मानिस कर्मले महान् हुन्छ, असल कर्म गरे सत्कीर्ति र यश रहिरहन्छ भन्ने कटु सत्यलाई स्थापित गर्दै निबन्ध सरल र उत्कृष्ट बनेको छ ।

## ४.५.१३. शिवपुरी डाँडामा

प्रस्तुत निबन्ध शिवपुरी डाँडाको अवलोकन गर्न हिँडेको जत्थामा सामेल भई प्रत्यक्ष निबन्धकारले अवलोकन गरेका कुरालाई अनुभूति र संवेगद्वारा अक्षररूपी श्रद्धाको ठेलीको रूपमा प्रस्तुत भएको छ । काठमाडौंको उत्तरपट्टि रहेको शिवपुरी वास्तवमै सुन्दर, शान्त स्थल हो । समुद्र सतहबाट २७३८ मीटरको उचाइमा रहेको यो रमणीय स्थलमा पुग्न गरेको सङ्घर्षलाई यात्रा अनुभूतिका रूपमा निबन्धमा वर्णन गरिएको छ । बागद्वारबाट अबिरल खसेको जलप्रवाहको मनमोहकतामा भोक, थकाइ बिर्सेको क्षणको स्मरण गर्दै श्रद्धेय ससुराले जुनसुकै तीर्थमा पुगेपछि मलाई जल चढाउन नबिर्स है भनेको सम्झँदा आँखाबाट आँसुका धारा छुटेको वर्णन निबन्धमा मर्मस्पर्शी बनेर आएको छ । श्रद्धाले ससुरा र आफूले अनुभव गर्न नपाएका पितालाई तर्पण दिएपछि मन आनन्दित भएको कुरालाई निबन्धकारले व्यक्त गरेकी छन् । शिवपुरी डाँडाको भ्रमण अवलोकनमा टोड्के बाबाको आतिथ्य सहयोग र शिवको मुखबाट बगेको धाराको चर्चा निबन्धभित्र समावेश गरिएको छ । शिवपुरी डाँडाको थुम्कोमा पुग्दा सगरमाथा चढे झैं अनुभव गरेको रोचक प्रसङ्ग संस्मरण गर्दै लामाका कुलदेवता, स्तुपाको वर्णन निबन्धमा छ । ठूलो ढुङ्गामाथि रातो अबिरले रङ्गाएको देखेर शिवपुरीको अनुभव गर्दै देवतामाथिको आस्थामा ढुङ्गालाई समातेर ***सत्यम् शिवम् सुन्दरम्***को ऋचाद्वारा गुञ्जाइएको ध्वनिमा आफूलाई समाहित गरेको प्रसङ्गले नेपालीहरूको धर्मप्रतिको आस्था, श्रद्धा र विश्वासलाई व्यक्त गरेको छ । मनले कल्पना गर्न सके, अनुभूति गर्न सके प्रत्येक थुम्काथुम्कामा ईश्वरको बास छ ,केवल हेर्ने सुदृष्टि चाहिन्छ भन्ने भाव प्रस्तुत निबन्धले बोकेको छ ।

***कान्तिपुर*** दैनिकमा २०६४ जेठ १२ गते प्रकाशित प्रस्तुत निबन्धलाई यात्रा वर्णनको रूपमा लिन सकिन्छ । काठमाडौं सहरको उत्तरपट्टिको शान्त, सुन्दर, रमणीय स्थानको बारेमा प्रत्यक्ष भोगेको अनुभवलाई साहित्यको सुन्दर कसीमा राखेर, भावुकता खन्याएर सुन्दर बनाइएको प्रस्तुत निबन्धले आस्था, श्रद्धा र विश्वास जहाँ गए पनि साथै रहन्छ । प्राकृतिक सुन्दरताको अवलोकन गर्दा पनि आफ्ना र आफन्तका सुमधुर वाणीहरू गुञ्जिरहन्छन् र त्यसले जीवनमा हौसला र प्रेरणा दिइरहन्छन् भन्ने कुरालाई व्यक्त गरेको छ ।

## ४.५.१४. चमत्कारको कुरा र मनको कुरा

जीवनलाई हेर्ने आआफ्नै दृष्टिकोण हुन्छ, यो अनौठो अद्भूत संसारमा असङ्ख्य अनौठा घटनाहरू घटिरहन्छन् । कहिलेकाँही एकान्तमा बसेर त्यस्ता कुराको संस्मरण गर्दा जीवन नै एउटा चमत्कार जस्तो लाग्छ भन्ने भाव समेटिएको प्रस्तुत निबन्धले आध्यात्मिक र भौतिक दर्शनको चिन्तन गरेको छ । सिद्ध पुरुषले मात्र अनौठा अनुभूतिलाई प्रत्यक्ष अवलोकन गर्न

सक्छन्, सबैलाई त्यस्तो भाग्य हुँदैन भन्दै विश्वास र आस्थामा संसार चलेको कुरालाई प्रष्ट्याउन खोजिएको छ । घरमा सोह्रश्राद्ध र ॐ दर्शनको निबन्धमा आफूले स्वच्छ मनले चढाएका सबै फलफूलहरूमा ॐ को प्रतिबिम्बलाई पनि चमत्कारकै रूपमा वर्णन गरिएको छ । आफूले पाएको स्नेह आत्मीयताद्वारा यति धेरै श्रद्धाका शब्दहरू कोरिनुलाई पनि निबन्धकारले चमत्कारकै कठघरामा उभ्याएकी छन् । श्रद्धाका शब्दहरू मनका अनुभूतिद्वारा आफसेआफ अक्षरका माध्यमबाट पोखिई एउटा पुस्तकका रूपमा तयार हुनु चानचुने कुरा होइनन् । योजनाभित्र नपरेका सोचाइमा नआएका कुराहरू आफसेआफ हुनुलाई एक चामत्कारिक घटनाका रूपमा वर्णन गरिएको प्रस्तुत निबन्धले जीवनलाई नै ईश्वरको लीलाको रूपमा वर्णन गरेको हो भन्ने अनुभूति गर्न सकिन्छ । सत्यको यात्रामा हिँड्दा आफूले भेटेका समय, संयोग र यथार्थलाई कलमरूपी जीवन पनि त अचम्म नै हो भन्ने भाव व्यक्त गर्दै राजनीतिक जीवनका विविध प्रसङ्गबाट साँचो जीवनको अनुभूति गरेको पललाई स्मरण गरिएको छ । पुरातन विचारधारालाई परिवर्तन गर्न, सामन्तवादको अन्त्य गर्न क्रान्तिकारी कदम चाल्न पुगेको जीवनलाई सम्झँदै भेटिएका र भोगिएका कारुणिक यथार्थको विगत र वर्तमानसँग तुलना गर्दै आफ्नै यात्रा निरन्तर भई रहेको अनुभूत निबन्धकारले निबन्धमा व्यक्त गरेकी छन् ।

प्रस्तुत निबन्धमा समयको अविरल गतिमा बहेका पलका सत्य-असत्य घटना व्यक्त भएको छ । मानिस समयको दास हो, समयको अघि पछि लागेर चल्नु नै मानिसको बाध्यता हो, जीवनलाई सङ्घर्ष मानेर प्रत्येक पाइला चाल्न सके सुखद् अनुभूति सङ्गाल्न सकिन्छ भन्ने भाव पनि निबन्धले व्यक्त गर्न खोजेको छ ।

## ४.६.सुलोचना मानन्धर धितालका निबन्धात्मक प्रवृत्तिहरू

इतिहासका ज्यूँदा पानाहरू तथा तेजोऽसि संस्मरणात्मक निबन्ध सङ्ग्रहको अध्ययनबाट निष्कर्षमा पुग्दा निबन्धकार सुलोचना मानन्धर धितालका निबन्धात्मक प्रवृत्तिहरूलाई निम्न लिखित अनुसार सामान्यीकरण गर्न सकिन्छ :

### ४.६.१. वैयक्तिक वा आत्मपरक अभिव्यक्ति

निबन्धकार सुलोचना मानन्धर धिताल आत्मपरक निबन्धकार हुन् । उनले सामाजिक विषयलाई पनि मिठासपूर्ण ढङ्गले आत्मपरक शैलीमा प्रस्तुत गरेकी छन् । आफ्ना जीवनभोगाइका तीतामीठा अनुभवका घटनालाई प्रस्तुत दिएका उनका निबन्धहरूमा वैयक्तिक अभिव्यक्तिहरू प्रशस्त मात्रामा देखिन्छन् । ऐतिहासिक यथार्थ बनिसकेका वैयक्तिक घटनाहरूलाई समेत उनले कलात्मक रूपमा प्रस्तुत गरेकी छन् । संस्कृतका केही

सूक्तिहरूको समेत प्रयोग गर्दै उनका निबन्धलाई वैचारिक बनाइएको छ । आफ्ना पुर्खाहरूको स्मरण गर्दै आफूले गर्नुपर्ने दायित्वको अभिव्यक्ति समेत निबन्धमा पाइन्छ । मानव–जीवनका विभिन्न पक्ष र विषयवस्तुलाई आत्मपरक शैलीमा विषयका रूपमा निबन्धमा प्रस्तुत गरिएको छ ।

**४.६.२.मानवतावादी दृष्टिकोणको अभिव्यक्ति**

मानिसले मानिसलाई माया गर्नु स्वतन्त्रता, समानता र भातृत्वको व्यवहार गर्नु एक मानिसले अर्को मानिसको सुख, कल्याण र मानवीय मूल्यको हेक्का राख्नु नै यथार्थतः मानवतावाद हो । मानव जीवनको मूल्य र महत्त्वलाई स्वीकार्दै सह-अस्तित्वको आधारमा मानवको कल्याण चाहनु नै मानवतावाद हो । निबन्धकार सुलोचना मानन्धर धितालका निबन्धले वृद्धवृद्धाहरूको जीवनशैलीको जीवन्त प्रस्तुति गर्दै मानवतावादी चिन्तनको वकालत गरेका छन् । वृद्धवृद्धाहरूलाई सामाजिक सुरक्षा, पालनपोषण तथा सुबिधा हुनुपर्ने वृद्धाश्रमका कुरालाई निबन्धमा प्रस्तुत गरिएको छ । उनले मान्छेको स्वभाव, व्यवहार र उसबाट निर्मित समाजको रीतिस्थिति र संस्कृति आदिको प्रतिबिम्बलाई निबन्धमा जस्ताको तस्तै उतारेकी छन् । वृद्धवृद्धाका हक हितका बारेमा आवाज उठाउँदै उनीहरूको बाँच्न पाउने अधिकारलाई सुनिश्चित गराउन निबन्धमा जोडदार पहल भएको देखिन्छ । निबन्धमा प्रयुक्त पात्रहरूको दृष्टिबाट जीवनमा सुख कम र दुःख ज्यादा रहेको निष्कर्ष निकाल्न सकिन्छ । यहाँका पात्रहरूले जीवनका समस्या, पीडा, आदिबाट आजित भएर लामो सुस्केरा हालेका छन् । यस्तो अवस्थामा निबन्धकारले उनीहरूप्रति श्रद्धा र सहानुभूति प्रकट गर्दै आफैँ उनीहरूको सेवामा समर्पित भएर सबैलाई यस्तै कार्य गर्न प्रेरणा समेत प्रदान गरेकी छन् ।

**४.६.३.प्रकृति चित्रण**

निबन्धकारले देश दर्शनका क्रममा घुमेका विभिन्न स्थानहरूको वर्णन निबन्धमा गरेकी छन । पूर्वमा इलामदेखि विराटनगर, धरानसम्मको वर्णन गर्दै कोशी, बराहक्षेत्र , सिरहा , सप्तरीका विभिन्न ठाउँको सचित्र प्रस्तुति निबन्धमा पाइन्छ । हामी प्रकृतिलाई तबमात्र चिन्न सक्छौँ जब हामी त्यसको नजिक पुग्ने चेष्टा गर्छौं भन्दै प्रकृतिको स्वच्छन्द चित्रण निबन्धमा पाइन्छ । प्रकृतिको विशद चित्रण गर्दै प्रकृतिलाई नै निबन्धको विषय बनाइएकाले प्रकृति चित्रण निबन्धकार सुलोचना मानन्धर धितालको महत्त्वपूर्ण निबन्धात्मक विशेषता हो भन्न सकिन्छ ।

**४.६.४. शान्ति तथा धार्मिक सहिष्णुताको अभिव्यक्ति**

निबन्धकारल आफ्नो निबन्धमा मारकाट, हत्याहिंसा र युद्धजन्य अपराध रोक्नका लागि शान्तिको कामना गरेकी छन् । अब काटमार, हत्याहिंसा रोक, शान्ति स्थापना गर,

हातहतियारले गरिने युद्धका विरुद्ध प्रेमले एकापसमा सहयोग गर भन्दै निबन्धकारले शान्तिको आह्वान गरेकी छन् । विभिन्न मठ मन्दिरको दर्शन तथा भ्रमण गर्दै हिन्दू , शेर्पा र मुसलमानको सहयात्राको चित्रण गर्दै सहिष्णुताको भावना विकास गर्नुपर्ने आग्रह निबन्धमा गरिएको छ । अतः शान्ति तथा धार्मिक सहिष्णुता उनको अर्को निबन्धात्मक विशेषता हो भन्न सकिन्छ ।

### ४.६.५. वृद्धवृद्धाका समस्याहरूको प्रस्तुति

निबन्धकार सुलोचना मानन्धर धितालका कृतिमा समसामयिक घटना र यथार्थलाई विषयवस्तुका रूपमा समावेश गर्दै वृद्धवृद्धाले भोग्नुपरेको समस्यालाई निबन्धमा चित्रण गरिएको पाइन्छ । समसामयिक घटनालाई यथार्थ रूपमा प्रस्तुत गरी त्यसको समाधान तर्फ सबैको चासो पुऱ्याउन पनि निबन्धकारको उद्देश्य रहेको देखिन्छ । निबन्धमा कलालाई उमेरले प्रभाव पार्दैन, मानिस वृद्ध भए पनि कला र प्रतिभा वृद्ध हुँदैन भन्ने सत्य उजागर गर्न समेत खोजिएको छ । मौका पाउनुपर्छ , मौका दिइनुपर्छ, प्रतिभा त आफसेआफ नै प्रस्फुटन हुन्छ भन्दै सबै मानवभित्र कुनै न कुनै कला अथवा प्रतिभा हुन्छ भन्ने कुरालाई निबन्धमा उद्घाटित गरिएको छ । वृद्धवृद्धाहरूले भोग्न परेको यथार्थहरूको अभिव्यक्ति निबन्धकार सुलोचना मानन्धर धितालका निबन्धमा पाइने हुनाले वृद्धवृद्धाका समस्याहरूको प्रस्तुति उनको महत्त्वपूर्ण निबन्धात्मक प्रवृत्ति बनेर देखा परेको छ भन्न सकिन्छ ।

### ४.६.६. तार्किक एवम् वैचारिक प्रस्तुति

खासगरी सामाजिक समस्या वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन गरेर त्यसमा चित्रित जीवन र समस्याहरूको यथातथ्य वर्णन मात्र नभएर तिनीहरूका माध्यमबाट जीवनजगत्को कुनै विशिष्ट दृष्टिकोणलाई प्रस्तुत गर्नु निबन्धकार धितालको विशेषता हो । यस अर्थमा निबन्धभित्र चित्रित जीवनजगत्को दर्शन नै निबन्धकारको चिन्तन हो । उनका निबन्धमा विषयवस्तु अनुसार पाठकलाई मनोरञ्जन दिनु, धार्मिक सन्देश दिनु, आर्थिक लाभ उठाउनु एकातर्फको उद्देश्य हो भने अर्कातिर समाजलाई चेतनशील बनाई परिवर्तनको बाटोमा डोऱ्याउनु अर्को उद्देश्य हो । त्यस्तै समाजलाई सुधारको सन्देश दिनु, विकृत र विसङ्गतिको चिरफार गर्नु समाजको यथार्थ चित्रण गर्दै त्यसको निकास खोज्नु, राजनैतिक, आर्थिक, सांस्कृतिक चेतनाका लागि आग्रह गर्नु निबन्धकार सुलोचना मानन्धर धितालको विशिष्ट पक्ष हो ।

## ४.७. निष्कर्ष

कवयित्री सुलोचना मानन्धर धितालले **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रहमा विशेषतः राजनीति र जीवन सम्बद्ध सन्दर्भहरू समेटेकी छन् । यस कृतिमा सङ्ग्रहित कविताहरूमा राजनीतिक समस्याबाट मुक्तिको कामना गरिएको छ। मानव जीवनका कमजोर पक्षहरूलाई केलाउँदै सुमधुर भविष्यको परिकल्पना धितालका कविताहरूमा पाइन्छ । त्यसैगरी सामाजिक विकृति, विसङ्गति तथा असहमतिहरूको भत्सर्ना गर्दै राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको स्वर उराल्नु उनका कविताको विशेषता हुन् ।

यस कृतिमा कवयित्रीले वैचारिक अनुभूति र इमान्दारितालाई सुहाउँदो स्थान दिनुका साथै राष्ट्र, राष्ट्रियता र आफ्नो जन्मभूमिप्रति अगाध स्नेहको भाव प्रकट गरेकी छन् । युद्ध र क्रान्ति नभई शान्ति हुन्न र पुराना सामन्तीहरूको विनास नगरी नयाँ राष्ट्र निर्माण हुन सक्दैन भने चेतनाको स्पष्टीकरणले यस कृतिलाई प्रगतिवादी विचारको समीपमा पुऱ्याएको छ । कवयित्रीले यसमा समाजबाट अपहेलित श्रमजीविहरूप्रति सम्मान र सद्भाव प्रकट गर्दै वीरता र साहसको पक्षमा आफूलाई उभ्याएकी छन् । यस कृतिमा राष्ट्रमा शान्ति स्थापना गर्न सर्वसाधारण जनताले क्रान्ति गर्नु पर्ने आवश्यकता अकाट्य रहेको कुरालाई विभिन्न प्रतीक र बिम्बका माध्यमबाट प्रष्ट पार्न खोजिएको छ ।

निबन्धकार सुलोचना मानन्धर धितालले **इतिहासका ज्यूँदा पानाहरू** र **तेजोऽसि** निबन्ध सङ्ग्रहमा विशेषतः अशक्त तथा पाको उमेरका वृद्धवृद्धाहरूको दिनचर्या र अन्तरजातीय विवाहका कारण आउने विभिन्न कठिनाइहरूसँग सम्बद्ध सन्दर्भहरू समेटेकी छन् । यी कृतिमा सङ्ग्रहित निबन्धहरूमा निबन्धकारले बुढ्यौली उमेरमा भोग्नुपर्ने समस्याहरू र अन्तरजातीय विवाहका कारण उत्पन्न हुन सक्ने व्यवहारिक तथा सामाजिक समस्याहरूबाट मुक्तिको कामना गरिएको छ । मानव जीवनका सामाजिक, धार्मिक, आर्थिक आदि कमजोर पक्षहरूलाई केलाउँदै सुमधुर भविष्यको परिकल्पना धितालका निबन्धमा पाइन्छ । त्यसैगरी समाजले वृद्धवृद्धाहरूलाई गर्ने असहज व्यवहार, सामाजिक विकृति, विसङ्गतिप्रति असहमति जनाउँदै आफ्नो मौलिक स्वतन्त्रता र स्वाधीनताको स्वर उराल्नु उनका निबन्धको विशेषता हो ।

निबन्धमा निबन्धकारले वृद्धवृद्धाहरूलाई इतिहासमा दीर्घायुसम्म अमर तथा महत्त्व रहने वस्तुका रूपमा उचित स्थान दिनुका साथै उनीहरूप्रति अगाध स्नेहको भाव प्रकट गरेकी

छन् । आफ्ना अग्रज तथा बूढाबूढीहरूको सेवामा सक्रिय भएर आफ्नो अमूल्य कर्तव्य पूरा गर्न सके मात्र आजको मानिसको जीवन सार्थक हुन्छ भन्ने चेतनाको स्पष्टीकरणले कृतिहरूलाई प्रगतिवादी विचारको समीपमा पुऱ्याएको छ । निबन्धकारले उल्लिखित कृतिमा समाजबाट

अपहेलित भएर बाँच्न बाध्य भएका अशक्त बूढाबूढीहरूप्रति सम्मान र सद्भाव प्रकट गर्दै कर्तव्य र अधिकारको पक्षमा आफूलाई उभ्याएकी छन् । वर्तमान समयका सभ्य भनाउँदा मानिसले आफ्नो घर-परिवारमा दुःखी जीवन बिताउन बाध्य भएका वृद्धाहरूप्रति समयानुकूल सेवा, सहयोग गर्न सके मात्र आफ्नो वास्तविक कर्तव्य पूरा भएको ठहरिन्छ । नत्र आफू पनि बुढ्यौली उमेरमा पुग्दा आफ्ना सन्ततिले सुख देलान् कि भन्ने कुराप्रति सचेत गराउन प्रस्तुत निबन्ध सङ्ग्रह सफल देखिन्छ । प्रस्तुत दुवै निबन्ध सङ्ग्रहमा ज्येष्ठ नागरिकहरू समाजका अग्रणी हुन्, उनीहरूका अनुभवहरू पछिल्ला पुस्ताका लागि अत्यन्तै महत्त्वपूर्ण र फलदायी हुन्छन् । उनीहरूका प्रेरणाबाट वर्तमान मानव जीवनको स्तरलाई अगाडि बढाउन मद्दत पुग्दछ तथा नयाँ पुस्ता र पुराना पुस्ताबीचको वैचारिक अमिल्दा व्यवहारहरूलाई हटाउन सकिन्छ भन्ने असल सन्देश दिन प्रस्तुत निबन्ध सङ्ग्रहहरू सफल छन् ।

कवि र निबन्धकार व्यक्तित्वमध्ये उनी कवि व्यक्तित्वमा बढी प्रस्ट र सफल पनि देखिन्छिन् । कविताका क्षेत्रमा संरचना, भाव र कला पक्ष मजबुत भएर देखापरेको छ भने निबन्धका क्षेत्रमा भाव वा विचार पक्षका तुलनामा संरचना र कला पक्ष केही कमजोर देखिन्छ । यस अर्थमा साहित्यकार सुलोचना मानन्धर धिताल प्रथमतः कवि हुन् र त्यसपछि मात्र निबन्धकार हुन् भन्ने निष्कर्ष यस परिच्छेदमा गरिएको उनका कृतिको विश्लेषणबाट प्राप्त भएको छ ।

# परिच्छेद पाँच
# उपसंहार : सारांश तथा निष्कर्ष

## ५.१.सारांश

सुलोचना मानन्धर धितालको जीवनी, व्यक्तित्व र कृत्तित्व शीर्षकको यस शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेद शोधपरिचय, दोश्रो परिच्छेद जीवनी, तेश्रो परिच्छेद व्यक्तित्व, चौथो परिच्छेद कृतित्व र पाँचौ परिच्छेद उपसंहार : सारांश तथा निष्कर्षका रूपमा रहेका छन् । यस शोधपत्रमा समावेश गरिएका सामग्रीहरूको परिच्छेदगत सारांश तथा निष्कर्ष निम्नानुसार रहेको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेद सुलोचना मानन्धर धितालको जीवनी परिचयाक भाग हो । यसमा विभिन्न बाह्र उपशीर्षकमार्फत् उनको जीवनीसँग सम्बद्ध मुख्य पक्षहरू प्रस्तुत गरिएका छन् । यसक्रममा सुलोचना मानन्धर धितालको पारिवारिक पृष्ठभूमि, बाल्यकाल, शिक्षादीक्षा, वैवाहिक जीवन तथा सन्तान, आर्थिक अवस्था, साहित्यिक प्रेरणा र प्रभाव, साहित्यिक जीवनमा प्रवेश, रुचि तथा स्वभाव, भ्रमण लगायत वैचारिकता वा जीवनदर्शन समेतको अध्ययन गरिएको छ ।

सुलोचना मानन्धर धिताल वि.सं. २०११ फाल्गुन २९ गते बागमती अञ्चलअर्न्तगत काठमाडौं जिल्लाको झोंछे भन्ने टोलमा जन्मिएकी हुन् । उनका पिताको नाम पद्मदेव मानन्धर र माताको नाम चन्द्रमाया मानन्धर हो । उनको न्वारानको नाम भने पूर्णतारा मानन्धर हो । आर्थिक रूपले विपन्न परिवेशमा उनको बाल्यजीवन बितेको हो । कक्षा एकबाट औपचारिक शिक्षा आरम्भ गरेकी धितालले वि.सं. २०५३ मा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट नेपाल भाषा (नेवारी) मा स्नातकोत्तर उपाधि हासिल गरेकी छन् । उनी वर्तमान समयमा नेपालको सर्वोत्कृष्ट साहित्यिक संस्था नेपाल प्रज्ञा प्रतिष्ठानमा प्राज्ञका रूपमा कार्यरत छिन् । सानैदेखि साहित्यमा रुचि राख्ने धिताल वि.सं. २०३१ सालमा **नारी** शीर्षकको कविता **सुस्केरा** (मासिक) पत्रिकामा प्रकाशित गरी औपचारिक रूपमा साहित्य लेखनतर्फ प्रवृत्त भएकी हुन् भन्ने तथ्य यस परिच्छेदको अध्ययनबाट प्राप्त भएको छ ।

शोधपत्रको तेश्रो परिच्छेदमा सुलोचना मानन्धर धितालको व्यक्तित्वका विविध आयाम प्रस्तुत गरिएको छ । यसमा उनको साहित्यिक र गैरसाहित्यिक व्यक्तित्वमाथि प्रकाश पार्न विभिन्न उपशीर्षक निर्धारण गरिएका छन् । साहित्यिक व्यक्तित्वअन्तर्गत उनका कवि, निबन्धकार र कथाकार तथा अन्य लेखकीय व्यक्तित्व प्रस्तुत गरिएको छ । त्यसैगरी राजनीतिक, सामाजिक तथा अन्य व्यक्तित्वलाई गैरसाहित्यिक व्यक्तित्वअर्न्तगत समेटिएको छ ।

सुलोचना मानन्धर धितालको साहित्यिक यात्रा कविता लेखनबाट आरम्भ भएको हो । सर्वप्रथम २०६० सालमा प्रकाशित **अनुभूतिका थोपाहरू** नामक गद्य कविता सङ्ग्रह उनको पहिलो प्रकाशित कृति हो । उनी निबन्धकार पनि हुन् । उनका **इतिहासका ज्यूँदा पानाहरू** र **तेजोऽसि** गरी दुईवटा निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । चेतनाका दृष्टिले उनका निबन्ध र कविताहरू एउटै धरातलमा रहेका छन् । विषयवस्तु, परिवेश र अनुभूतिले भिन्न देखिए पनि उनका रचनामा शान्तिपूर्ण जीवनको खोजी भएको छ । कवि तथा निबन्धकारका रूपमा उनको साहित्यिक व्यक्तित्व प्रकट भएको छ । नेपाली भाषाबाहेक नेपाल भाषा र चिनियाँ भाषाका क्षेत्रमा समेत उनको योगदान महत्त्वपूर्ण रहेको छ । यसका अतिरिक्त उनले राजनीति, समाजसेवा लगायत विभिन्न सङ्घसंस्थाका क्षेत्रमा जिम्मेवारी र दायित्व वहन गरेकी छन् भन्ने निष्कर्ष अध्ययनबाट प्राप्त भएको छ ।

शोधपत्रको चौँथो परिच्छेदमा सुलोचना मानन्धर धितालको कृत्तित्वअर्न्तगत उनका तीन वटा कृतिहरूको सङ्क्षिप्त समीक्षा तथा विश्लेषण प्रस्तुत गरिएको छ । यसै परिच्छेदमा उनका साहित्यिक प्रवृत्तिहरू समेत केलाइएको छ ।

सुलोचना मानन्धर धिताल आधुनिक नेपाली साहित्यकी समसामयिक धाराकी साहित्यकार हुन् । उनी वि.सं. २०३१ सालदेखि कविताका माध्यमबाट नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेकी हुन् । विं.सं. २०६० सालमा '**अनुभूतिका थोपाहरू**' कविता सङ्ग्रह प्रकाशित गरी उनले त्यही वर्ष **इतिहासका ज्यूँदा पानाहरू** नामक निबन्ध सङ्ग्रह पनि प्रकाशित गरेकी छन् । त्यसैगरी वि.सं. २०६५ सालमा आएर उनले पुनः एउटा संस्मरणत्मक निबन्ध सङ्ग्रह **तेजोऽसि** पनि प्रकाशित गरेको देखिन्छ ।

सुलोचना मानन्धर धिताल नेपाली जाति, भाषा, साहित्य, संस्कृतिप्रति निष्ठावान् साहित्यकार हुन् । उनले आफ्नो सिङ्गो जीवन स्वतन्त्रतापूर्वक साहित्य सिर्जनामा लगाएकी छन् । उनको साहित्यिक व्यक्तित्व र अन्य व्यक्तित्वले नेपाली समाज तथा नेपालीको उत्थानका लागि चिन्तन प्रस्तुत गरेको पाइन्छ । उनका कविता र निबन्धहरू प्रगतिशील चेतनका मौलिक अभिव्यक्ति बनेका छन् ।

साहित्यकार धितालले आफ्ना कृतिहरूका माध्यमबाट अन्याय, अत्याचार, दमन, शोषण, निरङ्कुश अधिनायकी विरुद्ध आवाज उठाँउदै यथास्थिति, विवशता, बाध्यता र सन्त्रासबाट मुक्तिको लक्ष्यसहित सिर्जना कर्मलाई गति प्रदान गरेकी छन् । यसैगरी आफ्ना रचनामार्फत् मानवजातिलाई आफ्नो परिचयको खोजी गर्न र अस्तित्व रक्षार्थ गर्न हौसला पनि प्रदान गरेकी छन् । साथै विद्रोह, आक्रोश, परिवर्तनको चाहना र मुक्तिसङ्घर्षले उनका कवितामा आधार प्राप्त गरेका छन् । तसर्थ उनका कविताले पृथक् भाव, विचार र अनुभूतिको धरातलमा क्रान्ति,

सङ्घर्ष एवम् राजनीतिको विषयमा वहस गर्दागर्दै शान्तिको नयाँ संसार नियालेका छन् भन्ने निष्कर्ष  अध्ययनबाट प्राप्त भएको छ ।

साहित्यकार सुलोचना मानन्धर धितालको अनुभूतिका थोपाहरू कविता सङ्ग्रहभित्र लघु आकारका ६० वटा गद्य कविताहरू सङ्ग्रहित छन् । लघु आकारभित्र पनि भाव वा वैचारिक पक्ष प्रबल भएर देखापरेको पाइन्छ । उनका कवितामा प्रयुक्त शब्द बिम्ब, प्रतीक, भाव र अर्थमा सुन्दर संयोजन छ । उनका कवितामा संवेदना, हार्दिकता एवम् कलात्मकताको सुन्दर संयोजन पनि छ । मूलतः नेपाली समाज र नेपाली मात्र नभई समस्त मानव सभ्यताको उत्पीडन विरुद्ध विद्रोहको स्वर उनका कवितामा पाइन्छन् । धितालको सृजनात्मक व्यक्तित्व अन्याय र अत्याचारका विरुद्ध हरदम सजगतापूर्ण ढङ्गले उपस्थित छ । राष्ट्रवादी विचारको अभिव्यक्ति, आशावादी जीवनदृष्टि,प्रकृति चित्रण, विद्रोही भाव, यथार्थको चित्रण, प्रणय-प्रेमको चित्रण, प्रगतिवादी चेतना,मानवतावादी विचारको अभिव्यक्ति, साझा संवेदना, मानवीय अनुभूति, जीवनवादी दृष्टिकोण, विचारमा स्पष्टता, परिष्कार आदि उनका कवितात्मक विशेषताहरू हुन् भन्ने  निष्कर्ष  अध्ययनबाट प्राप्त भएको छ ।

निबन्धकार सुलोचना मानन्धर धितालको **इतिहासका ज्यूँदा पानाहरू** तथा **तेजोऽसि** निबन्ध सङ्ग्रहमा वृद्धवृद्धा तथा आफ्ना आफन्तलाई सम्झँदै उनीहरूको समस्या, आवश्यकता तथा मायामोहका कुरालाई व्यक्त गरिएको छ । मनमोहन स्मृति प्रतिष्ठानद्वारा आयोजना गरिएको देश-दर्शन कार्यक्रमलाई मुख्य विषयवस्तुको रूपमा चयन गर्दै यात्राका क्रममा घटेका घटनाहरूलाई निबन्धमा प्रस्तुत गरी रोचक बनाइएको छ । हाम्रो समाजमा वृद्धवृद्धाहरूप्रति गरिएको व्यवहारलाई नजिकबाट हेर्दै उनीहरूको हेरविचार गर्ने सभ्यताको निर्माणमा ध्यान दिलाउन आग्रह समेत गरिएको छ । **इतिहासका ज्यूँदा पानाहरू** निबन्ध सङ्ग्रहभित्रका २८ वटा निबन्धमा पाका र नयाँ पुस्ताका बीचको  असमानतालाई केलाउँदै बिर्सँदै गएको मानवीय व्यवहारको चित्रण गरिएको छ । वृद्धवृद्धा भनेका इतिहासका स्वर्ण अक्षर हुन् । तिनीहरूलाई पढ्न सके भविष्यमा उत्तरोत्तर प्रगति गर्न सकिन्छ । तिनीहरूको आशीर्वादले जीवनको सार्थक लक्ष्य चुम्न सफल भइन्छ भन्ने सन्देश दिन पनि निबन्ध सङ्ग्रह सफल छ । वृद्धवृद्धाहरू बोझ होइनन्, उनीहरू हाम्रा असल मार्गदर्शक हुन् भन्दै उनीहरूको विभिन्न क्रियाकलापहरूलाई अनुसरण गर्दै जीवनरथ अगाडि बढाउन निबन्धकारको आग्रह छ ।

साहित्यकार सुलोचना मानन्धर धितालको **तेजोऽसि** निबन्ध सङ्ग्रहमा १४ वटा निबन्धहरू सङ्ग्रहित छन् र यसभित्रका निबन्धहरूमा अन्तरजातीय विवाहको कारण भोग्नु परेको समस्यालाई प्रस्तुत गर्दै मानवीय नाताबाट जो कसैको मनमा बस्न सफल हुन सकिनछ भन्ने उदाहरण प्रस्तुत गरिएको छ । रगतको नाताभन्दा मानवीय नाता ठूलो हुन्छ भन्दै

निबन्धकारले मान्छेलाई जात, धर्म, वर्णभन्दा माथि उठी मानव भएर मानवको सेवा गर्न आग्रह गरेकी छन् । दुवै निबन्ध सङ्ग्रहमा निबन्धकारले मानवतावादको वकालत गर्दै सेवा नै धर्म हो भन्ने मूल भावलाई चरितार्थ गर्न खोजेकी छन् ।

उनी निजी शैलीकी प्रयोक्ता हुन् । उनले कविता र निबन्धमा प्रगतिवादी दृष्टिकोण अङ्गालेकी छन् । उनका कृतिहरूमा सामाजिक र राष्ट्रिय समस्याहरूलाई आधार बनाइएको पाइन्छ । देशप्रेम र मानवतावादी दृष्टिकोण उनका रचनाहरूको महत्त्वपूर्ण पक्ष हो । यसका अतिरिक्त ज्येष्ठ नागरिकप्रति सम्मान अनि नेपाली अस्मिताको रक्षा तथा अस्तित्वको खोजी उनका रचनामा पाइन्छन् । आफ्नो निश्चित शैली, संरचना, भाव तथा अभिव्यक्तिमार्फत् उनले सामयिक जीवनजगत्को चित्रण गरेकी छन् । त्यसैले उनको सृजनात्मक व्यक्तित्वले समसामयिक धाराको प्रतिनिधित्व गर्दछ भन्ने तथ्य अध्ययनबाट प्राप्त भएको छ ।

सुलोचना मानन्धर धितालले सरल भाषा शैलीमा भाव र अनुभूतिलाई अत्यन्त सहजतापूर्ण तरिकाले प्रस्तुत गरेकी छन् । उनका कविता र निबन्धहरूमा व्यक्त भएको विचार वा धारणाले व्यक्ति तथा समाजलाई प्रभाव पारेको छ । व्यक्तिले भोग्नु परेको विवशता, बाध्यता, अत्याचारबाट मुक्ति र शान्तिपूर्ण जीवनको परिकल्पना गर्दै उनले सचेतनापूर्वक कविता र निबन्धहरूमा आफ्ना मान्यता एवम् विचार व्यक्त गरेकी छन् । कविता र निबन्धका क्षेत्रमा उनी खास पृथक् छैनन् । दुवै विधामा उनी वैचारिक देखिन्छिन् । कविताका लघु आकारभित्र उनले समसामयिक युगलाई सिङ्गै उतार्न सफल भएकी छन भने निबन्धका क्षेत्रमा मानवतावादी विचारको अभिव्यक्तिसँगै उनी वर्तमानका विवशताहरूलाई यथार्थको धरातलबाट सम्पूर्ण रूपमा प्रस्तुत गर्न सफल छिन् ।

कवि र निबन्धकार व्यक्तित्वमध्ये उनी कवि व्यक्तित्वमा बढी प्रस्ट र सफल पनि देखिन्छिन् । कविताका क्षेत्रमा संरचना, भाव र कला पक्ष मजबुत भएर देखापरेको छ भने निबन्धका क्षेत्रमा भाव वा विचार पक्षका तुलनामा संरचना र कला पक्ष केही कमजोर देखिन्छ । यस अर्थमा साहित्यकार सुलोचना मानन्धर धिताल प्रथमतः कवि हुन् र त्यसपछि मात्र निबन्धकार हुन् भन्ने निष्कर्ष यस परिच्छेदमा गरिएको उनका कृतिको विश्लेषणबाट प्राप्त भएको छ ।

## ५.२. निष्कर्ष

यस शोधपत्रमा साहित्यकार सुलोचना मानन्धर धितालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन तथा विश्लेषणबाट प्राप्त तथ्यहरूको सङ्क्षेपीकरण गरिएको छ । शोधसमस्यासँग सम्बन्धित प्रश्नहरूको समाधान खोज्ने क्रममा प्राप्त सामग्रीहरूका आधारमा

यो शोध तयार भएको छ । उनको साहित्ययात्रा वि.सं. २०३१ बाट सुरु भए पनि वि.सं. २०६० मा आएर मात्र सिङ्गो कृतिका रूपमा **अनुभूतिका थोपाहरू** कविता सङ्ग्रह प्रकाशित भएको हो । यसपछि उनका हालसम्ममा **इतिहासका ज्यूँदा पानाहरू** र **तेजोऽसि** गरी दुईवटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । साथै फुटकर रूपमा थुप्रै लेख रचनाहरू प्रकाशित भएका छन् । यस अतिरिक्त नेपाल भाषा र चिनियाँ भाषामा समेत उनले योगदान दिएकी छन् ।

वि.सं. २०११ सालमा काठमाडौंको निम्नमध्यम वर्गीय परिवारमा जन्मिएकी सुलोचना मानन्धर धितालले स्नातकोत्तरसम्मको अध्ययन पूरा गरेकी छन् । सानैदेखि विद्रोही स्वभाव भएकी धितालले प्रेम तथा अन्तरजातीय विवाहलाई सामाजिक मान्यता दिलाउने क्रममा ठूलो सङ्घर्ष गरेको देखिन्छ । धितालले विश्वका थुप्रै साहित्यकार र दार्शनिकहरूका विचार र कृतिबाट प्रभावित भएर उनीहरूका आदर्श र अनुप्रेरणाहरूलाई आफ्नो जीवन र कृतिमा उतारेकी छन् । वि.सं. २०३१ बाट साहित्य यात्रा आरम्भ गरेकी धिताल हाल नेपाल प्रज्ञा प्रतिष्ठानको गरिमामय प्राज्ञ परिषद्को सदस्यका रूपमा संलग्न छिन् । उनले विभिन्न संघसंस्थामा रहेर काम गर्दाको अनुभव, भ्रमण आदिको ज्ञानबाट आफ्नो साहित्यिक तथा गैर-साहित्यिक व्यक्तित्व निमार्ण गरेको पाइन्छ । यिनको साहित्यिक व्यक्तित्व मूलतः कविता, निबन्ध एवम् कथा विधाका रूपमा अगाडि बढे पनि उनको व्यक्तित्व नेपाली साहित्यका क्षेत्रमा कवि र निबन्धकारका रूपमा रहेको छ । यस्तै गैरसाहित्यिक व्यक्तित्वका रूपमा सामाजसेवा, स्तम्भ लेखक र प्राज्ञिक तथा शिक्षक व्यक्तित्वका रूपमा उनको व्यक्तित्व विस्तारित भएको छ ।

सुलोचना मानन्धर धिताल कविताका क्षेत्रमा राष्ट्र, राष्ट्रियता र आफ्नो जन्मभूमिप्रति अगाध स्नेह प्रकट गर्ने राष्ट्रवादी तथा प्रगतिवादी चेत भएकी कवि हुन् भने निबन्धका क्षेत्रमा वर्तमान युगका मानिसहरूले आफ्ना अग्रज वृद्धवृद्धाहरूप्रति सम्मान र सद्भाव प्रकट गरे मात्र जीवन सार्थक हुन्छ भन्ने मूल भाव व्यक्त गर्ने उदारवादी एवम् मानवतावादी निबन्धकार हुन् ।

सुलोचना मानन्धर धिताल आधुनिक नेपाली साहित्यको पछिल्लो खुट्किलो मानिने समसामयिक धारामा प्रगतिचेत तथा सामाजिक परिवर्तनलाई आत्मसात् गर्ने साहित्यकार हुन् । उनका कविता र निबन्धमा मानव, समाज र राष्ट्रका समस्याहरू प्रकट भएका छन् । उनले शैलीगत नवीनता, वैचारिक स्पष्टता अँगालेर कृतिहरू रचना गरेकी छन् । साथै सरल - सहज भाषा शैलीमा विभिन्न बिम्बप्रतीकको प्रयोग गर्दै स्वाभाविक विन्यास गरेकी छन् । उनका रचनामा युगजीवन र नेपाली परिवेश प्रतिबिम्बित भएको छ । उनका रचनाको मूल स्रोत समाज हो । तसर्थ समाजको कटु यथार्थप्रति उनको तीव्र मानसिक प्रतिक्रिया रहेको छ । उनका सिर्जनामा मौलिकता तथा नवीन जनआवाज विभिन्न प्रतीक बनेर प्रकट भएका छन् । राष्ट्रमा विद्यमान विकृति, भ्रष्टाचार, बूढाबूढीहरूप्रति हुने अस्वाभाविक व्यवहारहरू आदिको अन्त्य गरी

समाजलाई सुन्दर र शान्त बनाउनुपर्छ भन्ने मान्यता साहित्यकार सुलोचना मानन्धर धितालले लिएकी छन् ।

सुलोचना मानन्धर धितालको व्यक्तित्व र कृतित्वको अध्ययन-विश्लेषणबाट उनी विगत, वर्तमान र भविष्यलाई आफ्ना कृतिहरूमा समाज सापेक्ष रूपमा चित्रण गर्न सक्षम सफल साहित्यकार हुन्  भन्ने स्पष्ट हुन्छ । उनी प्रथमतः कवि हुन् भने त्यसपछि निबन्धकार । शिल्प, संरचना र भाव पक्ष सबै दृष्टिले निबन्धकार सुलोचना मानन्धर धितालभन्दा कवि सुलोचना मानन्धर धिताल सफल, चर्चित र अग्रज देखिन्छिन् । उनी कविता र निबन्ध दुवै क्षेत्रमा आफू बाँचेको युगलाई जीवन्त रूपमा चित्रण गर्न सक्ने समकालीन साहित्यकार हुन् ।

# सन्दर्भ सूची :

अधिकारी, हेमाङ्गराज,(२०५६), **पूर्वीय समालोचना सिद्धान्त** , छैटौं सस्करण,काठमाडौँ : साभा प्रकाशन ।

आचार्य ,अमृत,(२०६७),**मोरङ निबन्ध सङ्ग्रह** ,विराटनगर : प्रगतिशील लेखक सङ्घ ।

उपाध्याय, केशवप्रसाद, (२०५८), **साहित्य प्रकाश**. पाचौं संस्करण, काठमाडौँ : साभा प्रकाशन ।

खनाल, यदुनाथ,२००३), **समालोचनाको सिद्धान्त,** काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

गैरे, ईश्वरीप्रसाद र आचार्य, कृष्णप्रसाद. (२०५९), **आधुनिक नेपाली नाटक र कविता**, काठमाडौँ : न्यु हिरा बुक्स. प्रकाशन ।

घिमिरे, माधवप्रसाद, (२०२३), **सम्पादकीय कवितातत्त्व, कविता** ३/३ ।

जोशी, कुमारबहादुर, (२०५४), **पाश्चात्य साहित्यका प्रमुख वाद,** काठमाडौँ : साभा प्रकाशन ।

त्रिपाठी, जगन्नाथ शर्मा, (२०६८),केही फूल केही अक्षता, **तेजोऽसि** काठमाडौँ : आभा प्रकाशन ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव, सम्पादक, (२०६५), **नेपाली कविता (भाग ४),** पाँचौं संस्करण, काठमाडौँ : साभा प्रकाशन ।

थापा, हिमांशु. (२०३६), **साहित्य परिचय**. काठमाडौँ : साभा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद, (२०३९), **लक्ष्मी निबन्ध सङ्ग्रह**, काठमाडौँ : साभा प्रकाशन ।

.........................(२०६५), **मुनामदन,** पच्चीसौं संस्करण, काठमाडौँ : साभा प्रकाशन ।

धिताल,सुलोचना मानन्धर,(२०६०), **अनुभूतिका थोपाहरू**, काठमाडौँ : सरोज धिताल ।

.........................(२०६०), **इतिहासका ज्यूँदापानाहरू**, काठमाडौँ :अस्मि प्रकाशन ।

.........................(२०६८), **तेजोऽसि** ,दोस्रो संस्करण. काठमाडौँ : आभा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद, सम्पादक, (२०५८), **नेपाली बृहत् शब्दकोश,** पाँचौ संस्करण, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पोखरेल, भानुभक्त, (२०४०), **सिद्धान्त र साहित्य**, विराटनगरः विराट प्रकाशन ।

बराल, ईश्वर आदि. सम्पादक, (२०५५),**नेपाली साहित्यकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

मञ्जुल (२०६०),*जुन मुस्कानले छोयो,* **अनुभूतिका थोपाहरू,** काठमाडौँ : सरोज धिताल।

लामिछाने, श्रीधर, (२०६०)प्रकाशकीय,**इतिहासका ज्यूँदा पानाहरू,**काठमाडौः अस्मि प्रकाशन ।

विश्वनाथ, **साहित्यदर्पण,(२०५६),** वाराणसी : कृष्णदास अकादमी ।

शर्मा, मोहनराज, (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम,(२०६३), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**,आठौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

सम, बालकृष्ण, (२०६१),**आगो र पानी**, काठमाडौँ प्रथम संस्करणको “मेरो भन्नु”, प्रकाशक : श्री नयपाल राज्यलक्ष्मी शाह ।

श्रेष्ठ, दुर्गालाल, (२०६८),भूमिका, **तेजोऽसि** काठमाडौँ : आभा प्रकाशन ।